CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२९ पूर्णाङ्क

बालेश्वरको ताम्रपत्रबाट के त्रा चल्ल कहिले राजा भए भन्ने थाहा हुन्छ	१-१०
खस-अभिलेखमा ब र व	११-१३
सोझो डिको भएका लिखतपत्रका फ्याक्सिमिलि	१४-२९
दण्डको तल चिह्न भएका, केही लिखतपत्रको फ्याक्सिमिलि	३०-३६
थबुटोलमा ब्राह्मण	३७-४७
रामविनोदकारिका	४८-५३
माणिग्लाधिपति शिवसिंहको एउटा लिखतपत्र	५४-५८
विश्वराज वैद्यसम्बन्धी अर्को एउटा लिखतपत्र	५९-६२
श्रीनिवास मल्लको एउटा लिखतपत्र	६३-६५
सवभन्दा पहिले प्रचारमा आएको ठ्यासफ़्को विषयमा	६६-८२
वि.सं. १८०८ को ज्योतिःप्रकाश मल्लका पालाको अभिलेख	८३-८६
लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची	८७-९१
आम्दानीखर्चको विवरण	९२-९४

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३२ वर्ष

१ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १२५।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०।-
३.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५०।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*इनेप्ट् स्पेस्इमिन् ?*	२०।-
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५०।-
७.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
८.	*त्रिकोणमिति*	२५।४०
९.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
१०.	*धादिङमा फेला परेका नेपाली कविता*	७५।-
११.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१२.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
१३.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१४.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०।-
१५.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१६.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१७.	*पूर्णिमा* (१-१०,३३ पूर्णाङ्क) फोटोकपीमा	१०००।-
१८.	*पूर्णिमा* (११-३२, ३४-१२९ पूर्णाङ्क)	४४२५।-
१९.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
२०.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
२१.	*रत्नदीप*	२।५०
२२.	*रत्नदीप* १ भाग	१०५।-
२३.	*रत्नदीप* २ भाग	९२।-
२४.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२५.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२६.	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)*	५०।-
२७.	*विश्रान्ति*	८२।-
२८.	*वृत्तशतक*	३।-
२९.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
३०.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
३१.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००।-
३२.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३३.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२१।-
३४.	*ह्वट् डिड् अंशुवर्मन् राइद् ?*	४०।-

* यिनका कुनै कुनै भाग/सङ्ख्या फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९

ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट– www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बालेश्वरको ताम्रपत्रबाट के क्रा चल्ल कहिले राजा भए भन्ने थाहा हुन्छ

– महेशराज पन्त

सवा सय वर्ष भयो, खस राजा क्रा चल्लको कुमाउको प्रसिद्ध बालेश्वरमन्दिरको ताम्रपत्रको अङ्ग्रेजी उल्था छापिएको । मालिक भएका अङ्ग्रेजहरूले हतपति आफ्ना नोकरको नाउँ नलिने चलन भएको त्यस जमानामा एड्विन थामस याट्किन्सनले त्यस ताम्रपत्रको उल्था आफ्नो *हिमालयन् गजिटीअर्* ([१९४१] २०३०:५१६-५१८) मा छपाउँदा त्यो उल्था **कलकत्ताका एक जना पण्डितले गरेको (मेड् बाइ अ क्याल्-कट्टा पन्डिट्)**[१] भनी उल्था गर्नेको नामै नलिई टारेका छन् । सय वर्षभन्दा बढी बितिसक्दा पनि त्यस ताम्रपत्रको मूलपाठ प्रकाशमा आएन र ऐतिहासिकहरूका पुस्तन्पुस्ताले कि त्यही अङ्ग्रेजी उल्थाबाट काम चलायो कि त्यही उल्थाको भाषान्तर गऱ्यो । सौभाग्यवश ७ वर्षअगाडि त्यस ताम्रपत्रको मूलपाठबाट केही अंश कुमाउका ऐतिहासिक राम सिंह (२०५८:३१६-३१७) ले छपाए । उनले त्यो मूलपाठ कसरी कहाँ भेट्टाए, त्यो कुरा उनले खुलाएका छैनन् ।

प्यारिसको सँत्र नासिओनल दे ला रशेर्शे साँतिफिक अर्थात् शास्त्रीय अन्वेषणको राष्ट्रिय केन्द्रकी मारी लकौंत-तिलुइनबाट त्यस ताम्रपत्रको रोमनमा गरिएको पूरै उतार मैले पाएँ । उनले कुमाउविश्वविद्यालयका महेश्वरप्रसाद जोशीबाट त्यो पाएकी रहिछन् । राम सिंहले नै त्यस ताम्रपत्रको सम्पूर्ण अंश महेश्वरप्रसाद जोशीलाई दिएका रहेछन् र त्यसैलाई महेश्वरप्रसाद जोशीले रोमनमा उतारी मारी लकौंत-तिलुइनकहाँ पठाएका रहेछन् । ताम्रपत्रको त्यो उतार त्यस ताम्रपत्रअनुसार जग्गा दान पाउनेका सन्तानहरूको लागि सय वर्ष जतिअगाडि गरिएको हो भन्ने भनाइ महेश्वरप्रसाद जोशीको रहेछ ।

ताम्रपत्रको त्यो उतार निकै अशुद्ध भएकोले त्यति जान्ने मान्छेले त्यो उतारेको देखिँदैन । मूल ताम्रपत्रको अत्तोपत्तो नभइरहेको अवस्थामा नहुने मामाभन्दा कानो मामा निको भन्ने आहानलाई चरितार्थ गर्दै त्यसैबाट भए पनि काम चलाउने विचार गरी तात्कालिक अरू अरू अभिलेखको पनि आधार लिई त्यस अभिलेखको पाठशुद्धि मैले गरैं । यथासमय त्यो पूरा पाठ प्रकाशमा आउन्यैछ ।

---

१. डा. मिलले आफ्नै आँखाले देखी अनुवाद गरेको सो ताम्रपत्र (बालकृष्ण पोखरेल २०५५:५६७), [...] यो ताम्रपत्र मिल महोदयले कलकत्ताको कुनै 'पण्डित' को सहायताले [...] उल्था गराएका थिए (उही:६९४) भनी यस ताम्रपत्रको विषयमा बालकृष्ण पोखरेल लेख्छन् । दोस्रो वाक्यमा प्रमाणको रूपमा एड्विन थामस याट्किन्सनको माथि चर्चा गरिएको पुस्तकको ५१६ पृष्ठ उनी औंल्याउँछन् । त्यस पृष्ठमा खालि **कलकत्ताका एक जना पण्डितले गरेको उल्था गरेको** भनेर मात्र लेखिएको छ, मिलको नामनिशानै छैन । मिलले गरेको उल्था त गोपेश्वरको त्रिशूलको अभिलेखको हो (एड्विन थामस याट्किन्सन [१९४१] २०३०:५१३-५१४) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलेका राजाहरूले बालेश्वरमन्दिरलाई र ब्राह्मणहरूलाई दिएको जग्गा राजा क्रा चल्लले थामिदिएको कुरा बालेश्वरको ताम्रपत्रमा लेखिएको छ।[२] राहुल सांकृत्यायनले आफ्नो *गढ़वाल* (२००९: ११४-११६) मा त्यस ताम्रपत्रको हिन्दी उल्था दिएका छन्। उनले त्यस पुस्तकमा धेरैजसो ठाउँमा अभिलेखको मूलपाठसँगै उल्था दिएका र यस ताम्रपत्रको मूलपाठ भने नदिएकाले मूलपाठ उनले नभेट्टाएको र अन्त कतै छापिएको उल्थाबाट यो उल्था दिएको देखिन गएको छ। आफूले यो उल्था कहाँबाट गरेको वा सारेको हो भन्ने कुराको उल्लेख उनले कतै गरेका छैनन् तापनि एड्विन थामस याट्किन्सनले *हिमालयन् गजिटीअर्*मा दिएको अङ्ग्रेजी उल्थासँग दाँजेर हेर्दा उनले त्यही अङ्ग्रेजी उल्थालाई हिन्दी बनाएको हो भनी भन्न सजिलैसँग सकिन्छ।[३] पछि आफ्नो *कुमाऊँ*मा त्यही उल्था आफूले अघिबाटै *गढ़वाल*मा छापिसकेको कुरा नलेखी कहीँ कहीँ मात्र अलिकति फरक पारेर राहुल सांकृत्यायन (२०१५:६४-६५) ले जस्तोकोतस्तो उतारेका छन्।

शिवप्रसाद डबराल 'चारण'ले आफ्नो *उत्तराखंड का इतिहास* (२०२२:३९८-४००) मा राहुल सांकृत्यायनको *गढ़वाल*बाट क्रा चल्लको सो ताम्रपत्रको त्यही उल्था शब्दशः उतारेका छन्। आफूले त्यो उल्था राहुल सांकृत्यायनको *गढ़वाल*बाट सारेको भन्दा भन्दै याट्किन्सनको पनि शिवप्रसाद डबराल 'चारण'ले नाउँ लिएकाले —**एटकिनसन–उ० राहुल–गढ़वाल, पृ० ८४–८७**[४]— *गढ़वाल*मा दिइएको उल्था याट्किन्सनको

---

२. यस ताम्रपत्रको सम्वद्ध अंशको मूलपाठ र त्यसको उल्था तल ६-७ पृष्ठमा दिइएको छ।

३. कलकत्ताका एक जना पण्डितले गरेको उल्था (एड्विन थामस याट्किन्सन [१९४१] २०३०:५१८) मा **दि असेन्ड्इङ् नोड् इन् एरिईज; यान्ड् द डिसेन्ड्इङ् नोड् इन् साउथ्-ईस्ट्** भएकोमा राहुल सांकृत्यायन (२००९:११६= २०१५:६५) ले **मेषमें असेन्ड्इङ् नोड्**① **और दक्षिणपूर्वमें डिसेन्ड्इङ् नोड्**① लेखेकोलाई अङ्ग्रेजी उल्थालाई नै उनले हिन्दी बनाएका हुन् भन्ने कुराको टड्कारो प्रमाणको रूपमा औँल्याउन सकिन्छ।② अझ कुरा थप्ने हो भने एड्विन थामस याट्किन्सन ([१९४१] २०३०:५१६) कोमा [...] **श्री बालेश्वर, द सोल् रुद्र * * * भट्ट नारायण, अ बेन्गली ब्राह्मण (बङ्गज)** * * * * भएकोमा *गढ़वाल* (राहुल सांकृत्यायन २००९:११५) मा [...] **एक-रुद्र. श्री वालेश्वर③ ००० (के पूजाधिकारी) वंगज ब्राह्मण भट्ट नारायणको** ००० भएको र *कुमाऊँ* (उही २०१५:६४) मा [...] **एकरुद्र श्री वालेश्वर③··· (के पूजाधिकारी) वंगज ब्राह्मण भट्टनारायणको** ··· भएकोले मूलमा भएका, उल्थामा भने छोडिएका पदलाई एड्विन थामस याट्किन्सनले यस्तो * चिह्नले बुझाएकोमा *गढ़वाल*मा यस्तो ० चिह्नले र *कुमाऊँ*मा चाहिँ यस्तो · चिह्नले बुझाई एड्विन थामस याट्किन्सनले छोडेकै ठाउँमा राहुल सांकृत्यायनले पनि छोडेकाले त्यही अङ्ग्रेजी उल्थालाई उनले हिन्दी बनाएको ठहर्छ।

४. शिवप्रसाद डबराल 'चारण' २०२२:३९८ मा २ सङ्ख्याको टिप्पणी। वास्तवमा यो उल्था *गढ़वाल*का ११४-११६ पृष्ठमा छ।

---

① रोमनमा लेखिएका अङ्ग्रेजी शब्दलाई मैले देवनागरी बनाएको।

② हिन्दीमा लेख्नेहरूमध्ये नामुदनामुदमा पर्ने राहुल सांकृत्यायनले व्यवहारमा चलेका राहु र केतुको साटो अङ्ग्रेजी शब्द प्रयोग गरेकाले ज्यौतिषको सामान्य ज्ञान पनि उनमा नभएको झल्किन गएको छ। ज्यौतिषको ज्ञान उनमा नभएको कुराको अर्को प्रमाणको रूपमा कलकत्ताका एक जना पण्डितले गरेको त्यही उल्थामा भएका त्यहीँ ठाउँमा मर्क्युरिइको उल्था शुक्र र भीनस्को उल्था बुध भनी गरेकोवाट पनि स्पष्ट हुन्छ।

③ यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तकमा भएको उल्थाको उल्था हो भन्ने सङ्केत उनले गरेको देखिन्छ । *गढ़वाल* र *उत्तराखंड का इतिहास*मा दिइएका उल्थामा खास फरक के छ भने अघिल्लोमा सबैजसो ठाउँमा विभक्ति जोडिएको छ त पछिल्लोमा चाहिँ आजभोलि चलनचल्तीमा भएको हिन्दी व्याकरणको अनुसरण गरेर विभक्ति जति छुट्ट्याइएको छ ।

राहुल सांकृत्यायनका *गढ़वाल* (२००९:११४-११५) र *कुमाऊँ* (२०१५:६४) तथा शिवप्रसाद डवराल 'चारण'को *उत्तराखंड का इतिहास* (२०२२:३९९) मा क्रा चल्लको त्यस ताम्रपत्रबाट उल्था गरिएको तलको वाक्यले हाम्रो दृष्टि तान्छ –

> **परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीमान् क्राचल्ल देव नरपतिने अपने १६ वें विजयराज्य (=संवत्सर) में अधिकृत क्षेत्रमें हथियारोंसे अपने सारे शत्रुचक्रको परास्त किया और विध्वस्त कीर्तिपुर (कार्तिकेयपुर) के राजाओंको नष्टकर वहां अपना अधिकार स्थापित किया । फिर उसने राजाओं द्वारा प्रदत्त भूमिका निरीक्षण किया, और उन सभीको उनके धनागमके साथ अब परम-वंदनीय एकरुद्र श्री वालेश्वर ००० (के पूजाधिकारी) वंगज ब्राह्मण भट्ट नारायणको ००० योगक्षेमार्थ दान किया।**

यसको नेपालीमा यस्तो अर्थ हुन्छ –

> **परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीमान् क्राचल्ल देव नरपतिले आफ्नो सोह्रौँ विजयराज्य (=संवत्सर) मा [आफ्नो] अधिकारमा ल्याइएको ठाउँमा हतियारहरूले आफ्नो सारा शत्रुचक्रलाई हरायो र ध्वस्त कीर्तिपुर (कार्तिकेयपुर) का राजाहरूको नाश गरेर त्यहाँ आफ्नो अधिकार जमायो । फेरि उसले पहिलेका राजाहरूद्वारा दिइएको जग्गाको निरीक्षण गऱ्यो र ती सबैलाई तिनको आयस्तासँगै परमवन्दनीय एकरुद्र श्रीबालेश्वर · · · (का पुजारी) बङ्गाली ब्राह्मण भट्ट नारायणलाई · · · योगक्षेमको लागि अहिले दान गऱ्यो ।**

यही वाक्यसँग मिल्दोजुल्दो वाक्य एड्विन थामस याट्किन्सनले दिएको अङ्ग्रेजी उल्था ([१९४१] २०३०:५१६)मा यसरी आएको छ –

> **ही वज् [...] इन्टाइटल्ड् द मोस्ट् भेन्अरअब्ल्, द लर्ड् स्यूप्रीम्, यान्ड् ग्रेट् किङ् अफ् किङ्ज्, द प्रस्परस् क्राचल्ल देव, लर्ड् अफ् मेन्, हू, इन् द *विजय राज्य* (रेल्म् अफ् भिक्ट्रि), नाउ इन् हिज् पजेश्अन्, ह्याज् क्रश्ड् द होल् सर्क्ल् अफ् हिज् एन्अमिज् विद् हिज् वोन् आर्म्ज्, यान्ड् ह्याभ्इङ डिस्ट्रइड् द किङ्ज् अफ् द डिमलिश्ड् सिटि अफ् कार्तिपुर, (कार्त्तिकेयपुर) यान्ड् इस्टयाब्लिश्ड आउर् राइट् देर्इन्, इन्स्पेक्ट्इड् द ल्यान्ड्ज् बिक्वीद्ड् बाइ इट्स् फर्मर् किङ्ज्, अल् अफ् ह्विच, विद् देर् रेभ्इन्यूज्, आर् अल् नाउ मेड् ओभर् टु द हाइलि डिजर्भ्इङ अफ् हम्इज् श्री बालेश्वर, द सोल् रुद्र * * * भट्ट नारायण, अ बेन्गली ब्राह्मण (बङ्गज) * * * * *जगीकेभ्यम्* बाइ मीन्ज्**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अफ् दिस् ग्रान्ट् ।

यसको अर्थ यस्तो हन्छ-

परमसंमान्य परमभट्टारक राजाधिराज उपाधि भएका, मौसूफ [...] श्रीमान् क्राचल्ल देव नरपतिबाट अहिले आफ्नो अधिकारमा भएको विजयराज्यमा आफ्नै बाहुलीले आफ्नो सारा शत्रुचक्रलाई दबाइबक्सेको छ तथा भत्काइएको कार्तिपुर (कार्तिकेयपुर) शहरका राजाहरूको नाश गरिबक्सेर र त्यहाँ हाम्रो अधिकारको स्थापना गरिबक्सेर यहाँका पहिलेका राजाहरूले दिएका जगा जाँची ती सबै तिनको आयस्तासहित परमवन्दनीय, एकरुद्र श्रीबालेश्वरलाई, · · · बङ्गाली (वङ्गज) ब्राह्मण भट्ट नारायणलाई · · · *जगीकेभ्यम्* यस सनदद्वारा अहिले बक्स भएको छ ।

अङ्ग्रेजी उल्थामा **विद् हिज् वोन् आर्म्ज्** भएकोमा अभिधेय नबुझ्दा **हथियारोंसे** हुन गएकोबाहेक वालेश्वरको ताम्रपत्रका यी २ थरी उल्थामा एउटा कुरा पूरै फरक छ । त्यो के हो भने हिन्दी उल्थामा क्रा चल्लको सोह्रौँ राज्यवर्ष दिइएको छ, जुन अङ्ग्रेजी उल्थामा छैन । हिन्दी उल्थाको मूल अङ्ग्रेजी उल्था भएको देखिएकोले अङ्ग्रेजी उल्थामा नभएको राज्यवर्ष हिन्दी उल्थामा कसरी आयो भन्ने कुराको खोजी गर्नुपर्ने भएको छ ।

राहुल सांकृत्यायनले आफ्ना *गढ़वाल* (२००९:११४) र *कुमाऊँ* (२०१५:६३) दुवै ग्रन्थमा आफ्नो तर्फबाट लेख्दा भने क्रा चल्लको समय ई.सं. १२२३ मात्र दिएका छन् । बालेश्वरको ताम्रपत्रको मिति शाके ११४५ भएकोले त्यो त त्यस शाकेलाई ई.सं.मा परिवर्तन गरेको मात्र हो (११४५+७८ = ई.सं. १२२३) । आफूले दिएको उल्थाबाट क्रा चल्ल कहिले राजा भए भन्ने कुरा थाहा हुँदा हुँदै पनि त्यसको उपयोग उनले नगरेको यताबाट स्पष्ट हुन्छ ।

शिवप्रसाद डबराल 'चारण' (२०२६:५२०) ले भने वि.सं. १२६४ (ई.सं. १२०७) मा क्रा चल्ल राजा भए भनी लेखेका छन् । उनले बालेश्वरको ताम्रपत्रको मिति शाके ११४५[५] लाई वि.सं. मा (११४५+१३५ = वि.सं. १२८०) र ई.सं. मा (११४५+७८ = ई.सं. १२२३) परिवर्तन गरी आएका वि.सं. १२८० र

५. मैले पाएको पाठमा पूरा तिथिमिति यस्तो छ-

शकनृपतिकाले ११४५ पौषवदिद्वितीयायां चंद्रवासरे पुष्यनक्षत्रे कर्कटगते चन्द्रे धनुषि गते सूर्ये सूर्यपुत्रे च तदनुगते बुधे कन्यागते वसुधागते च जीवे वृश्चिकगते मकरस्थिते शुक्रे मेषे राहुः

कलकत्ताका एक जना पण्डितले गरेको उल्थामा राहुको मात्र होइन, **डिसेन्ड्इङ् नोड् इन् साउथ्-ईस्ट्** लेखिएकोले केतुको स्थिति पनि भएको स्पष्ट छ । यस ताम्रपत्रको मैले पाएको पाठमा भने केतुको स्थितिको बारे केही छैन ।[④] राहुको स्थिति दिएपछि केतुको पनि स्थिति दिने सामान्य चलन भएकोले ताम्रपत्रको पाठ उतार्नेले त्यो छुटाएको हुनु धेरै सम्भव छ । यस विषयमा तज्ज्ञहरूको दृष्टि जानु उचित छ । यसबाहेक कलकत्ताका एक जना पण्डितले गरेको, यस अंशको उल्थामा र मैले पाएको मूलपाठमा कहीँ कहीँ फरक छ ।

④ राम सिंहले छपाएको पाठमा पुष्यनक्षत्रेपछिको अंश छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ई.सं. १२२३ दुवैमा १६ वर्ष घटाई (वि.सं. १२८०-१६ = वि.सं. १२६४, ई.सं. १२२३-१६ = ई.सं. १२०७) वि.सं. १२६४ वा ई.सं. १२०७ देखि क्रा चल्लको राज्य शुरू भयो भनी लेखेका हुन् ।

राहुल सांकृत्यायनका *गढ्वाल* (२००९) र *कुमाऊँ* (२०१५) प्रकाशमा आएपछि खस-मल्लको इतिहासको विषयमा कलम चलाउने, सबैजसो नामी ऐतिहासिकहरूले र त्यस विषयमा साँच्चिकै खोजी गर्नेहरूले सुद्धा क्रा चल्ल वि.सं. १२६४/ई.सं. १२०७ मा राजा भए भनी एक स्वरले लेखेका छन् ।[६] नेपालको इतिहासको गहिरो परिशीलन गर्ने धनवज्र वज्राचार्य[७] र एड्विन थामस याट्किन्सनको पुस्तकवाट आफ्नो एउटा पुस्तकका दुवै संस्करणमा[८] र अर्को एउटा पुस्तकमा[९] पूरै उल्था सार्ने सूर्यमणि अधिकारी[१०] सुद्धा यस विषयमा अपवादमा पर्दैनन् । खालि लूछ्यानो पेतेकले मात्र यस विषयमा शङ्का उठाएका छन्-

---

६. सूर्य विक्रम ज्ञवाली २०१९:४९-५०; सत्यमोहन जोशी २०२८:४३-४४; प्रयागराज शर्मा २०२८/२९:१७,३५,६०;
मोहनवहादुर मल्ल २०३३:१६; पूर्णप्रकाश नेपाल 'यात्री' २०४२:२१-२२; राजाराम सुवेदी २०५४:६१; उही
२०५६:१०६-१०७; उही २०६१:८४; मोहनप्रसाद खनाल २०५५:१०; बालकृष्ण पोखरेल २०५५:५५७, ५६७;
ज्ञानमणि नेपाल २०६२:१७०; रत्नाकर देवकोटा २०६४:७९५-७९६ ।
बालेश्वरको यस ताम्रपत्रको मिति र गोपेश्वरको अभिलेखको मिति कालक्रमको हिसाबले नवाभ्ने गराउन
बालेश्वरको ताम्रपत्रको मिति शाके ११०५ पद्नुपर्छ भनी रामनिवास पाण्डे (२०५४:१२३-१२४) भन्छन् ।
यस्तो भन्दा भन्दै पनि पूर्वसूरिहरूले गरेको गल्ती उनी यसरी दोहऱ्याउँछन्– **क्राचल्ल⁽⁷⁾देव भिजिट्इड् द टेम्प्ल्**
अफ् गड् बलेश्वर⁽⁷⁾ इन् द सिक्स्टीन्थ् यर् अफ् हिज् रूल् (उही:१२४) अर्थात् आफू राजा भएको सोह्रौँ वर्षमा
क्राचल्लदेव बालेश्वरमन्दिरमा आए ।
रामनिवास पाण्डे (उही:१२३) **गोपेश्वरको ताम्रपत्रलाई गोपेश्वरको त्रिशूल** भन्छन् । तर गोपेश्वरको त्रिशूलको
अभिलेखमा मिति छैन (भगवान्लाल इन्द्रजी [१९३८] २०४०/४१:३४५-३४६ र एड्विन थामस याट्किन्सन
[१९४१] २०३०:५१२-५१३ पृष्ठको बीचमा रहेको प्लेट, ५१३-५१४ हेर्नू) । यही गल्ती अरूहरूले पनि गरेका
छन् – शिवप्रसाद डबराल 'चारण' (२०२२:३९७-३९८; २०२६:५१३, ५१६, ५१८), कान्तिप्रसाद नौटियाल
(२०२६:७०), सूर्यमणि अधिकारी (२०४४:अपेन्डिक्स् बी-२ = ६-७; २०५३:अपेन्डिक्स् बी-२ = १६३-१६४;
२०५३ क:२५-२६; २०५६:३२; २०६१:४६), राजाराम सुवेदी (२०५४:६४; २०५६:१०८); बालकृष्ण पोखरेल
(२०५५:५६९, ६९३) ।
राहुल सांकृत्यायनले पहिले अशोक चल्लका २ वटा अभिलेख—एउटा गोपेश्वरको त्रिशूलको र अर्को
बाडाहाटको त्रिशूलको—को मात्र चर्चा (२००९:१११ = २०१५:६१) गरी अनि शाके १११३ को गोपेश्वरको
अभिलेखको र त्रिशूलमा कुँदिएका ती २ अभिलेखको गरी ३ वटा अभिलेखको उल्था (२००९:१११-११२ =
२०१५:६१-६२) दिएकाले उनको लेखाइबाट यो भ्रम परेको हुनु धेरै सम्भव छ ।

७. धनवज्र वज्राचार्य २०२२:१९; २०२८:१६, १८-१९ ।

८. सूर्यमणि अधिकारी २०४४:अपेन्डिक्स् बी-१ = २-६; २०५३:अपेन्डिक्स् बी-१:१५९-१६३ ।

९. उही २०६१: परिशिष्ट ३ संख्या = २०७-२०९ ।

१०. उही २०४३:२, ३; २०४४:३७-४०; २०५३:४८, ५०-५१; २०५३ क:२१, २५; २०५६:३१; २०६०:१०; २०६१:४२, ४३ ।

---

⑦ यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दि अरिज्इनल् स्यान्स्क्रिट् टेक्स्ट् अफ् दिस् इन्स्क्रिप्शन् वज् नेभ्अर् पब्लिश्ड् । यान् इङ्ग्लिश् ट्रान्स्लेशन् इज् फाउन्ड् इन् ई.टी. याट्किन्सन्, *द हिमालयन् डिस्ट्रिक्ट्स् अफ् द नर्थ्-वेस्टर्न् प्रभिन्स्इज् अफ् इन्डिअ,* अलाहबाद् १८८४, २, ५१६-५१८ । [...] अकर्ईइङ् टु आर्. साङ्कृत्यायन, *कुमाओन्,* ६३-६५, दिस् यर् शक ११४५ वज् द सिक्स्टीन्थ् अफ् द रेन् अफ् क्राचल्ल, ह्विच् वुड् इम्प्लाइ द्याट् ही असेन्ड्इड् द थ्रोन् इन् १२०७ । द सेम् स्टेट्मेन्ट् इज् फाउन्ड् इन् आर्. साङ्कृत्यायन, *गरह्वाल्,* ११४-११६, नोन् टु मी ओन्लि थ्रू द क्वोटेशन् इन् वज्राचार्य १९६५, १९ । याट्किन्सन्'ज् ट्रान्स्लेशन् डज् नट् कन्टेन् द रेफ्रन्स् टु द १६थ् यर् अफ् रेन्, यान्ड् वी डू नट् नो वेद्अर् साङ्कृत्यायन'ज् हिन्डी भर्शन् वज् याक्टचुअल्लि मेड् अन् दि अरिज्इनल् इन्स्क्रिप्शन् । एनइहाउ, इट् इज् अड्भिस्एब्ल् नट् टु मेक् यूस् अफ् दिस् पीस् अफ् एभ्इडन्स् ।[11]

यसको अर्थ यस्तो हुन्छ–

यस अभिलेखको मूल संस्कृत पाठ कहिल्यै छापिएन । [यसको] अङ्ग्रेजी उल्था इलाहाबादबाट ई.सं. १८८४ [वि.सं. १९४१] मा छापिएको, एड्विन थामस याट्किन्सनको *द हिमालयन् डिस्ट्रिक्ट्स् अफ् द नर्थ्-वेस्टर्न् प्रभिन्स्इज् अफ् इन्डिअ* [भारतको वायव्यकोणमा रहेका प्रान्तका हिमालय भेकका जिल्ला]को दोस्रो भागका ५१६-५१८ पृष्ठमा भेट्टाइन्छ । [...] राहुल साङ्कृत्यायनको *कुमाउँ*का ६३-६५ पृष्ठअनुसार यो वर्ष शक ११४५ क्राचल्लको सोह्रौँ राज्यवर्ष थियो । यसको मतलब उनी ई.सं. १२०७ [वि.सं. १२६४] मा गद्दी चढे भन्ने हुन्छ । यही कुरा राहुल साङ्कृत्यायनको *गढ्वाल्*का ११४-११६ पृष्ठमा छ, [धनवज्र] वज्राचार्यको ई.सं. १९६५ [वि.सं. २०२२] मा छापिएको [*कर्णालीप्रदेशको इतिहासको एक झलक*]को १९ पृष्ठमा *गढ्वाल्*बाट उद्धरण गरिएकोले मैले थाहा पाएको हुँ । याट्किन्सनको उल्थामा सोह्रौँ राज्यवर्षको कुरा छैन, साङ्कृत्यायनको हिन्दी उल्था मूल अभिलेखको उल्था हो कि होइन भन्ने कुरा हामीलाई थाहा छैन । जे भए पनि प्रमाणको यस हिस्साको उपयोग नगर्नु नै उचित हुन्छ ।

क्रा चल्लको बालेश्वरको ताम्रपत्रमा हामीलाई खायस परेको अंश यसरी आएको छ –

[...] परममहाभट्टारक[12]परमेश्वरमहाराजाधिराजश्रीमत्क्राचल्लदेवनृपतेः परिभुज्यमाने विजयराज्ये[13]

---

११. लूछ्यानो पेतेक २०३७:९० मा १६ सङ्ख्याको टिप्पणी= २०४५:३७३-३७४, १७ सङ्ख्याको टिप्पणी)

१२. मैले कहीँ पनि **परममहाभट्टारक** आएको देखेको छैन (उदाहरणको लागि दीनेशचन्द्र सरकार २०२२ पनि पल्टाउनू) । राहुल सांकृत्यायनको उल्थामा पनि **परमभट्टारक** मात्र छ । यस ताम्रपत्रको राम सिंहले छपाएको र मैले पाएको पाठमा **परममहाभट्टारक** भएकोले **परमभट्टारक** सार्नुपर्नेमा झुक्किँदा यो गल्ती हुन गएको हो कि ।

१३. यस ताम्रपत्रको राम सिंहले छपाएको पाठमा **परिभुज्यमानाय**पछि निकै अंश छोडिएको छ । मैले पाएको पाठमा चाहिँ **परिभुज्यमानाय विजयराज्य** छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निजभुजबलदलितारिः समस्तध्वस्तकर्तृपुरनृपक्षयं कृत्वा [...] पुराराजभिर्दत्ता यावती भूमिः सा सर्वा भूमिर्देवब्राह्मणेभ्यः सपरिकरेभ्यः परमभट्टारकश्रीबालेश्वराय सकलरुद्राय सोपचारलोकाय भट्टनारायणश्रीवङ्गजभट्टजयीकेभ्यः शासनीकृत्य प्रदत्ता

यसको अर्थ यसरी गर्न सकिन्छ –

परममहाभट्टारक परमेश्वर महाराजाधिराज श्रीमान् क्रा चल्लदेव राजाबाट भोग गरिबक्सिरहेको विजय-राज्यमा आफ्नो बाहुबलले शत्रुको दमन गरिबक्सेको [मौसूफद्वारा] ध्वस्त पारिएको सारा कर्तृपुरका राजा[हरू ?]को नाश गरेर [...] पहिलेका राजाहरूले दिएको जति जग्गा थियो; त्यो सबै जग्गा आफ्ना आश्रितसहितका, मन्दिरको आयस्तामा गुजारा गर्ने ब्राह्मणहरूलाई; आफ्ना सेवकहरूसहितका, परमभट्टारक, सकलरुद्र श्रीबालेश्वरलाई [र] भट्ट नारायण र बङ्गाली भट्ट श्रीजयीकलाई [मौसूफबाट] सनद गरीकन बक्स भयो) ।[१४]

राहुल सांकृत्यायनले दिएको, बालेश्वरको ताम्रपत्रको उल्थामा राज्यवर्ष थपिएको रहेछ र त्यस प्रक्षिप्त वर्षलाई वर्षौँसम्म ऐतिहासिकहरूले ताम्रपत्रमै भएको भनी ठानेका रहेछन् भन्ने यतिसम्मका कुराबाट छर्लङ्ग भए पनि कसरी यो थपिन गयो भन्ने कुरा पत्ता लाउन चाहिँ अझै बाँकी छ ।

आफ्नो *गढ़वाल* (२००९:७५-७७, ७९-८१, ८३-८७) मा राहुल सांकृत्यायनले मूलपाठ गाभेका ४ वटै अभिलेखमा विक्रम वा शाके जस्ता, चलनचल्तीमा भएका संवत् नदिई अगाडि **प्रवर्द्धमानविजयराज्यसंवत्सरे** लेखी गद्दीनशीन राजाको राज्यवर्ष दिइएको छ । क्रा चल्लको बालेश्वरको ताम्रपत्रको **विजयराज्य**को अर्थ **संवत्सर** गरी त्यसको अगाडि अङ्क थप्दा यो अनर्थ भएको हुन सक्छ ।

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

एड्विन थामस याट्किन्सन [१९४१] २०३०
= ई.सं. १८८४ (१९४१) मा इलाहाबादबाट नर्थ-वेस्टर्न प्रभ्इन्स्इज यान्ड आउढ गभ्अर्न्मन्ट प्रेसद्वारा प्रकाशित, एड्विन थामस याट्किन्सनको *द हिमालयन् डिस्ट्रिक्ट्स् अफ् द नर्थ-वेस्टर्न् प्रभ्इन्स्इज् अफ् इन्डिआ*[१५] (भारतको वायव्यकोणमा रहेका प्रान्तका,

१४. एड्विन थामस याट्किन्सनको पुस्तकबाट माथि ३-४ पृष्ठमा सारिएको उल्थासँग कहीँ कहीँ मेरो उल्था बाझ्छ–
त्यहाँ **देवब्राह्मणेभ्यः**को अर्थ छुटाइएको छ, विद् देर् रेभ्इन्यूज् अर्थात् तिनको आयस्तासहित भनी **सपरिकरेभ्यः**को अर्थ गरिएको छ **सोपचारलोकाय**को अर्थै छैन र **जयीकेभ्यः** (त्यहाँ **जगीकेभ्यम्** पढिएको)को उल्था नगरी त्यसै छोडिएको छ ।

१५. छोटकरीमा *हिमालयन् गजिटीअर्* भन्ने नाउँले प्रसिद्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हिमालय भेकका जिल्ला) २ भाग। *गजिटीअर्, नर्थ्-वेस्टर्न् प्रभ्इन्स्इज्* (वायव्यकोणका प्रान्तको विवरण) ११ भाग।

यो भाग ई.सं. १९७४ (वि.सं. २०३०) मा दिल्लीबाट कज़्मो पब्लिकेशन्जद्वारा *कुमाओन् हिल्ज्: इट्स् हिस्टरि, जिअग्रफि यान्ड् यान्थ्रोपल्अजि विद् रेफ्रन्स् टु गर्ह्वाल् यान्ड् नेपाल्* (कुमाउको पहाड – यसको इतिहास, भुवनकोष र नृतत्त्व; गढवाल र नेपालको सन्दर्भसहित) भन्ने नाउँले फेरि प्रकाशित।

कान्तिप्रसाद नौटियाल २०२६

= ई.सं. १९६९ (वि.सं. २०२६) मा काशीबाट चौखम्वा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, कान्तिप्रसाद नौटियालको *दि आर्कीअल्अजि अफ् कुमाओन् (इन्क्लूड्इङ् देहरादून्)* (कुमाउको पुरातत्त्व (देहरादूनसमेत))।

ज्ञानमणि नेपाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको माध्यमिक कालको इतिहास*।

दीनेशचन्द्र सरकार २०२२

= ई.सं. १९६६ (वि.सं. २०२२) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *इन्डिअन् इपिग्रफ्इक्ल् ग्लस्अरि* (भारतीय अभिलेखसम्वन्धी शब्दार्थसूची)।

धनवज्र वज्राचार्य २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका १४-२९ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *कर्नालीप्रदेशको इतिहासको एक झलक*।

धनवज्र वज्राचार्य २०२८

= वि.सं. २०२८ मा जुम्लाबाट सामाजिक अध्ययनसमुदायद्वारा प्रकाशित, भीमप्रसाद श्रेष्ठद्वारा सम्पादित, *कर्णाली प्रदेश एक विटो अध्ययन*का ११-६२ पृष्ठमा छापिएको; धनवज्र वज्राचार्यको *कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा*।

पूर्णप्रकाश नेपाल 'यात्री' २०४२

= वि.सं. २०४२ मा विराटनगरवाट प्रतिभापुरष्कार✲[१६]प्रतिष्ठानद्वारा प्रकाशित, पूर्णप्रकाश नेपाल 'यात्री'को *सिजाको ऐतिहासिक रूप-रेखा*।

प्रयागराज शर्मा २०२८/२९

= ई.सं. १९७२ (वि.सं. २०२८/२९) मा प्यारिसबाट सँत्र नासिओनल दे ला रशेर्शे साँतिफिकद्वारा प्रकाशित, *प्रिलिम्इनरि स्टड्इ अफ् दि आर्ट् यान्ड् आर्किटेक्चर् अफ् दि करणाली बेस्न्, वेस्ट् नेपाल्/एत्यूद् प्रेलिमिनेर् स्यूर् ल्'आर्त् ए ल्'आर्कितेक्त्यूर् दु बासाँ द ला करणाली, नेपाल् दे ल्'वेस्त्* (पश्चिम नेपालको कर्णालीप्रस्रवणक्षेत्रको कला र वास्तुको प्राथमिक परिशीलन)।

वालकृष्ण पोखरेल २०५५

= वि.सं. २०५५ मा विराटनगरवाट उदात्त अनुसन्धानअड्डीद्वारा प्रकाशित, वालकृष्ण पोखरेलको *खस जातिको इतिहास (बर्क-कस्सेली पृष्ठभूमिको विशेष परिप्रेक्ष्यमा)*।

भगवान्लाल इन्द्रजी[१९३८] २०४०/४१

= ई.सं. १८८१ (वि.सं. १९३८) मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) १० वर्षका ३४१-३४७ पृष्ठमा छापिएको, भगवान्लाल इन्द्रजीको *यान् इन्स्क्रिप्शन् याट् गया डेट्इड् इन् द यर् १८१३ अफ् बुड्अ'ज् निर्वाण, विद् टू अद्अर्ज् अफ् द सेम् पीरिअड्* (बुद्धको निर्वाणसंवत् १८१३ मा मिति दिइएको, गयामा रहेको अभिलेख; त्यही कालका अरू २ अभिलेखसहित)।

---

१६. यस तालिकामा जहाँ जहाँ यस्तो ✲ चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*दि इन्डिअन् यान्टिक्वरि*को यो भाग ई.सं. १९८४ (वि.सं.२०४०/४१) मा दिल्लीबाट स्वाति पब्लिकेशन्जद्वारा फेरि प्रकाशित ।

मोहनप्रसाद खनाल २०५५

= वि.सं. २०५५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *पश्चिम नेपालका मूर्ति र स्थापत्य* ।

मोहनबहादुर मल्ल २०३३

= वि.सं. २०३३ मा मोहनबहादुर मल्लद्वारा प्रकाशित, उनैको *सिजा इतिहासका डोरेटो* ।

रत्नाकर देवकोटा २०६४

= वि.सं. २०६४ मा काठमाडौंबाट कुमार खड्ग प्राइभेट स्टडिजद्वारा प्रकाशित, रत्नाकर देवकोटाको *बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना* ।

राजाराम सुवेदी २०५४

= वि.सं. २०५४ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, राजाराम सुवेदीको *कर्णाली प्रदेशको मध्यकालीन* इतिहास* ।

राजाराम सुवेदी २०५६

= वि.सं. २०५६ मा भोजपुरबाट रणबहादुर वान्तवाराई र दुर्जकुमार राईद्वारा प्रकाशित, राजाराम सुवेदीको *कर्णाली प्रदेशमा मध्यकालीन* डोटी राज्य*।

राजाराम सुवेदी २०६१

= वि.सं. २०६१ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, राजाराम सुवेदीको *नेपालको तथ्य इतिहास* ।

रामनिवास पाण्डे २०५४

= ई.सं. १९९७ (वि.सं. २०५४) मा नयाँ दिल्लीबाट निरालाद्वारा प्रकाशित, रामनिवास पाण्डेको *मेक्इङ् अफ् मडर्न् नेपाल्: अ स्टइङ् अफ् हिस्टरि, आर्ट् यान्ड् कल्चर् अफ् द प्रिन्सिप्याल्इटिज् अफ् वेस्टर्न् नेपाल्* (नयाँ नेपालको रचना – पश्चिम नेपालका राज्यहरूको इतिहास, कला र संस्कृतिको परिशीलन) ।

राम सिंह २०५८

= ई.सं. २००२ (वि.सं. २०५८) मा नैनीतालबाट पहाड़द्वारा प्रकाशित, राम सिंहको *राग-भाग काली कुमाऊँ* ।

राहुल सांकृत्यायन २००९

= ई.सं. १९५३ (वि.सं. २००९) मा इलाहाबादबाट ला जर्नल प्रेसद्वारा प्रकाशित, राहुल सांकृत्यायनको *हिमालय-परिचय (१) गढ़वाल* ।

राहुल सांकृत्यायन २०१५

= वि.सं. २०१५ मा काशीबाट ज्ञानमण्डलद्वारा प्रकाशित, राहुल सांकृत्यायनको *कुमाऊँ* ।

लूछ्यानो पेतेक २०३७

= ई.सं. १९८० (वि.सं. २०३७) मा वीस्बादनबाट ओत्तो हर्रासोवित्जद्वारा प्रकाशित *सेन्ट्रल् एशियाटिक् जर्नल्* (मध्य एशियासम्बन्धी पत्रिका) २४ वर्षका ८५-१११ पृष्ठमा छापिएको, लूछ्यानो पेतेकको *य-त्स्'ए, गु-गे, पु-रङ् अ न्यू स्टड्इ* (यत्से, गुगे, पुरङ – नयाँ परिशीलन) ।

लूछ्यानो पेतेक २०४५

= ई.सं. १९८८ (वि.सं. २०४५) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्लो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्यन्तेद्वारा प्रकाशित, लूछ्याह्लो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पेतेकको *सिलेक्टइड् पेपर्ज् अन् एशियन् हिस्टरि* (एशियाको इतिहाससम्बन्धी छनौट लेख) का ३६९-३९४ पृष्ठमा छापिएको उनैको *य-त्स्'ए, गु-गे, पु-रङ् अ न्यू स्टड्इ*।

शिवप्रसाद डबराल 'चारण' २०२२

= वि.सं. २०२२ मा गढवालको दोगडाबाट वीर-गाथा-प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल 'चारण' को *उत्तराखंड* का इतिहास* (उत्तराखण्डको इतिहास) १ भाग।

शिवप्रसाद डबराल 'चारण' २०२६

= वि.सं. २०२६ मा गढवालको दोगडाबाट वीर-गाथा-प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल 'चारण' को *उत्तराखंड* का इतिहास* ३ भाग।

सत्यमोहन जोशी २०२८

= वि.सं. २०२८ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति – इतिहास* ।

सूर्यमणि अधिकारी २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण* ।

सूर्यमणि अधिकारी २०४४

= वि.सं. २०४४ मा जयपुरबाट निराला पव्लिकेशन्जद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *द खश किङ्डम्: अ ट्रान्स्-हिमालयन् एम्पाइर् अफ् द मिड्ल् एज्* (खश राज्य – मध्यकालमा हिमालयको वारपार रहेको एउटा साम्राज्य)।

सूर्यमणि अधिकारी २०५३

= ई.सं. १९९७ (वि.सं. २०५३) मा नयाँ दिल्लीबाट निरालाद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *द खश किङ्डम्: अ ट्रान्स्-हिमालयन् एम्पाइर् अफ् द मिड्ल् एज्* पुनःशोधित संस्करण।

सूर्यमणि अधिकारी २०५३ क

= वि.सं. २०५३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *पश्चिम नेपालको खश अधिराज्य* ।

सूर्यमणि अधिकारी २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *नेपाली भाषाको इतिहास* ।

सूर्यमणि अधिकारी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *बाइसे राज्यको इतिहास* ।

सूर्यमणि अधिकारी २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित, सूर्यमणि अधिकारीको *खश साम्राज्यको इतिहास* ।

सूर्य विक्रम ज्ञवाली २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, सूर्य विक्रम ज्ञवालीको *नेपाल उपत्यकाको मध्यकालीन* इतिहास (८७९ ई. देखी १७६८ ई.सम्म)* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खस-अभिलेखमा ब र व

– महेशराज पन्त

प्राचीन कालका अभिलेखमा ब र वको स्पष्ट भेद छुट्टिने भए पनि कालान्तरमा कुनै कुनै भाषा बोल्दा ब र वको भेद नगर्ने प्रथा चलेकोले होला, ती भाषा लेखिने लिपिमा वले नै बको पनि काम गरेको देखिन्छ। वङ्गालमा चलेको लिपिबाट सातौँ शताब्दीदेखि ब हराउन थाल्यो र वबाट नै बको पनि काम लिइन थाल्यो भनी तज्ज्ञहरू भन्छन्।[1] नेवारी लिपिमा लेखिएका लेखमा ब र वको भेद हम्मेसी देखिँदैन तापनि कहीँ कहीँ भेद गर्न खोजेको नभेट्टाइने होइन।[2] यसै गरी भारतवर्षका कुनै कुनै लिपिमा वमा विशेष प्रकारका चिह्न दिई वसँग ब छुट्ट्याउन खोजिएको नदेखिने होइन।[3]

पश्चिम नेपालका खस-अभिलेखहरूमा देवनागरी लिपिको प्रयोग भएको छ तापनि चलनचल्तीको नागरीभन्दा ती अभिलेखको लिपि कहीँ कहीँ फरक देखिने मात्र नभई खुद खस-अभिलेखमै पनि एउटै अक्षर थरी थरीको ढङ्गले लेखिएको नभेट्टिने होइन। नेवारहरूको इतिहास, रहनसहन, नृतत्त्व आदिको दाँजोमा खसहरूका ती ती विषयमा अत्यल्प काम भए पनि त्यतातिरको लिपिमा त नेवारहरूको लिपिको दाँजोमा कामै भएको छैन भने पनि हुन्छ। एकाध जनाले खस-अभिलेखका लिपिको विषयमा यसो आँखा लाए पनि[4] तिनीहरूमा सूक्ष्मेक्षिका नहुँदा खस-अभिलेखमा कहीँ कहीँ ब र वको भेद छुट्ट्याइएको देखिँदा देखिँदै पनि तिनीहरूले त्यस विषयमा केही लेखेका छैनन्। यसैले यस लेखको जन्म हुन गएको हो। प्रसङ्गवश ***पूर्णिमा***को अघिल्लो अङ्कमा यो लेख छाप्ने कुरा लेखेकोले[5] अहिले यो लेख प्रकाशमा ल्याउँदैछु।

आदित्य मल्लको शाके १२३८ (वि.सं. १३७३) मार्गशुक्लद्वादशी बृहस्पतिवारको ताम्रपत्र[6]मा यस्तो भेद मैले देखेसम्म सबभन्दा पहिले आएको छ। कुरा के भने त्यस ताम्रपत्रमा **सपरिवार** (४ पङ्क्तिमा), **यपाव** (५ पङ्क्तिमा) र **सेवां** (६ पङ्क्तिमा) लेख्दा चलनचल्तीको बोलीमा भन्ने हो भने वको पेट चिरेको देखिन्छ। यसपछि तिनै आदित्य मल्लको, शाके १२४३ (वि.सं. १३७८) श्रावण १० को ताम्रपत्रमा[7] **सपरिवार** (१ पङ्क्तिमा), **वास्गावा**

---

१. उदाहरणको लागि राखालदास बनर्जी १९७६:४७, ६४; सुनीतिकुमार चाटुर्ज्या [१९८३] २०३१/३२:§१२४=२२६ र अहमद हसन दानी २०४२:१३० हेर्नू।

२. उदाहरणको लागि महेशराज पन्त २०६४:§६=२१६-२१७ हेर्नू।

३. उदाहरणको लागि सुनीतिकुमार चाटुर्ज्या [१९८३] २०३१/३२:§१२४=२२६ हेर्नू।

४. सत्यमोहन जोशी २०२८:२३, व्रतराज आचार्य २०६४:३६-३७।

५. महेशराज पन्त २०६५:२६३ मा ६ सङ्ख्याको टिप्पणी, २६८।

६. उही छापिन बाँकी:५ सङ्ख्या।

७. उही छापिन बाँकी:८ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ पङ्क्तिमा), **सापरिवारि** (२ पङ्क्तिमा) र **वा छन्** (४ पङ्क्तिमा) लेख्दा **व**को मुन्तिर देब्रेबाट दाहिने झरेको धर्को देखिन्छ। **व**मा लगाएको त्यो धर्को असमिया लिपिको **व ৱ**[८]को मुन्तिर लाग्ने धर्कोसँग तुलनीय छ। अनि पृथ्वी मल्लको, शाके १२७८ (वि.सं. १४१३) श्रावणशुक्लदशमी शुक्रवारको कनकपत्र[९]मा **घलाव** (२१ पङ्क्तिमा) मा र अभय मल्लको शाके १२९८ (वि.सं. १४३३) फाल्गुनशुक्लद्वितीया मङ्गलवारको ताम्रपत्र[१०]मा **नवाखेत्** र **भुवाँका** (दुवै १२ पङ्क्तिमा) लेख्दा आदित्य मल्लको अघिल्लो ताम्रपत्रमा जस्तै **व**को पेट चिरेको भेट्टिएको छ। यस कारण नेवारी र भारतका केही लिपिहरूमा जस्तै पश्चिम नेपालका खस राजाहरूका अभिलेखमा **ब** र **व** छुट्ट्याउन खोजेको प्रमाणित हुन्छ।

---

८. सुनीतिकुमार चाटुर्ज्या [१९८३] २०३१/३२:§१२४ मा २२६ बाट स्क्यान गरेको।

९. महेशराज पन्त छापिन बाँकी:१६ सङ्ख्या।

१०. उही:२१ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

अहमद हसन दानी २०४२

= ई.सं. १९८६ (२०४२) मा नयाँ दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा प्रकाशित, अहमद हसन दानीको *इन्डिअन् प्यालइओग्रफि* ((भारतीय लिपिशास्त्र) भारतीय संस्करण।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका २१०-२४९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थीका २ वटा ताम्रपत्र* ।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २६३-२७० पृष्ठमा छापिएको, महेशराज पन्तको *तास्को वुवा गादह तासकि आमा सुग्रि*।

महेशराज पन्त छापिन वाँकी

= *अ कर्पस् अफ् खस इन्स्क्रिप्शन्ज्* (खस-अभिलेखहरूको सँगालो)।

राखालदास वनर्जी १९७६

= ई.सं. १९१९ (वि.सं. १९७६) मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, राखालदास बनर्जीको *दि अर्इजिन् अफ् द बेन्गली स्क्रिप्ट्* (वङ्गाली लिपिको उत्पत्ति)।

व्रतराज आचार्य २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट त्रि-चन्द्र कलेज घण्टाघर साहित्यसङ्गमद्वारा प्रकाशित *आकुञ्चन* १ वर्ष १ अङ्कका ३३-४० पृष्ठमा छापिएको, व्रतराज आचार्यको *प्राचीन नेपाली लेखनपरम्परा र लेखनपद्धति*।

सत्यमोहन जोशी २०२८

= वि.सं. २०२८ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति–इतिहास* ।

सुनीतिकुमार चाटुर्ज्या [१९८३] २०३१/३२

= ई.सं. १९२६ (वि.सं. १९८३) मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, सुनीतिकुमार चाटुर्ज्याको *दि अर्इजिन् यान्ड् डिभेलअप्मन्ट् अफ् द बेन्गली ल्याङ्ग्विज्* (वङ्गाली भाषाको उत्पत्ति र विकास) १ भाग।
*दि अर्इजिन् यान्ड् डिभेलअप्मन्ट् अफ् द बेन्गली ल्याङ्ग्विज्*को यो भाग ई.सं. १९७० (वि.सं. २०२६/२७) मा लन्डनबाट जार्ज आलेन यान्ड अन्विनद्वारा र ई.सं. १९७५ (वि.सं. २०३१/३२) मा कलकत्ताबाट रूपा यान्ड् कम्पनिद्वारा फेरि प्रकाशित।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका, सोझो डिको भएका लिखतपत्रका फ्याक्सिमिलि

– महेशराज पन्त

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र छपाउँदा त्यस ताम्रपत्रमा प्रयोग भएको डिकोको प्रसङ्गमा यक्ष मल्लको आफ्नै र उनको पालाका लेखमा प्रयोग भएका, थरीथरीका डिकाको विषयमा पनि मैले अलि लामै लेखेको थिएँ ।[१] ताडपत्रमा लेखिएका, सोझो डिको भएका, त्यही समयका, १९ वटा लिखतपत्रका फ्याक्सिमिलि पछि छाप्ने कुरा पनि त्यसै प्रसङ्गमा लेखेको थिएँ ।[२] त्यसैले अहिले त्यस्ता फ्याक्सिमिलि छपाउन लागेको हुँ ।

ती १९ वटै लिखतपत्रको पाठ अन्यत्र छापिइसकेका भए पनि सबै पाठ विश्वसनीय छन् भनी भन्न सकिन्न । खुद म आफैँले छपाएको पाठमा पनि ठाउँठाउँमा सुधार गर्न नसकिने होइन । उदाहरणको लागि यहाँ १ सङ्ख्याको रूपमा फ्याक्सिमिलि दिइएको पत्रकै विषयमा कुरा गरौँ । मैले यस पत्रको पाठ १३ वर्षको बीचमा २ चोटि छपाएँ । पहिलोपटक छाप्दा आफ्नो ज्ञानको कमीले र प्रूफ हेर्दाखेरिको असावधानीले परेका अशुद्धि दोस्रोपटक छाप्दा सच्चिए, तर मूलमा भए जस्तै **उतरदिस**[३] भनी पहिलोपटक छापिएको पाठ दोस्रोपटक **उत्तरदिस**[४] भई छापियो र मूलको **विक्रयत** दुवैपटक **विक्रीयत**[५] भई छापियो ।

उत्साही अन्वेषक वा सरकारिया अनुसन्धाताहरूले पढेका पाठमा त यस्ता गल्ती छ्यासछ्यासती पाइन्छन् र कति गल्ती त अर्थको अनर्थ हुने खालका पनि छन् । उदाहरणको लागि यहाँ ८ सङ्ख्याको रूपमा फ्याक्सिमिलि दिइएको पत्रकै कुरा गरौँ । त्यसमा चापागाउँ अर्थात् **ववा** बुझाउन **व्वाव्वागाम** लेखिएको छ । यो पत्र पहिलोपटक छाप्नेले त्यसलाई **घाघा गाम**[६] र दोस्रोपटक छाप्नेले **बा बा गोम**[७] बनाइदिएका छन् । यहाँ ७ र ८ सङ्ख्याका रूपमा फ्याक्सिमिलि दिइएका पत्र एउटै ताडपत्रमा बीचमा अलिकति ठाउँ छोडी दायाँवायाँ लेखिएका छन् । त्यस ताडपत्रको पछाडि लेखिएको कुरा ती पत्र छाप्ने दुवै जनाले छुटाएका छन् ।[८] अझ अर्को उदाहरण यहाँ १९ सङ्ख्याको रूपमा फ्याक्सिमिलि दिइएको पत्रको

---

१. महेशराज पन्त २०६३:§ २.१=४७-५८ ।

२. उही:२२, ५१-५२ ।

३. उही २०४५:८ = ५ सङ्ख्यामा मूलको २ पङ्क्ति ।

४. उही २०५८:१३२-१३३ = ५ सङ्ख्यामा मूलको २ पङ्क्ति ।

५. उही २०४५:८ = २०५८:१३२-१३३ = ५ सङ्ख्यामा मूलको ३ पङ्क्ति ।

६. पुरुषोत्तम लोचन श्रेष्ठ २०५०:८ = मूलको १ पङ्क्ति ।

७. विनोद राज शर्मा २०५६:६ = ३५ (ख) सङ्ख्यामा मूलको १ पङ्क्ति ।

८. पुरुषोत्तम लोचन श्रेष्ठ २०५०:८ र विनोद राज शर्मा २०५६:६ = ३५ सङ्ख्या हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छापिएको पाठमा पाइन्छ । त्यहाँ त संवत्‌को अङ्कै अशुद्ध पढिएको छ अर्थात् ६०१ पढ्नुपर्नेमा ६०९[९] पढिएको छ । यसैले तिनीहरूले छपाएका पत्र जतिको चाहिँ पाठ पनि यहाँ तत्तत्स्थानमा दिइएको छ ।

१ सङ्ख्या

ने.सं ५५० (वि.सं १४८७) आषाढशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजना[१०]को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/१२ र २२३८/१७

यसको मूलपाठ सबभन्दा पहिले महेशराज पन्त २०४५:८ मा ५ सङ्ख्याको रूपमा छापिएको हो, त्यही पाठको संशोधित रूप उही २०५८:१३२-१३३ पृष्ठमा ५ सङ्ख्याकै रूपमा छापिएको छ ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको प्याक्सिमिलि

१. २. ३. ४.



१. २. ३. ४.



१. २. ३. ४.



२ सङ्ख्या

ने.सं. ५५९ (वि.सं. १४९६) भाद्रशुक्लपञ्चमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/४३

यसको मूलपाठ महेशराज पन्त २०५७:१२-१३ मा १६ सङ्ख्याको रूपमा छापिएको छ ।

---

९. पूर्णरत्न वज्राचार्य २०५०:१११ = मूलको १ पङ्क्ति । यस लिखतपत्रको संवत् ६०१ हो भनी महेशराज पन्त २०६२:५९ मा ४५ सङ्ख्याको टिप्पणीमा लेखिएको छ ।

१०. यस लेखमा आइन्दा यसको लागि ने.ज.ह.ग्र.सं.प. मात्र लेखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.
४.



१.
२.
३.
४.

३ सङ्ख्या

ने.सं. ५६० (वि.सं. १४९६) फाल्गुनशुक्लनवमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/९

यसको मूलपाठ महेशराज पन्त २०५७:१३ मा १७ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.



१.
२.
३.

१.
२.
३.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ५७१ (वि.सं. १५०७) कार्तिककृष्णपञ्चमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/४६

यसको मूलपाठ महेशराज पन्त २०५७:२८ मा ३८ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि





५ सङ्ख्या

ने.सं. ५७७ (वि.सं. १५१४) श्रावणकृष्णदशमी

यसको ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या पत्ता लाउन सकिएन ।

यसको मूलपाठ महेशराज पन्त २०४५ कमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि



६ सङ्ख्या

ने.सं. ५८१ (वि.सं. १५१८) भाद्रकृष्णप्रतिपदा

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/२०

यसको मूलपाठ महेशराज पन्त २०५७ क:१० मा १२ सङ्ख्याको रूपमा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.
४.


१.
२.
३.
४.


७ सङ्ख्या

ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २८२३/१६

यसको मूलपाठ सवभन्दा पहिले पुरुषोत्तम लोचन श्रेष्ठ २०५०:८ मा छापिएको हो, त्यसपछि विनोद राज शर्मा २०५६ मा ३५ (क) सङ्ख्याको रूपमा अप्रकाशित भनी छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



मूलपाठ

१. १ शुभ ॥ श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरसवो ៶៶ सुपिंगामया ៶ झिंपाल मुलमीवो ៶ अभास चोस्यं तया भाषा थ्वते ៶

२. येठंतिगामया ៶ ह्लपचंद मुलमी ៶ श्रीश्रीप्रभु ठाकुरस ៶ सेवास ៶ तस्यं तेमाल ៶ श्रीश्रीप्रभु ठाकुरस ៶ सेवास ៶ म-

३. चोस्यं ៶ ह्लपचंद मुलमी ៶ फनपिं आदिन ៶ परराजस ៶ गेना[११]नों ៶ वंकाले ៶ अगह मोंडि लुं प्लछि १ धारे ៶ थ्व-

---

११. गे र नोंको वीचमा तिनको डिकोको हाराहारीमा यस्तो ▾ चिह्न र तिनै २ अक्षरको वीचमा तिनको खुट्टाभन्दा तल यस्तो ▪ चिह्न दिई पाँचौं पङ्क्तिको शुभ ॥ भन्दा पछाडि खाली ठाउँमा यस्तो x चिह्न दिई ना थपिएको छ। थपिएको त्यस अक्षरपछि फेरि यस्तो ९ चिह्न दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. ते अगह लुं झिंपाल मुलमी ॱ या ॱ कोस सु जोंङननों ॱ काये टेव जुरों ॱ थ्वते भाषाया शाक्षि ॱ अनन्त-

५. राज क्वाठनायक ॥ सम्बत् ५८८ कार्त्तिकवद्धि १० ॥ शुभ ॥

८ सङ्ख्या

ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्णदशमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २८२३/१६

यसको मूलपाठ सवभन्दा पहिले पुरुषोत्तम लोचन श्रेष्ठ २०५०:८ मा छापिएको हो, त्यसपछि विनोद राज शर्मा २०५६:६ मा ३५ (ख) सङ्ख्याको रूपमा अप्रकाशित भनी छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि







मूलपाठ

१. ૨ शुभ ॥ श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरसवो ॱ व्वाव्वागामया ॱ सुनु मुलमीवो ॱ अभास चोस्यं तया भाषा थ्वते ॱ

२. येठंटिगामया ॱ रयवम मुलमी ॱ श्रीश्रीप्रभु ठाकुरस ॱ सेवास ॱ तस्यं तेमाल ॱ श्रीश्रीप्रभु ठाकुरस ॱ सेवास ॱ मचो-

३. स्यं ॱ रयवम मुलमी ॱ फनपिं आदिन ॱ परराजस ॱ गेनानों ॱ वंकाले ॱ अगह मोंडि ॱ लुं प्लछि १ धारे ॱ थ्वते

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. अगह लुं ، सुनु मुलमीया ، कोस ، सु जोंङन नों ، काये टेव जुरों ، थ्वते भाषाया शाक्षि ، अनन्तराज क्वाठ-

५. नायक ॥ सम्वत् ५८८ कार्त्तिकवद्धि १० ॥ शुभ ॥

(पछाडि)

१. ९ मधन वाको खंदा बू

२. खुप्यकया बा खण्डया:

३. प्रसादारपा पतिः ॥

(पछाडि छेउमा)

१. ि[12]

२. गड ॥

(पछाडि छेउमा पछि लेखेको)

भाखापत्र

९ सङ्ख्या

ने.सं. ५९१ (वि.सं. १५२८) श्रावणकृष्णद्वितीया

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/८ र २२३८/२४

यसको मूलपाठ महेशराज पन्त २०५७ क:२४-२५ मा ३१ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



१२. बाइमात्राभन्दा पछाडिका २ अक्षरमा मसी फुलेकोले पढ्न सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० सङ्ख्या

नेसं. ५९३ (वि.सं.१५३०) वैशाखशुक्लसप्तमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/२३ र २२३८/४७

यसको मूलपाठ महेशराज पन्त २०४२:४३ मा १ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि



११ सङ्ख्या

ने.सं. ५९४ (वि.सं. १५३०) फाल्गुन...

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ९२७/१३

यसको मूलपाठ महेशराज पन्त २०५६:११ मा १ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२ सङ्ख्या

ने.सं. ५९४ (वि.सं. १५३१) भाद्रशुक्लद्वादशी बुधवार श्रवणनक्षत्र शोभनयोग सूर्य सिंहराशिमा चन्द्र मकरराशिमा भएको दिन

ने.ज.हृ.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या पीएन् १२/२४

यसको मूलपाठ महेशराज पन्त २०५६ क:४२-४३ मा १ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि







१३ सङ्ख्या

ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लचतुर्दशी सोमवार चित्रानक्षत्र वज्रयोग सूर्य मेषराशिमा चन्द्र तुलाराशिमा भएको दिन

ने.ज.हृ.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २७३९/२९

यसको मूलपाठ महेशराज पन्त २०५७ क:३२-३४ मा ४३ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि[१३]



१३. यस पत्रमा पछाडि लेखिएको अंशको फ्याक्सिमिलि दिन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu









१४ सङ्ख्या

ने.सं. ५९६ (वि.सं. १५३३) भाद्रकृष्णएकादशी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३३/१६

यसको मूलपाठ महेशराज पन्त २०५७ क:३५ मा ४५ सङ्ख्याको रूपमा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.
४.



१.
२.
३.
४.



१५ सङ्ख्या

ने.सं. ५९८ (वि.सं. १५३४) माघकृष्णद्वितीया

राष्ट्रिय अभिलेखालयमा ३८ सङ्ख्याको बट्टामा क्रमसङ्ख्या ५६२ को रूपमा मूल पत्र छ।

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ए ८५६/१०८

यसको मूलपाठ महेशराज पन्त २०५५:४-५ मा ५ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.
४.



१.
२.
३.
४.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६ सङ्ख्या

ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लद्वितीया

राष्ट्रिय अभिलेखालयमा ७१ सङ्ख्याको बट्टामा क्रमसङ्ख्या १०५२ को रूपमा मूल पत्र छ।

यसको मूलपाठ महेशराज पन्त २०५६:११-१२ मा २ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.



१.
२.
३.

१७ सङ्ख्या

ने.सं. ५९८ (वि.सं. १५३४) फाल्गुनशुक्लद्वितीया

राष्ट्रिय अभिलेखालयमा ७१ सङ्ख्याको बट्टामा क्रमसङ्ख्या १०५५ को रूपमा मूल पत्र छ।

यसको मूलपाठ महेशराज पन्त २०५६:१२ मा ३ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



१८ सङ्ख्या

ने.सं. ५९९ (वि.सं. १५३५) माघकृष्णएकादशी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/१८ र २२३८/४०

यसको मूलपाठ महेशराज पन्त २०५०:२० मा ३५ सङ्ख्याको रूपमा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



१.
२.



१९ सङ्ख्या

ने.सं. ६०१ (वि.सं. १५३८) वैशाखकृष्णपञ्चमी

राष्ट्रिय अभिलेखालयमा ३८ सङ्ख्याको बट्टामा क्रमसङ्ख्या ५६० को रूपमा मूल पत्र छ।

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ए ८५६/११७

यसको मूलपाठ पूर्णरत्न वज्राचार्य २०५०:१११ मा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र वीचमा श्री लेखिएको छ।

मूलपाठ[१४]

१. ᳲ श्रीयोऽस्तु ॥ सम्बत् ६०१ वैशाषमंस्य कृष्णपक्षे पंचम्याया तिथो ॥ श्रीथेमिव्यस्यदिवाशिनां क्वथवतोलकै वासत्रव्यं क्वथषाछे यता वास्त्रव्यं ग्रहाकस्य तोयोजुस नामना सकासान्त्र ˎ थंशिवं चन्द्रशि भास ˎ पुत्र सहस नामन[१५] शुकियं शुभर्जमानकं व्यस्ययस्य दि ◎◎◎◎◎[१६]स्य तत गृहे रथ्याया पूर्व्व मंगु{ {छ्चायां} }

...

२. भास भूमे ((पश्चि))[१७]मत् धारापातस्य उर्त्त ˎ समिण अंगनाया पोर्व्वत्त ˎ अमि भास गृहस्य दषिनत एततमधे

---

१४. ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्न महेशराज पन्त २०६०:८-९ अनुसार छन् ।

१५. ताडपत्र मूसाले काटेकोले मनको डिको देखिँदैन ।

१६. स्यभन्दा अगाडिका दुइ अक्षरका तल्लो भागको केही अंश देखिन्छ ।

१७. मभन्दा अगाडिको अक्षरको वाइमात्राको यस्तो ^ भाग देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यितछेया पात्रलभू यिकुलि क्वन ૨ लकनसहित थ्वते भू क्रयपत्र नामसंधेयं ૨ ततगृहे धारापादस्य पलालपक्षसंछिनो नवहिरि दुवारा गृन शिधुनिस्थान जक्षनकूपमागस्य पूर्व्व परिस्वधनि[१८] {{यं}} ... {{त}}-

३. था संचारानर्घेण्ण शुवर्ण्णमुलमादाय क्रयविक्रियस्वाहादिनेन कन्याज्येन तव्य नान्य व्रत्रयर्त्त भवस्ती ॥[१९] जत स्या देविकराज्यकव्याघात द्वा काले धार्ण्णकर्ण्ण परिसोधनियं ॥ तलपतरहित ९ थ्वतेया दृष्टसाषि बंदेगाम हिदचंदजुस ९ लिषित अमितराज ◎◎[२०] ॥ ◎[२१] ...

यो लेख तयार गर्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताका नाउँको वर्णक्रमअनुसारको तालिका[२२]

पुरुषोत्तम लोचन श्रेष्ठ २०५०

= ई.सं. १९९३ (वि.सं. २०५०) मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १३ वर्ष ३ अङ्कको नेपाली खण्डका ७-१० पृष्ठमा छापिएको, पुरुषोत्तम लोचन श्रेष्ठको *भक्तपुरका केही अप्रकाशित ताडपत्रहरू र फार्खती पत्रहरू*।

पूर्णरत्न वज्राचार्य २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा संस्कृति तथा समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ११ अङ्कका ११०-११८ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमि सम्बन्धी ताडपत्र तमसुक*।

महेशराज पन्त २०४२

= वि.सं. २०४२ मा प्रकाशित *पूर्णिमा* ६७ पूर्णाङ्कका ४२-४६ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लले गरिदिएका दुइवटा ताडपत्र*।

महेशराज पन्त २०४५

= वि.सं. २०४५ मा प्रकाशित *पूर्णिमा* ७५ पूर्णाङ्कका ५-११ पृष्ठमा छापिएको, महेशराज पन्तको *कसाहीसम्बन्धी, ताडपत्रमा लेखिएका दशवटा लिखतपत्र (वि.सं. १३९१, १३९४, १४२९, १४८२, १४८७, १६३४, १६७४, १६७७, १७८५, १८२१)*।

महेशराज पन्त २०४५ क

= *पूर्णिमा* ७५ पूर्णाङ्कका १२-१३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नियोगीसम्बन्धी थप लिखतपत्र*।

---

१८. ताडपत्र मूसाले काटेकोले निको सामैको तल्लो भाग देखिँदैन ।

१९. तेस्रो पङ्क्तिको **भवस्ती**को भको तल खाली ठाउँमा यस्तो X चिह्न दिई त्यसपछि अलिकति ठाउँ छोडी **दथ्वतोल** थपिएको छ । थपिएका ती अक्षर **जत स्या**को **स्या**को तलसम्म पुगेको छ । थपिएका ती अक्षरपछि फेरि अर्को त्यस्तै चिह्न दिइएको छ । **द** र **थ्व**को बीचमा तिनको खुट्टाभन्दा तल ती अक्षर कहाँ थप्ने हो त्यो जनाउन लेखिएको अङ्कको तल्लो भाग च्यातिएर गएकोले त्यो अङ्क २ हो कि ३ हो ठम्याउन सकिएन । यस खण्डित ताडपत्रमा कतै पनि यहाँनिर थप्ने भनी जनाउन चिह्न नदिइएकोले थपिएका ती अक्षरको प्रसङ्ग मिलाउन सकिएन ।

२०. जभन्दा पछाडिका दुइ अक्षरका माथिल्लो भाग देखिन्छन् ।

२१. ॥ भन्दा पछाडिको अक्षरको माथिल्लो भागको केही अंश देखिन्छ ।

२२. माइक्रोफिल्मको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५०
= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ९-४० पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५५
= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र*।

महेशराज पन्त २०५६
= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका ११-१२ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लका, अहिलेसम्म प्रकाशमा नआएका, ३ वटा ताडपत्र*।

महेशराज पन्त २०५६ क
= *पूर्णिमा* ९७ पूर्णाङ्कका ४२-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – ताडपत्रमा लेखिएका १३ वटा थप लिखतपत्र*।

महेशराज पन्त २०५७
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र*।

महेशराज पन्त २०५७ क
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र*।

महेशराज पन्त २०५८
= वि.सं. २०५८ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित; चित्तरञ्जन नेपाली, दिनेशराज पन्त, तुलसीराम वैद्य, त्रिरत्न मानन्धर र गोविन्द टण्डनद्वारा सम्पादित *नेपालको इतिहासका विविध पक्ष*का १२४-१३६ पृष्ठमा छापिएको महेशराज पन्तको *नियोगी जातिको पहिचान*।

महेशराज पन्त २०६०
= वि.सं.. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ८-२९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ग्रहण लागेको दिनका ११ वटा दत्तपत्र*।

महेशराज पन्त २०६२
= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११९ पूर्णाङ्कका ४५-७० पृष्ठमा छापिएको, महेशराज पन्तको[२३] *यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका पत्रको सूची*।

महेशराज पन्त २०६३
= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*।

विनोद राज शर्मा २०५६
= वि.सं. २०५६ मा भक्तपुरवाट सुथांद्वारा प्रकाशित, *पासूका* (पञ्चसूत्रिका) ३ वर्ष ९ अङ्कको ६ पृष्ठमा छापिएको, विनोद राज शर्माको *केही अप्रकाशित ताडपत्रहरु*।

---

२३. यसमा सहायक राजेश आचार्य र ज्ञानबहादुर के.सी. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताडपत्रमा लेखिएका, दण्डको तल चिह्न भएका, केही लिखतपत्रको फ्याक्सिमिलि

– महेशराज पन्त

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र छपाउँदा त्यस ताम्रपत्रमा प्रयोग भएका, थरीथरीका विरामचिह्नको प्रसङ्गमा त्यस्ता चिह्नको विषयमा पनि मैले केही लेखेको थिएँ ।[1] ताडपत्रमा लेखिएका, दण्डको तल चिह्न भएका, केही लिखतपत्रका फ्याक्सिमिलि पछि छाप्ने कुरा पनि त्यसै प्रसङ्गमा लेखेको थिएँ ।[2] त्यसैले अहिले अन्त फ्याक्सिमिलि नछापिएका, त्यस्ता ८ वटा लिखतपत्रको फ्याक्सिमिलि छपाउन लागेको हुँ र अन्त छापिइसकेका २ वटा फ्याक्सिमिलिचाहिँ कहाँ छापिएका हुन्, त्यो तल खुलाएको छु ।

साधारण दण्डको बायाँपट्टि बीचतिर यस्तो चोसो निकालिएको दण्डको बायाँपट्टिबाट[3] छड्के आएको यस्तो धर्को त्यस दण्डको खुट्टामा जोडिन जोडिन खोजेको वा ठचाम्मै जोडिई बनेको यस्तो विरामचिह्न संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा ठाउँठाउँमा आएको छ ।[4] साधारण दण्डको बायाँपट्टि बीचतिर यस्तो चोसो निकालिएको दण्डको बायाँपट्टिबाट छड्के आएको यस्तो धर्को त्यस दण्डको खुट्टाभन्दा तल गई बनेको यस्तो विरामचिह्न नेवारी लिपिका लिखतमा अन्यत्र आएको देखिएको छ । त्यसरी आएको धर्को मूल दण्डसँग जोडिएको छैन । त्यस्तो दण्ड तल चर्चा गरिएको १ सङ्ख्याको लिखतपत्रको १ पङ्क्तिको दोस्रो दण्डमा र २ पङ्क्तिको पहिलो दण्डमा, ४ सङ्ख्याको ३ पङ्क्तिको तेस्रो दण्डमा, ५ सङ्ख्याको ४ पङ्क्तिका तेस्रो र पाँचौंदेखि एघाह्रौंसम्मका दण्डमा, ६ सङ्ख्याको ४ पङ्क्तिको दोस्रो दण्डमा, ७ सङ्ख्याको १ पङ्क्तिको चारौं दण्डमा, ८ सङ्ख्याको २ पङ्क्तिको पहिलो दण्डमा, १० सङ्ख्याको २ पङ्क्तिको पहिलो दण्डमा देखिएको छ ।

२ सङ्ख्याको लिखतपत्रको १ पङ्क्तिमा २ वटा दण्ड दिँदा दायाँपट्टिको दण्डको पछाडि यस्तो धर्को दिई त्यस दण्डको खुट्टाभन्दा तल गई बनेको यस्तो विरामचिह्न २ पटक आएको छ । त्यही लिखतपत्रको २ पङ्क्तिमा भने २ वटा दण्डको तल अगाडि वा पछाडि कुनै चिह्न हालिएको छैन । ३ सङ्ख्याको लिखतपत्रको ५ पङ्क्तिमा चाहिँ दायाँबाट बायाँपट्टि आएको यस्तो धर्को दिई बनेको यस्तो विरामचिह्न छ । ९ सङ्ख्याको लिखतपत्रमा २ ठाउँमा (१ र २ पङ्क्तिमा) २ वटा दण्ड दिँदा बायाँपट्टिको दण्डको तल्लो

---

१. महेशराज पन्त २०६३:§ २.२=५८-६१ ।

२. उही:२२, ६०-६१ ।

३. **बायाँपट्टिबाट** लेख्नुपर्नेमा म अन्त (उही:५८) भ्रमवश **दायाँपट्टिबाट** भनी लेख्न पुगेको थिएँ ।

४. उही २०६३ क:§ ४ = ३-५ मा मूलका ९, १०, ११①, १२①, १३①, १४①, १७① र २१ पङ्क्तिमा ।

---

① यस पङ्क्तिमा २ पटक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भागमा यस्तो \ छड्के धर्को दिई यस्तो ॥ विरामचिह्न छ त १ ठाउँमा (१ पङ्क्तिमा) चाहिँ २ वटा दण्डको तल अगाडि वा पछाडि कुनै चिह्न हालिएको छैन ।

१ सङ्ख्या

ने.सं. ५१८ (वि.सं. १४५५) आषाढशुक्लद्वितीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजना[५]को माइक्रोफिल्मको रीलसङ्ख्या ई २०९५/३० र एच् १७५/४

यसको मूलपाठ महेशराज पन्त २०५६ क.९-१० मा १२ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



२ सङ्ख्या

ने.सं. ५२० (वि.सं. १४५७) चैत्रकृष्णसप्तमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २०३२/२२

यसको मूलपाठ महेशराज पन्त २०५६ क.११-१२ मा १५ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.


१.
२.


१.
२.


१.
२.


५. यस लेखमा आइन्दा यसको लागि ने.ज.ह.ग्र.सं.प. मात्र लेखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ५३३ (वि.सं. १४७०) ज्येष्ठकृष्णाचतुर्दशी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २०९५/१५ र एच १७५/३९

यसको मूलपाठ महेशराज पन्त २०५७:१२-१३ मा १३ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



४ सङ्ख्या

ने.सं. ५७९ (वि.सं. १५१५) फाल्गुनकृष्णदशमी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/३२

यसको मूलपाठ महेशराज पन्त २०५७ कः५-६ मा ८ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१.
२.
३.





५ सङ्ख्या

ने.सं. ५९६ (वि.सं. १५३३) चैत्रशुक्लचतुर्दशी चित्रानक्षत्र वज्रयोग सोमवार सूर्य मेषराशिमा चन्द्र तुलाराशिमा भएको दिन

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २७३९/२९

यसको मूलपाठ महेशराज पन्त २०५७ क:३२-३४ मा ४३ सङ्ख्याको रूपमा र फ्याक्सिमिलिचाहिँ महेशराज पन्त २०६६:२२-२३ मा १३ सङ्ख्याको रूपमा छापिएको छ।

६ सङ्ख्या

ने.सं. ६०५ (वि.सं. १५४२) वैशाखकृष्णाद्वितीया

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३५/१०

यसको मूलपाठ महेशराज पन्त २०६०:६-७ मा ६ सङ्ख्याको रूपमा छापिएको छ।

१.
२.
३.
४.



१.
२.
३.
४.



१.
२.
३.
४.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

ने.सं. ६०५ (वि.सं. १५४२) श्रावणकृष्णद्वितीया

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई ४७०/१

यसको मूलपाठ महेशराज पन्त २०६०:७-८ मा ७ सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

१.
२.
३.
४.



१.
२.
३.
४.



१.
२.
३.
४.





८ सङ्ख्या

ने.सं. ६२६ (वि.सं. १५६३) चैत्रकृष्णप्रतिपदा

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २६८२/१०

यसको मूलपाठ महेशराज पन्त २०६० क:२७-२८ मा १० सङ्ख्याको रूपमा छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



९ सङ्ख्या

ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णात्रयोदशी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई २४१३/३७

यसको मूलपाठ महेशराज पन्त २०५६:१९ मा १० सङ्ख्याको रूपमा छापिएको छ।

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० सङ्ख्या

ने.सं. ७२४ (वि.सं. १६६१) भाद्रकृष्णद्वादशी

ने.ज.ह.ग्र.सं.प.को माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६८/२९

यसका फ्याक्सिमिलि र मूलपाठ महेशराज पन्त २०६० ख:२१-२२ मा ८ सङ्ख्याको रूपमा छापिएको छ।

यो लेख लेख्दा काम लिइएका कृतिको

छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका १३-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *भक्तपुरका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ४६ वटा लिखतपत्र (वि.सं. १५४७-१६९०)* ।

महेशराज पन्त २०५६ क

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४३९ देखि १४६० सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, २० वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४६३ देखि १४८६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ३८ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका १-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १५१२ देखि १५३६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५३६ देखि १५५६ सम्मका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १४ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६० क

= *पूर्णिमा* १०८ पूर्णाङ्कका १६-३५ पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंहभन्दा अगाडिका, पाटनका शासकसँग सम्बद्ध, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६० ख

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११२ पूर्णाङ्कका ११-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *फर्पिङका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६३ क

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६६

= *पूर्णिमा*को यही पूर्णाङ्कका १४-२९ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका, सोझो डिको भएका लिखतपत्रका फ्याक्सिमिलि* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थबुटोलमा ब्राह्मण

– महेशराज पन्त

*पूर्णिमा*को अघिल्लो अङ्कमा छापिएका, सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्रमध्ये एउटामा थंबुका ब्राह्मणको प्रसङ्ग आएकोले यो लेख लेखिएको हो र यो लेख छाप्ने कुरा पनि त्यसै वेला मैले गरेको हुँ।[१] पाटन शहरको दक्षिणी भागमा पर्ने, अहिले गाबहालटोलको इलाका जस्तो हुन गएको थबुटोलमा **ब्राह्मणहरूको बसोबास भएको कुरा कमसेकम वि.सं. १४७५ यताका लेखबाट स्पष्ट भएको कुराको सम्झना यस प्रसङ्गमा** हुन्छ[२] भनेर पनि त्यसै वेला मैले लेखेको थिएँ। त्यो लेख्दा धर्म मल्लको पालाको, ने.सं. ५२३ (वि.सं. १४६०) वैशाखकृष्णदशमीको, थबुको शिलापत्र[३]लाई मैले बिर्सेको थिइनँ। त्यस शिलापत्रमा थंबुको अग्निशाला, त्यसको जीर्णोद्धार र अग्निहोत्रको चर्चा आए पनि कुरा त्यति स्पष्ट नभएकोले[४] **कमसेकम वि.सं. १४७५ यताका** भनी मैले लेखेको हुँ[५]।

१. महेशराज पन्त २०६५:२७६-२७७, २७९।

२. उही:२७६।

३. डिल्लीरमण रेग्मी २०२३, १ खण्ड:४०-४१ मा ३९ सङ्ख्या = योगेश राज २०५७:३ मा ८ सङ्ख्या।

४. यस शिलापत्रमा एक ठाउँमा डिल्लीरमण रेग्मीको पाठअनुसार **गणाधिप श्रीदक्षिणदिग थंवु श्रीब्रह्मपूरिस्थाने … र थ्वदिनकोन्हु प्रतिष्ठायाङाजुर ॥ … मूर्त्य … यश्रीज ……… कजुस ॥ यजमानमूर्त्यङ्ग अग्निहोत्र … कश्री … ॥ थ्वते थानसमूहन … ल्होङाजु ॥ ……… अग्निशालाश थोंङता ॥** छ। यस शिलापत्रको राष्ट्रिय अभिलेखालयमा रहेको रबिङबाट योगेश राजले पढेको पाठअनुसार **श्री मंणि[①]गलाधिप श्री दक्षिण विहार थंवु श्री व्रम्हपुरि स्थाने स्थित कूप जीर्णोद्धार थ्व दिन कोन्हु प्रतिष्ठा याङा जव्वं ॥ द्विजवर मूर्त्यङ्गआचार्य श्री जयप्रकजुस ॥ यजमानमूर्त्यङ्ग अग्निहोत्र नायक श्री .. .. जुय ॥ थ्वोत्ये थान समूह स सेवासर- ल्होङा जुव्वं ॥ ॥ थ्व – ठि -- जुव्वं, ल्यंगव – अग्निशालाश थोंङता ॥** छ। डिल्लीरमण रेग्मीको पाठअनुसार अग्निहोत्री ब्राह्मणको सङ्केत पाइने र योगेश राजको पाठअनुसार त ती अग्निहोत्रीको नाउँ सुद्धा थाहा हुने भए पनि थबुमा ब्राह्मणहरूको बसोबास हुने गरेको कुरा त्यस शिलापत्रवाट स्पष्ट हुँदैन।

यस शिलापत्रको विषयमा मिषायेल भिट्सेल २०४८/४९:७७९ पनि हेर्नू।

मूल शिलापत्र अहिले हराइसकेको छ (ऐश्वर्यधर शर्मा २०४१:२६)।

ऐश्वर्यधर शर्मा (२०४१:२५) ले संवत्का शतस्थानी र दशस्थानी अङ्क नष्ट भइसकेको, अग्निमठको नियम-सम्बन्धी एउटा खण्डित अभिलेख छपाएका छन्। त्यहाँ पनि अग्निहोत्रीको चर्चा छ।

५. संवत्को अङ्क नष्ट भइसकेको, वैशाखशुक्लअष्टमीको एउटा लिखतपत्रमा थंबुका ब्राह्मण जयतराज (मूलमा **जयत्राज**) साक्षी राखिएका छन् (महेशराज पन्त २०५३:२५ मा १० क सङ्ख्या)। ने.सं. ५३५ (वि.सं. १४७२) वैशाखशुक्लपञ्चमीको लिखतपत्रअनुसार एक जना कुमाले (प्रजापति)लाई पैसा सापटी दिने **जयराज मूलमी**

① कहीं कोष्ठवाहिर, कहीँ यस्तो कोष्ठ ( ) र कहीँ यस्तो कोष्ठ [ ] भित्र हालेर योगेश राजले पाठ दिएका छन्। माथि मैले ती कोष्ठको खयाल नराखी योगेश राजले मानेको पाठ दिएको छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जहाँ जहाँ थबुटोलका ब्राह्मणको चर्चा आएको मैले भेट्टाएँ, त्यसको फेहरिस्त अब दिन्छु । मूल लेखमा थबु वा त्योसँगसँगै आएका, त्यसका अङ्गरूपका ठाउँका नाउँ जसरी लेखिएका छन्, त्यसैअनुसार तल दिइएका छन् ।

१. ने.सं. . . . वैशाखशुक्लअष्टमीको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थंबू**का ब्राह्मण जयतराज ।[६]

२. ने.सं. ५३८ (वि.सं. १४७५) आश्विनशुक्लप्रतिपदाको लिखतपत्रमा साक्षी **थंबु बखनिम**[७]का जीवतेज सोमशर्मा[८] ।

३. ने.सं. ५४० (वि.सं. १४७७) वैशाखशुक्लप्रतिपदाको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थंबू बषनिह्मं**का ब्राह्मण विक्रमराज ।[९]

४. ने.सं. ५७५ (वि.सं. १५१२) ज्येष्ठशुक्लसप्तमीको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थंबू**को इनारभन्दा पूर्वपट्टिको इलाका (**वंतानिह्मं**) का ब्राह्मण उह्लास ।[१०]

५. ने.सं. ५८६ (वि.सं. १५२२) मार्गकृष्णअष्टमीको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थंबु यंतमि योता**

(उही २०५०:५४-५५ मा १० सङ्ख्या) र यस लिखतपत्रअनुसार आफ्नी दिदीसँग खेत सट्टापट्टा गर्ने **जयराज मूलमी** एउटै हुन् भन्ने ठहऱ्याई यस लिखतपत्रलाई ने.सं.५३५ वैशाखशुक्लपञ्चमीको त्यस लिखतपत्रपछिको सङ्ख्या दिई मैले प्रकाश गरेँ (उही २०५३:२५ मा १० क सङ्ख्या र त्यहीँ ५ सङ्ख्याको टिप्पणी) । संवत्को अङ्क अहिले नष्ट भइसकेको यस लिखतपत्रमा ब्राह्मण जयतराजको वतन **थंबु** र ने.सं. ५३५ वैशाखशुक्लपञ्चमीको त्यस लिखतपत्रमा जयराज मूलमीको वतन **थंव** भएकोले **थंब** भनेको **थम्बु** भन्ने अर्थ गर्न म पुगेको थिएँ (उही:५ सङ्ख्याको टिप्पणी) । थको माथि जसलाई मैले अनुस्वार ठानेको थिएँ, त्यसको आकार अनुस्वारको जस्तो नभएको र मूल अक्षर र अनुस्वारको बीचमा छोडिने ठाउँमा जति दूरी हुनुपर्थ्यो, त्यति ठाउँभन्दा निकै नै बढी दूरी तिनको बीचमा भएकोले त्यो त ताडपत्रमा परेको प्वाल रहेछ भन्ने अहिले त्यस लिखतपत्रको फोटो हेर्दा मलाई लाग्यो । ब्राह्मण जयतराज **थंबू**का र अब जयराज मूलमी **थव**का ठहरिए पनि यस लिखतपत्रलाई ने.सं. ५३५ ताकाको मात्र भने आपत्ति छैन । संवत्को अङ्क नष्ट भएको यस लिखतपत्रलाई यसरी ने.सं. ५३८ (वि.सं. १४७५) आश्विनशुक्लप्रतिपदाको लिखतपत्रभन्दा ३ वर्षअगाडिको माने पनि खास फरक नपर्ने हुनाले ठोकेर भन्न सकिने समय अर्थात् ने.सं. ५३८ देखि मात्र मैले उठाएको हुँ । यसो भए पनि **थबु**टोलका ब्राह्मणको कुरा आएको पहिलो सामग्रीको रूपमा यस लिखतपत्रलाई तल फेहरिस्तमा राखेको छु ।

६. माथि ५ सङ्ख्याको टिप्पणी हेर्नू ।

७. स्थाननाममा पछाडि आउने **निम/निमं/निह्मं**को अर्थ गर्ने कोशिश योगेश राज (२०५६:७-९,२०५६ क) ले गरेका छन् ।

पूर्णरत्न वज्राचार्य (२०४५:८१) ले **वखनिम**लाई **वसनिम** पढेका छन् । पुरातत्त्वविभाग र यसका शाखाप्रशाखाबाट छापिएका पुस्तकमा यस्ता गल्ती सामान्य हुन् ।

८. उही:८०-८१ ।

९. महेशराज पन्त २०५०: ५५ मा १३ सङ्ख्या ।

१०. उही २०५० क: १२-१३ मा २७ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छें (पश्चिमपट्टिको घर) का जगानन्द उपाध्याय सोमशर्मा ।[११]

६. ने.सं. ६०५ (वि.सं. १५४१) फाल्गुनशुक्लचतुर्दशीको लिखतपत्र[१२]मा साक्षी राखिएकाहरूमा थंबु[१३]को इनार भन्दा पूर्वपट्टि बस्ने ब्राह्मण जसतेज[१४] ।

७. ने.सं. ६०८ (वि.सं. १५४५) आश्विनशुक्लचतुर्दशीको लिखतपत्रमा साक्षी [थंबुको][१५] तुथिषाछेनिह्मका ब्राह्मण लक्ष्मण ।[१६]

८. थंबुको इनारभन्दा पूर्वपट्टिको ब्रह्मपुरी (ब्रह्मपुरो) का ब्राह्मण मेलोदेवलाई त्यहींका, उनका गोतिया ब्राह्मण राजदेवले बारी (**वाटिका**) बेची ने.सं. ६५७ (वि.सं. १५९३) कार्तिकशुक्लद्वितीयाको दिन गरिदिएको लिखतपत्र ।[१७]

९. ने.सं. ६६० (वि.सं. १५९७) वैशाखकृष्णनवमीको लिखतपत्रमा चारकिल्लामध्ये [थंबुको][१८] इनार भन्दा पूर्वपट्टि बस्ने ब्राह्मण लुंगुदेवको खेत (**क्षेत्र**)[१९] ।

१०. थंबुको इनारभन्दा पूर्वपट्टिको ब्रह्मपुरी (ब्रह्मपुरो) का ब्राह्मण लुंगुदेवले ने.सं. ६६५ (वि.सं. १६०१)

---

११. उही:१८ मा ३२ सङ्ख्या ।

१२. पूर्णरत्न वज्राचार्य २०४५:८५-८६ ।

१३. पूर्णरत्न वज्राचार्य (२०४५:८५) ले थंपु पढेका छन् ।

१४. उही । उनले **जसतेज**को **ज** नपढी यस्तो चिह्न ... हालेका छन् ।

१५. साक्षी राखिएका ब्राह्मणको ठेगाना खुलाउँदा मूलमा **तुथिषाछेनिह्म** मात्र लेखिएको छ । यस शब्दको मोटामोटी अर्थ **इनारसँगै घर भएको ठाउँ** भन्ने हुन्छ । यस लिखतपत्रमा ग्राहकको ठेगाना **श्रीथंबु वंथ छेगृह** र वेच्नेको ठेगाना **स यव थाने**② **थंथ्व छे येता गृहः** छ । कुनु शर्माले *कीर्तिपताका* (नरहरिनाथ २०१८:३७, ६४) मा थंबुको बयान ३ श्लोक (२३-२५ श्लोक) मा गर्दा थंबुको इनारको कुरा उनले नछुटाएकाले पनि त्यो इनार ज्यादै प्रसिद्ध थियो भन्ने देखिन्छ । त्यसैले यस लिखतपत्रको अन्त्यमा साक्षीको ठेगाना दिंदा **श्रीथंबु वा स यव थाने** नदोहऱ्याई **तुथिषाछेनिह्म** मात्र लेखी काम चलाइएको देखिन्छ ।

१६. महेशराज पन्त २०५० क: २१-२२ मा ३९ सङ्ख्या ।

१७. हरिराम जोशी २०४०:३३ मा ३ सङ्ख्या ।

१८. मूलमा सँधियार ब्राह्मणको ठेगाना खुलाउँदा **श्रीतुंथि वंता** अर्थात् **श्रीइनारभन्दा पूर्व** मात्र लेखिएको छ । यस लिखतपत्रमा खेत वेच्ने जुन मान्छे छन्, तिनैलाई यिनै लुंगुदेव ब्राह्मणले खेत बेची गरिदिएको, तल लगत्तै चर्चा गरिने (१० सङ्ख्याको), ने.सं. ६६५ (वि.सं. १६०१) मार्गशुक्लचतुर्दशीको लिखतपत्रमा यिनको ठेगाना **श्रीथंबु तुंथि वंता ब्रह्मपूरो** छ । थंबुको इनार ज्यादै प्रसिद्ध भएकोले यस लिखतपत्रमा सँधियारको ठेगाना दिंदा **श्री थम्बु** नदोहऱ्याएर **श्रीतुंथि वंता** मात्र भनेर काम चलाइएको देखिन्छ ।

१९. महेशराज पन्त २०५० क: २९-३० मा ५१ सङ्ख्या ।

---

② त्यही ठाउँमा भन्नुपर्दा शुद्ध संस्कृतको **तस्मिन्नेव स्थाने**को सट्टा आएको नेवार संस्कृत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मार्गशुक्लचतुर्दशीको दिन खेत (क्षेत्र) बेची गरिदिएको लिखतपत्र ।[२०]

११. ने.सं. ६७२ (वि.सं. १६०८) कार्तिकशुक्लसप्तमीको दिन थंबुको इनार[२१]भन्दा पूर्वपट्टिको, ब्राह्मणहरूको प्रसिद्ध घरका ब्राह्मण शिवसिंह[२२]को लागि सारिसिद्धचाएको *नारदस्मृति*[२३] ।

---

२०. उही:३०-३१ मा ५२ सङ्ख्या ।

२१. **कूप** हुनुपर्नेमा **कुप** भएकोको **कु** नपढी जनकलाल वैद्य (२०५८:७५) ले त्यसै छोडेको र रवि शाक्य (२०६५:९२) ले **क्ष** पढेकोले अर्थ नखुलिरहेकोमा दिनेशराज पन्त (२०६५:६ मा ५ सङ्ख्याको टिप्पणी) कोमा त्यो सच्चिएको छ ।

२२. **थ्व सफू ल्हयःम्ह मनू यल थंबु त्वालय् च्वंम्ह दैवज्ञ जीवशंख खः । (यो पुस्तक सार्ने मान्छे पाटन थंबुटोलमा बस्ने दैवज्ञ जीवशङ्ख हुन् ।), [...] यल थंबुइ च्वंम्ह जीवशंखं ल्हयःगु थुगु सफू [...] (पाटन थंबुमा बस्ने जीवशङ्खले सारेको यो पुस्तक)** भनी रवि शाक्य (२०६५:४३, ९२) लेख्छन् । पुस्तक सार्ने मान्छे थंबुमा वस्ने होइन; जसको लागि पुस्तक सारियो, ती **थंबु**मा वस्ने हुन्; पुस्तक सार्ने त **योयकोछें**मा वस्ने हुन् भन्ने कुरा रवि शाक्यले पनि दिएको, पुष्पिका (उही:९२) वाटै वुझिन्छ । संस्कृतलाई अन्यथासिद्ध ठानी नेवारीको गाथा गाउनेहरूका लेखमा यस्ता गल्ती भेट्टाइनु सामान्य हो ।

२३. जनकलाल वैद्य २०५८:७५, रवि शाक्य २०६५:९२ = २२ सङ्ख्या, दिनेशराज पन्त २०६५:५ टिप्पणी । जनकलाल वैद्य, रवि शाक्य र दिनेशराज पन्तले छपाएको पहिलो श्लोक, त्यसपछिको गद्य र तेस्रो श्लोक सवभन्दा पहिले संशोधन-मण्डल (२०२१:१०) मा र त्यसपछि *हाम्रो वक्तव्य* (२०२४:३३७) मा छापिएको हो । त्यही अंश पछि मैले (महेशराज पन्त २०६४:१३३ मा ३० सङ्ख्याको टिप्पणी) छपाउँदा अघिवाटै छापिएको कुरा मैले नसम्भेकोले त्यो छुट्न गएको थियो । जनकलाल वैद्य र दिनेशराज पन्त दुवैले पूर्वसूरिको सन्दर्भ छुटाएका छन् । रवि शाक्यले यस पुस्तकको पुष्पिका जसरी प्रस्तुत गरेका छन्, त्यो हेर्दा उनले नै पहिलोपल्ट त्यो छपाएका हुन् भन्ने भान पर्न सक्छ ।

संशोधन-मण्डलया इतिहासका③**यतय्सं थ्व सफूया नां 'सर्वार्थचिन्तामणि' धकाः उल्लेख यानादीगु खः (संशोधन-मण्डल १०८८:३३६) । तर थ्व सफू नारदसंहिता हे खः, सर्वार्थचिन्तामणि मखु धैगु खँ सफू दुनेया विषयवस्तुया अध्ययन याय्बले सीदु (संशोधन-मण्डलका ऐतिहासिकहरूले यस पुस्तकको नाउँ *सर्वार्थचिन्तामणि* भनी उल्लेख गर्नुभएको छ (संशोधन-मण्डल २०२४**④**:३३६) । तर त्यो पुस्तक *नारदसंहिता* नै हो, *सर्वार्थचिन्तामणि* होइन भन्ने कुरा पुस्तकभित्रको विषयवस्तु पढ्दाखेरि थाहा हुन्छ)** भनी रवि शाक्य (२०६५:४३) ले लेखेकाले खण्डन गर्दाखेरि मात्र उनले संशोधन-मण्डलको नाउँ लिएको स्पष्ट हुन्छ । जनकलाल वैद्य (२०५८:७५) ले यस पुस्तकको नाउँ **नारद धर्म शास्त्र** भनी दिएका छन् । यस पुस्तकको उनले दिएको पुष्पिकामा **इति नारद प्रोक्तायां चौर प्रतिषेधं नाम प्रकरणं समाप्तं** भएकोले स्त्रीलिङ्गी **नारदप्रोक्ता**को विशेष्य नपुंसकलिङ्गी **धर्मशास्त्र** नहुने भएकोले यस पुस्तकको आधिकारिक नाउँ उनले भने जस्तो *नारदधर्मशास्त्र* हुनै सक्दैन । नाउँमा **नारदप्रोक्ता** मात्र आएकोले विशेष्यको ठाउँमा **संहिता** नआई त्यस्तै अर्थ बुझाउने स्त्रीलिङ्गी अरू नै शब्द पनि आउन सक्ने हुनाले यसको आधिकारिक नाउँ *नारदसंहिता* नै हो भनी भन्न पनि सकिँदैन ।

---

③ यस्तै छ ।

④ यो *हाम्रो वक्तव्य* २०२४ हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. ने.सं. ६७८ (वि.सं. १६१५) चैत्रशुक्लद्वितीयाको पाटनका प्रधानमहापात्र मेल्ववर्माहरूको लिखतपत्रमा साक्षी **थम्बु बषनिह्मका** लोकदेव शर्मा ।[२४]

१३. ने.सं. ६७९ (वि.सं. १६१५) चैत्रशुक्लषष्ठीको लिखतपत्रमा साक्षी **थंबु बकनिह्म ब्रह्मपुर** (**ब्रह्मपोलो**)का ब्राह्मण फ्याकदेव ।[२५]

१४. ने.सं. ६८७ (वि.सं. १६२३) माघकृष्णसप्तमीको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थबुको** इनारभन्दा पूर्वपट्टि बस्ने सिंहदेव **ब्राह्मण** ।[२६]

१५. ने.सं. ६९४ (वि.सं. १६३१) श्रावणकृष्णसप्तमीको लिखतपत्रमा साक्षी **थंबटोल** (**°तोर**) **बषनिह्म** (**ब्रह्मपुर ब्रह्मपुरो**) का **ब्राह्मण** फ्याकदेव ।[२७]

१६. ने.सं. ७४९ (वि.सं. १६८६) ज्येष्ठअमावास्याको लिखतपत्रमा साक्षी **[थंबु]**[२८]को इनारभन्दा पूर्वपट्टि बस्ने रघुनाथ शर्मा ।[२९]

१७. ने.सं. ७६० (वि.सं. १६९६) चैत्रशुक्लतृतीयाको लिखतपत्रमा साक्षी राखिएकाहरूमा **थंबुका** दामोदर शर्मा ।[३०]

१८. ने.सं. ७६३ (वि.सं. १७००) आषाढशुक्लतृतीयाको लिखतपत्रमा चारकिल्लामध्ये **थंबुका** गोपीनाथ **ब्राह्मण** र गोविन्दको बारी ।[३१]

१९. ने.सं. ७६५ (वि.सं.१७०१) पौषशुक्लत्रयोदशीउप्रान्त चतुर्दशीको दिन देवराजले लेखिसिद्धचाएको *अग्निशालाया विधि*मा **ब्रह्मपुर थंबुका** नोगल भाजु ब्रह्मा भएको कुरा छ ।[३२]

---

२४. शङ्करमान राजवंशी २०२३:१८-१९ ।

२५ वर्षभन्दा अगाडि अन्यत्र छापिइसकेको यो लिखतपत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:८८-८९) ले फेरि छपाएका छन् ।

२५. महेशराज पन्त २०५० क:३५-३६ मा ६० सङ्ख्या ।

२६. उही:३६-३७ मा ६२ सङ्ख्या ।

२७. उही:३८-३९ मा ६५ सङ्ख्या ।

२८. साक्षी राखिएका ब्राह्मणको ठेगाना खुलाउँदा मूलमा **तुंथि वंता** अर्थात् **इनारभन्दा पूर्व** मात्र लेखिएको छ । यस दानपत्रमा दानपतिको ठेगाना **थंबु तुंथि खाछे ननि** छ । यसको मोटामोटी अर्थ **इनारसँगै घर भएको ठाउँको सानो चोक** भन्ने हुन्छ । थंबुको इनार ज्यादै प्रसिद्ध भएकोले यस लिखतपत्रको अन्त्यमा साक्षीको ठेगाना दिँदा थंबु नदोहऱ्याई **तुंथि वंता** मात्र लेखी काम चलाइएको देखिन्छ ।

२९. महेशराज पन्त २०५० ख:१३-१४ मा ८७ सङ्ख्या ।

३०. उही:१८ मा ९५ सङ्ख्या ।

३१. उही २०६५:२७६-२७७ मा ४ सङ्ख्या ।

३२. हरिराम जोशी २०३९:१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०. ने.सं. ७७२ (वि.सं. १७०९)[३३] चैत्रकृष्णदशमीको दिन कुनू शर्माले रचिसिद्धचाएको *कीर्तिपताका*[३४] (२४ श्लोक) **मा थंबुको बनिह्म**[३५]मा बाहुनहरूका घर छन् भनी लेखिएको छ ।

२१. **थम्बुटोल बखनिह्मं**का विश्वनाथ उपाध्याय शर्मालाई बारी (**वाटिका**) बेची ने.सं. ७७२ (वि.सं. १७०९) वैशाखकृष्णद्वादशीको दिन राजा सिद्धिनरसिंह मल्लले गरिदिएको लिखतपत्र ।[३६]

२२. ने.सं. ७८६ (वि.सं. १७२२) मार्गशुक्लत्रयोदशीको लिखतपत्रमा साक्षी **थंबु बखनिह्मं**का विश्वनाथ उपाध्याय शर्मा ।[३७]

२३. ने.सं. ७८८ (वि.सं. १७२४) कार्तिकशुक्लद्वितीयाको दिन **थंबु बखनिह्मं**का हरिनाथ शर्मालाई खेत (**क्षेत्र**) बेची राजा श्रीनिवास मल्लले गरिदिएको लिखतपत्र ।[३८]

२४. ने.सं. ८०० (वि.सं. १७३७) ज्येष्ठकृष्णचतुर्थीको दिन वंशगोपालमूर्तिको प्रतिष्ठा गरी राखिएको शिलापत्रमा देवप्रतिष्ठा गर्नेहरूमा मुख्य, **थंबु बखनिह्म**[३९]का सुदर्शन उपाध्याय[४०] ।

२५. ने.सं. ८०३ (वि.सं. १७४०) भाद्रकृष्णचतुर्दशीको लिखतपत्रमा चारकिल्लामध्ये **थंबु**का **ब्राह्मण**को खेत ।[४१]

२६. ने.सं. ८०९ (वि.सं. १७४६) वैशाखकृष्णसप्तमीको दिन **थंबु अग्निशाला** (**अग्निसारा**) तलको **दुन्दुननि**को पश्चिमपट्टिको घर (**यन्ता गृह**) मा बस्ने वंशमणि उभ्फा शर्माले आफ्नी छोरी मधुरवाणी **ब्राह्मणी**लाई लेखिदिएको आश्रयपत्र ।[४२]

२७. ने.सं. ८२९ (वि.सं. १७६५) फाल्गुनकृष्णद्वितीयाको दिन **थंबु अग्निशाला**का **ब्राह्मण** माधवगोविन्दले

---

३३. **वि.सं.** १७०९ हुनुपर्नेमा म अन्त (महेशराज पन्त २०४१:१, ९; २०६५:२७६ मा १२ सङ्ख्याको टिप्पणी) १७०८ लेख्न पुगेको थिएँ ।

३४. नरहरिनाथ २०१८:३७, ६४ ।

३५. *कीर्तिपताका*को मैले हेरेको लेखोट पुस्तक (राष्ट्रिय अभिलेखालय पाँचौं लगतको १३८० सङ्ख्या = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजना ए ३७१/१) मा **बनिह्म** पाठ छ । नरहरिनाथ (२०१८) मा **वह्निह्म** छापिएको छ । नरहरिनाथले कुनचाहिँ लेखोट पुस्तकको आधारमा *कीर्तिपताका*को पाठ दिएका हुन्, त्यो उनले खुलाएका छैनन् (महेशराज पन्त २०४१:४) । छन्द मिलाउन र नेवारी शब्दलाई संस्कृत बनाउन **बनि**लाई **वह्नि** गरेको अनुमान हुन्छ ।

३६. महेशराज पन्त २०५० ख:२५ मा १०८ सङ्ख्या ।

३७. उही:३०-३१ मा ११७ सङ्ख्या ।

३८. उही:३२ मा ११९ सङ्ख्या ।

३९. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:१७ मा प्रूफको गल्तीले **बखनिह्म बरवनिह्म** भएको छ ।

४०. उही:१६-१८ ।

४१. महेशराज पन्त २०५० ख:४६ मा १४५ सङ्ख्या ।

४२. शङ्करमान राजवंशी २०४०:१०७ मा ३७ क्रमसंख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सारिसिद्धचाएको *कुशण्डीकर्म*।[४३]

२८. **थंबु अग्निशालातलका बलदेव ब्राह्मण**, उनका छोरा कविराम र विद्यारामले बनाएको, ने.सं. ८३१ (वि.सं. १७६८) चैत्रकृष्ण (पूर्णान्तमानले वैशाखकृष्ण) एकादशीको दिन नचाइएको *सर्वेश्वरोत्पत्तिनृत्य*।[४४]

२९. ने.सं. ८३३ (वि.सं. १७६९) मार्गद्वादशी[४५]को दिन **थंबु अग्निशालाका ब्राह्मण** माधवगोविन्दले सारि-सिद्धचाएको *गायत्रीपूजा*[४६]।

३०. **वीरेश्वर** भाजुको अग्निशालामा प्रवेश भयो; अग्निहोत्री स्वहर्निह्मका भए भने होता ओलानिह्मका, अग्निहोत्री ओलानिह्मका भए भने होता स्वहर्निह्मका, अग्निहोत्री **तुंथिखाछे**[४७]का भए भने होता बकनिह्मका, अग्निहोत्री बकनिह्मका भए भने होता मण्डीछेका हुने इत्यादि नियम बनेको कुरा ने.सं. ८३८ (वि.सं. १७७४/७५) को टिपोटमा छ।[४८]

३१. ने.सं. ८५२ (वि.सं. १७८९) वैशाखशुक्लपञ्चमीको दिन थंबुको तरकारीखेती गर्ने बारी (**व्यञ्जनवाटिका**) बेची गरिदिएको लिखतपत्रमा बारीको चारकिल्लामध्ये त्यहींकै **पूर्णेश्वरी ब्राह्मणीको** पातालजग्गा।[४९]

३२. **थम्बु अग्निशालाको** तल **दथ्वननि यन्ता** गृहका जगद्धर उभ्फा शर्मालाई ने.सं. ८५७ (वि.सं. १७९३) कार्तिकपूर्णिमाको दिन पातालजग्गा दान गरी राजा विष्णु मल्लले गरिदिएको लिखतपत्र।[५०]

३३. ने.सं. ८८८ (वि.सं. १८२४) फाल्गुनकृष्णअष्टमीको दिन थंबुको इनारको पूर्वपट्टिको घरका विष्णुनाथ शर्माले राजा तेजनरसिंह मल्ललाई साक्षी राखी छोरी ज्ञानेश्वरीदेवीलाई लेखिदिएको आश्रयपत्र।[५१]

---

४३. ऐश्वर्यधर शर्मा २०४१:२२।
४४. नयराज पन्त २०१४:१९।
महेशराज पन्त २०६५क: ३२१ मा ९ सङ्ख्याको टिप्पणी।
४५. यहाँ पक्ष दिइएको छैन।
४६. ऐश्वर्यधर शर्मा २०४१:२२।
४७. तुंथिखाछे भनेर टोलको रूपमा विकास भइसकेको, थबुको इनारवरपरको ठाउँलाई भनेको हो। माथि १५ सङ्ख्याको टिप्पणी हेर्नू।
४८. हरिराम जोशी २०३९:१३।
४९. महेशराज पन्त २०५२:१७-१८ मा २६२ सङ्ख्या।
५०. उही:२५ मा २७३ सङ्ख्या।
५१. हेमराज शाक्य र तुलसीराम वैद्य २०२७:५२ मा २४ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका[५२]

ऐश्वर्यधर शर्मा २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट पुष्पाञ्जलि-प्रकाशन-गोष्ठीद्वारा प्रकाशित, ऐश्वर्यधर शर्माको *अगिंमथ:या ऐतिहासिक सामग्री* (अगिनमठको ऐतिहासिक सामग्री)।

जनकलाल वैद्य २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, जनकलाल वैद्यको *राष्ट्रिय अभिलेखालयका नेपालभाषा/नेवारभाषा अभिलेखग्रन्थका वर्णनात्मक सूची*।

डिल्लीरमण रेग्मी २०२३

= वि.सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ३ भाग।

दिनेशराज पन्त २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट कानूनव्यवसायी क्लबद्वारा प्रकाशित, दिनेशराज पन्तद्वारा सम्पादित *न्यायविकासिनी (मानवन्यायशास्त्र)* मा छापिएको, उनैको *वक्तव्य* (१-९ पृष्ठ)[५३]।

नयराज पन्त २०१४

= वि.सं. २०१४ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *जयरत्नाकरनाटक शक्तिवल्लभ अर्ज्याल विरचित*का १-५२ पृष्ठमा छापिएको, नयराज पन्तको *उपोद्घात*।

नरहरिनाथ २०१८

= वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, नरहरिनाथको *श्री कुनु शर्माको कीर्तिपताका*।

पूर्णरत्न वज्राचार्य २०४५

= वि.सं. २०४५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ६ अङ्कका ८०-९९ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही तमसूक-ताडपत्र*।

पूर्णरत्न वज्राचार्य २०४९

= वि.सं. २०४९ मा प्रकाशित *अभिलेख* १० अङ्कका ८७-१२२ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही ताडपत्र-तमसूक*।

---

५२. **रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका** भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यहाँ राखिएको छ। राष्ट्रिय अभिलेखालयमा रहेको *कीर्तिपताका* र त्यसको माइक्रोफिल्मको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन।

५३. त्यहाँ पृष्ठसङ्ख्या दिइएको छैन। *वक्तव्य*को उठानदेखि बैठानसम्मका पृष्ठ गनी पृष्ठसङ्ख्या मैले दिएको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०४१ .

= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६२ पूर्णाङ्कका १-१० पृष्ठमा छापिएको, महेशराज पन्तको *कुनू शर्माको विषयमा थप कुरा*।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५० क

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ९-४० पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५० ख

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १२५-१५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार राज्यमा ब्राह्मण– ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रसम्बन्धी वि.सं. १९७४ वैशाख ३० गतेको फैसला*।

महेशराज पन्त २०६५

= वि.सं २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्र*।

महेशराज पन्त २०६५ क

= *पूर्णिमा* १२८ पूर्णाङ्कका ३२०-३२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र कि महेन्द्र*।

मिषायेल भिट्सेल २०४८/४९

= ई.सं. १९९२ (वि.सं. २०४८/४९) मा लाइडनवाट ई.जे. ब्रिलद्वारा प्रकाशित; ए.डबूल्यू. भान देन हुक, डी.एच.ए. कोल्फ र एम.एस. ऊर्तद्वारा सम्पादित *रिट्युअल, स्टेट् यान्ड् हिस्टरि इन् साउथ एशिआ: एस्एज् इन् अन्अर् अफ् जे.सी. हीस्टरमान्* (दक्षिण एशियामा कर्मकाण्ड, राज्य र इतिहास– जे.सी. हीस्टरमानको सम्मानमा प्रबन्धहरू)का ७७४-८४० पृष्ठमा छापिएको, मिषायेल भिट्सेलको *मीन्इङ्फुल् रिट्युअल्: भेडिक्, मेड्इईभल्, यान्ड् कन्टेम्परि कन्सेप्ट्स् इन् द नेपालीज् अग्निहोत्र रिट्युअल्* (सार्थक कर्मकाण्ड– नेपाली अग्निहोत्रकर्मकाण्डमा वैदिक, मध्यकालिक र सामानकालिक धारणाहरू)।

योगेश राज २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ३ वर्ष ८ अङ्कका ७-९ पृष्ठमा छापिएको, योगेश राजको *युथनिमम्का बारेमा*।

योगेश राज २०५६ क

= वि.सं. २०५६ मा प्रकाशित *पासूका* ३ वर्ष ९ अङ्कका ३-५, ११ पृष्ठमा छापिएको, योगेश राजको *युथनिमम्का बारेमा -२*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगेश राज २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पासूका* ५ वर्ष १ अङ्कका ३-११ पृष्ठमा छापिएको, योगेश राजको *ने.सं. ५००-६०० सम्मका अभिलेख*।

रवि शाक्य २०६५

= ने.सं. ११२८ (वि.सं. २०६५) मा ललितपुरबाट न्हू हिसु पुचःद्वारा प्रकाशित, रवि शाक्यको *यलया महापात्र जुजुपिनि इतिहास* (पाटनका महापात्र राजाहरूको इतिहास)।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भाग।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कका १७-२२ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र*।

शङ्करमान राजवंशी २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित शङ्करमान राजवंशीको *भूमिसम्बन्धि तमसूक ताडपत्र* १ भाग।

संशोधन-मण्डल २०२१

= वि.सं. २०२१ पौष २७ गते, पृथ्वीजयन्तीको दिन काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, उसैको *सावधान–पत्र १४ संख्या*

[ज्ञवालीविषयक ९संख्या]
[ज्ञवालीविषयक १४ पूर्णसंख्या]

ज्ञवालीज्यू! शर्माज्यूलाई रिझाउने प्रयास गर्दा आफूले पहिलो कमाएको यशलाई तपाईं यस बुढेस कालमा गुमाउन लाग्नुभएको छ। तपाईंलाई वा तपाईंका इष्ट शर्माज्यूलाई आफूले लेखेका कुरामा विश्वास छ भने हामीले म्याद दिई शास्त्रार्थको आव्हान गर्दा तपाईंहरू किन मैदानमा उत्रनुहुन्न ?

हरिराम जोशी २०३९[५४]

= ई.सं. १९८३ (वि.सं. २०३९) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिटचुटद्वारा प्रकाशित *रोलम्ब* ३ वर्ष १ अङ्कको नेपाली खण्डका १२-१३ पृष्ठमा छापिएको *इतिहासको कुरा* ।

---

५४. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो त्यहाँ खुलाइएको छैन। यो ग्रन्थ अहिले मेरा एकजना मित्रवरसंग सुरक्षित छ भनी त्यहाँ लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहाँ म भनी जसलाई भनेको हो, तिनी हरिराम जोशी नै हुन् भन्ने ठहऱ्याई उनको नाउँ माथि दिइएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हरिराम जोशी २०४०[५५]

= ई.सं. १९८४ (वि.सं. २०४०) मा प्रकाशित *रोलम्ब* ४ वर्ष १ अङ्कको नेपाली खण्डका ३२-३४ पृष्ठमा छापिएको *इतिहासको कुरा* ।

हाम्रो वक्तव्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १५ पूर्णाङ्कका ३३३-३४४ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

हेमराज शाक्य र तुलसीराम वैद्य २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट तुलसीराम वैद्यद्वारा प्रकाशित, हेमराज शाक्य र तुलसीराम वैद्यको *मेड्इईभल् नेपाल्* (*कल्अफन्ज्*[५६] *यान्ड् इन्स्क्रिप्शन्ज्*) (मध्यकालको नेपाल (पुष्पिकाहरू र अभिलेखहरू)) ।

---

५५. कसले यो सामग्री प्रस्तुत गरेको हो, त्यो त्यहाँ खुलाइएको छैन । [...] यहाँ केही ताडपत्र तमसूकहरू प्रस्तुत गरिएका छन् जुन मेरा एक मित्रको संग्रहमा संगृहीत छन् भनी त्यहाँ लेखिएकोले र त्यस पत्रिकाका सम्पादक हरिराम जोशी भएकाले यहाँ म भनी जसलाई भनेको हो, तिनी हरिराम जोशी नै हुन् भन्ने ठहऱ्याई उनको नाउँ माथि दिइएको हो ।

५६. यस पुस्तकमा कल्अफन्ज्भित्र कल्अफन् अर्थात् पुष्पिका मात्र नराखी टिपोट (१४, १७ सङ्ख्या), लिखतपत्र (१५, १९, २१, २२, २४ सङ्ख्या) र पौभा (१६ सङ्ख्या) पनि राखिएकाले ग्रन्थकारलाई कल्अफन्को अर्थ नलागेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामविनोदकारिका

[धर्मपुर (आजभोलिको गुजरात राज्यको वल्सड जिल्लाको धरमपुर?) का ख्यातनामा ज्योतिषी ग्रन्थकारहरूको कुलमा जन्मेका राम दैवज्ञको करणग्रन्थ *रामविनोद* बडो प्रसिद्ध छ। त्यहाँ लेखेअनुसार राजा रामदासलाई खुशी पार्न त्यो ग्रन्थ तयार पारिएको हो। मुगल बादशाह अकबरको सिंहासनारोहणवर्ष वि.सं. १६१२ देखि चलेको अकबरशक अर्थात् इलाही सन् ३५ (१६१२+३५=१६४७-१३५=) अर्थात् शाके १५१२ *रामविनोद*मा आरम्भवर्ष छ। नेपालमा तयार हुने पात्रामा केही सय वर्षयतादेखि यही *रामविनोद*कै आधारमा ग्रह गन्ने गरिन्छ।

लक्ष्मीपति-नयराजसङ्ग्रहमा *रामविनोदकारिका*का पूरो र अपूरो गरी ३ वटा लेखोट पुस्तक छन्। तिनमध्ये एउटा पुस्तक पहाडिया बाक्लो कागतमा लेखिएको छ। त्यसको १ पत्र मात्र भेटिएको छ। त्यसमा पत्रसङ्ख्या ४ लेखिएको छ र त्यस पत्रमा **पञ्चाङ्गग्रहानयनाधिकार**को सातौँ श्लोकको चौथो वर्णदेखि शुरू भई त्यो **अधिकार** टुङ्गिई अर्को **अधिकार**का अढाइ श्लोक आएका छन्। त्यसमा **ग्रहानयनाधिकार**सम्म छ र त्यसपछि **तिथिवारादितिथिकेन्द्रक्षेपक** छ। अर्कोचाहिँ दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८) का काहिँला भाइ गौरीपतिको सङ्ग्रहको हो। झन् अर्कोचाहिँ लक्ष्मीपति पाँडे वा उनका छोरा, नाति, पनातिको सङ्ग्रहको नभई उनका प्रपौत्र पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००) का दौहित्र पण्डित नयराज पन्त (वि.सं. १९७०-२०५९)को सङ्ग्रहको हो भन्ने अनुमान त्यो पुस्तक निकै नयाँ देखिएकोले हुन्छ। बर्सेनि आफूले पञ्चाङ्गसंशोधन गर्नुपर्ने भएकोले त्यही प्रसङ्गमा पेशेवार लेखकद्वारा लेखाई नयराज पन्तले त्यो पुस्तक सङ्ग्रह गरेको अनुमान हुन्छ। लक्ष्मीपति-नयराजसङ्ग्रहमा रहेको, *रामविनोद*को पुस्तक सार्न वा फोटोकपी गर्न उत्सुक ज्योतिषीहरूलाई उपयोगी होओस् भनी सबभन्दा नयाँ पुस्तकमा भएको जति *रामविनोदकारिका* छपाइँदैछ।

एकापट्टि हरिताल लाएको, हल्का पहेँलो रङ्गको नेपाली पाको कागतमा पाको कालो मसीले[1] देवनागरी लिपिले यो *रामविनोदकारिका* लेखिएको छ। राम्रो र मोटो अक्षरमा लेखिएको यस पुस्तकका १२$\frac{१}{३}$ अङ्गुल लम्बा र ५$\frac{१}{३}$ अङ्गुल चौडा ६ पत्र छन्। पहिलो पत्रको दायाँपट्टिको पृष्ठको बीचमा **रामविनोदकारिका** लेखी त्यो पृष्ठ खाली छोडिएको छ। पहिलो पत्रको बायाँ पृष्ठदेखि सरासर लेखिएको छ र छैटौँ पत्रको बायाँ पृष्ठमा ३ त्यो पङ्क्तिमा टुङ्गिएको छ। त्यस वेलाको चलनअनुसार हरेक पत्रको बायाँ पृष्ठको बायाँ किनारामा पहिलो पङ्क्तिको हाराहारीमा पुस्तकको छोटकरी नाउँ **॥ रामवि.॥** र दोस्रो पङ्क्तिको हाराहारीमा दुइदुइवटा दण्डको बीचमा पत्रसङ्ख्या दिइएको छ तथा दायाँ किनारामा उपान्त्य पङ्क्तिको हाराहारीमा **॥ रामः ॥** लेखी पछिल्लो पङ्क्तिको हाराहारीमा बायाँ किनारामा जस्तै गरी पत्रसङ्ख्या दिइएको छ।

लेखाइ सामान्यतया शुद्धै छ तापनि कहीँ कहीँ अशुद्धि भएकोमा त्यस्तो अशुद्धि नयराज पन्तकै हस्ताक्षरमा सच्चिएको छ। पूरै सच्चिएको भने छैन। तात्कालिक लेखकहरूमा चलेको, अशुद्ध भन्न सकिने लेखाइ भने यसमा पनि प्रशस्त छ। खुलाएर भन्दा परसवर्ण गर्नैपर्नेमा परसवर्ण नगरी **अभिवंद्य, रामचंद्र** जस्तो यहाँ लेखिएको छ,

---

१. दण्ड, लेख भएको भाग र किनारा छुट्ट्याउन पत्रको दायाँबायाँ दुवैपट्टि तानिएका धर्का तथा कोष्ठकमा तानिएका धर्का जति रातो मसीमा छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्लोकको जोडी पाउको अन्त्यमा मकारै लेख्नुपर्ने भए पनि यहाँ त्यसो नगरी अनुस्वार हालिएको छ ।

रेफदेखि व्यञ्जन पर हुँदा कसैले द्वित्व गर्ने, कसैले नगर्ने भए पनि यहाँ धेरैजसोमा द्वित्व नगरिए पनि कहीँ कहीँ द्वित्व गरिएको भेटिन्छ । सन्धि हुँदा अवग्रहको प्रयोग पनि एकनास छैन ।

लेखोट पुस्तकको स्थिति यस्तो भए पनि संस्कृत पुस्तकको सम्पादनमा आजभोलि चलनचल्तीमा भएको रीतिको अनुसरण गरी यसको सम्पादन गरिएको छ ।

– महेशराज पन्त]

[१ ख पत्र] **श्रीमालिकायै नमः ॥ ॥**

श्रीरामाय नमः ॥ ॥

गणपतिमभिवन्द्य श्रीशपादारविन्दस्मरणविदिततत्त्वोऽनन्तजो रामचन्द्रः ॥

अकबरनृपशाकाद् वक्ति पञ्चाङ्गपत्रं ग्रहगतिसमवेतं रामभूपालतुष्ट्यै ॥ १ ॥

सूर्यभूप १६१२ मितविक्रमशाके लब्धवानखिलभूमिपतित्वम् ॥

व्यापयन् निजशकं खलु सम्राड् भात्यसावकबरक्षितिपालः ॥ २ ॥

बाणरामविधु १३५ हीनिते शके विक्रमस्य किल शालिवाहनः ॥

शैलशैलमनु १४७७ भिर्विवर्जितेऽस्मिन्नकब्बरशकाद् गताः समाः ॥ ३ ॥

साहाकब्बरराज्यतो गतसमाः पञ्चाग्नि ३५ हीना गुणै-

र्निघ्नाः क्षे[२ क पत्र]पयुतास्तिथिप्रमुखतो वारादिकेन्द्रं तथा ॥

ऊर्ध्वाङ्कोऽभ्रगुणै ३० स्तिथेर्नगयमै २७ र्भस्याश्वनेत्रै २७ र्युते-

र्वारोऽश्वैः ७ खगुणै ३० स्तथा तिथिभयुक् केन्द्रस्य तष्टस्ततः ॥ ४ ॥

रुद्राः ११ कु १ रीशाः ११ कुयुगानि ४१ खाब्धय ४०

स्तिथेर्गुणो भस्य दिशः १० शशी १ धृतिः १८ ॥

त्रयो ३ दिनेशा १२ श्च युतेर्दिशो १० भू १

र्घना १७ द्विबाणाः ५२ खयुगानि ४० चैव ॥ ५ ॥

क्षेपो गुणाः ३ खं ० नववह्नयो ३९ धृति १८

स्तिथेर्यमौ २ षट् ६ शरबाण ५५ तुल्याः ॥

चन्द्राब्धयो ४१ भस्य युतेर्यमौ २ षट् ६

नगेषवः ५७ क्वब्धि ४१ मितः प्रदिष्टः ॥ ६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सप्ता ७ ङ्गरामा ३६ नगभूमयो १७ ऽब्धि-

बाणा ५४ स्तिथेः के[२ ख पत्र]न्द्रगुणोऽथ भस्य ॥

सप्ता ७ ग्निवेदा ४३ स्त्रिभुवो १३ द्विरामा ३२

युतेर्नग ७ स्त्र्यब्धि ४३ मितं द्वयं २ द्वौ २ ॥ ७ ॥

क्षेपाः कुदस्रा २१ वसुवार्धयो ४८ ऽभ्रं ०

केन्द्रे तिथेर्भस्य धराश्विनो २१ ऽभ्रं ० ॥

वेदाग्नय ३४ श्चाथ युतेः प्रदिष्टो

रूपाश्विनौ २१ द्वौ २ शरवेद ४५ संख्याः ॥ ८ ॥

तिथ्यादिगुणकाः			तिथ्यादिक्षेपकाः			केन्द्रगुणकाः			केन्द्रे क्षेपकाः		
ति	न	यो	ति	न	यो	ति	न	यो	ति	न	यो
११	१०	१०	३	२	२	७	७	७	२१	२१	२१
१	१	१	०	६	६	३६	४३	४३	४८	०	२
११	१८	१७	३९	५५	५७	१७	१३	२	०	३४	४५
४१	३	५२	१८	४१	४१	५४	३२	२	०	०	०
४०	१२	४०	०	०	०						

तक्ष्यः षट्शशिभि १६ र्गताब्दनिचयो लब्धेन गुण्यः शशी १

शून्यं ० नन्दशराः ५९ शराः ५ खयमलाः २० योज्यास्ति[३ व]थौ केन्द्रके ॥

भू १ र्वेद ४ द्वियमा २२ रसा ६ ह्यथ जिनै २४ स्तष्टाब्दतो यत् फलं

तद्घ्ना भू १ पृथिवी १ वियत् ० यमकृताः ४२ सूर्यो १२ विशोध्या भतः ॥ ९ ॥

केन्द्रात् तथैव शशि १ षट् ६ रस ६ दन्त ३२ संख्याः

प्रोक्ता युतेः शशधरो १ गगनं ० रसाक्षाः ५६ ॥

नन्दाश्विनो २९ ऽम्बरकृता ४० श्च युतेस्तु केन्द्रे

भू १ र्भूः १ खवह्नि ३० रदना ३२ श्च विशोधनीयाः ॥ १० ॥

स्वक्षेपकेण सहितं तिथिवासराद्यं

केन्द्रं तथैव विलिखेत् तिथिकोष्ठकेषु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिथ्यादि		वर्षगुणकाः		केन्द्रं च	
ति	तिके	न	नके	यो	योके
१	१	१	१	१	१
०	४	१	६	०	१
५९	२२	०	६	५६	३०
५	६	४२	३२	२९	३२
२०		१२		४०	
ध	ध	ऋ	ऋ	ऋ	ऋ

तारायुतेर्भमितकोष्ठगमूर्धमेकै-

[३ ख पत्र]काढ्यं क्षयं स्वनिजचालकहीनयुक्तम् ॥ ११ ॥

केन्द्रोर्ध्वाधोऽङ्कतस्तुल्यकोष्ठे स्वर्णं घटीफलम् ॥

तेन संस्कृत्य वाराद्यं तिथ्यादेर्घटिकाः स्फुटाः ॥ १२ ॥

उल्लङ्घ्य वारं तिथिरत्र वृद्धा पूर्वे दिने षष्टि ६० घटीमिता स्यात् ॥

एकत्र वारे तिथियुग्ममन्या पूर्वोनिता स्पष्टतरावमाख्या ॥ १३ ॥

यातैष्यैक्यदलं तिथेस्तु करणं तद्भोगतोऽल्पं यदा

तच्छेषं प्रथमं द्वितीयमपरं भोगोऽल्पकश्चेत् तदा ॥

द्वैतीयीकमथोसितात् तिथिगणो द्वि २ घ्नो विरूपो नगै ७

स्तष्टस्तद्भवतो सिताच्च शकुनेर्भूतोत्तरार्धादनु ॥ १४ ॥

अब्दौघतः शैलनखै २०७ र्विनिघ्नात् पुन[४ क पत्र]र्मनु १४ घ्नं गतवर्षवृद्धम् ॥

शराब्धि ४५ भक्तं घटिकादिलब्धयुतान्नभोऽश्व्यग्नि ३२० युताच्च भक्तात् ॥ १५ ॥

खखाष्ट ८०० भिर्लब्धमिताब्दयुक्तं तष्टं नगैः ७ सूर्य १२ मुखोऽब्दपः स्यात् ॥

चरार्धदेशान्तरसंस्कृतश्चेदतिस्फुटोऽयं खचराद् विलोमम् ॥ १६ ॥

संक्रान्तिक्षेपकैर्युक्तो महर्क्षक्षेपकैस्तथा ॥

संक्रान्तयो महर्क्षाणि त्रिंश ३० दिन्द्र १४ दिनान्तरे ॥ १७ ॥

याताब्दा यम २ वर्जिता नग ७ गुणाः शून्याम्बराङ्गै ६०० र्हृता-

भाद्यं लब्धमिताब्दवेददहना ३४ ढ्यं साब्दशक्रेन्दुतः ११४ ॥

दिग् १० भागाप्तकलायुतं प्रभवतोऽब्दाः षष्टि ६० शेषे स्मृताः

शेषांशा रवि[४ ख पत्र]भि १२ र्हता दिनमुखं मेषार्कतः प्राग् भवेत् ॥ १८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामेण यत्नादिह रामदासप्रीत्यै कृते रामविनोदनाम्नि ॥
जल्लालदीन्द्राकबरस्य शाकात् पञ्चाङ्गसिद्धिः परिपूर्तिमागात् ॥ १९ ॥

इति पञ्चाङ्गानयनम् ॥ ॥

अथ ग्रहसारिणी ॥ ॥

भौमस्य कुगुणा ३१ वेदविशिखा ५४ भू १ रसाग्नयः ३६ ॥
बुधस्याङ्काः ९ सप्त ७ सुराः ३३ ख ० मथो पञ्च ५ वह्नयः ३ ॥ १ ॥
क्वग्नयः ३१ खं ० गुरोः शैलरामा ३७ भ्वग्नि ३१ गजेषवः ५८ ॥
वसुवेदाः ४८ सितस्याथ शनेर्द्वौ २ द्वौ २ गजा ८ जिनाः २४ ॥ २ ॥
राहोरङ्गशरा ५६ स्तर्कवेदा ४६ भानि २७ युगेषवः ५४ ॥
समा गुणाः कुजा[५ क पत्र]दीनां खेचराणामिमे मताः ॥ ३ ॥
युगा ४ न्यद्रिवेदाः ४७ खवेदाः ४० शराक्षाः ५५
कुजे भानि २७ सप्ताब्धयः ४७ कुम्भिबाणाः ५८ ॥
इना १२ श्चन्द्रजेऽथो गुरावङ्कदस्राः २९
समुद्रेषवो ५४ ऽक्षीषवो ५२ नागदस्राः २८ ॥ ४ ॥
सिते तूत्कृति २६ स्त्र्यब्धयो ४३ ऽष्टेन्दु १८ सिद्धाः २४
शनौ नन्द ९ तुल्या धृतिः १८ खं ० त्रिवेदाः ४३ ॥
अगावङ्कचन्द्राः १९ समुद्रा ४ रसा ६ श्च
दिशः १० क्षेप एषः स्मृतो नाडिका[५ ख पत्र][२]दिः ॥ ५ ॥

एते भौमादीनां गुणकाः							एते भौमादीनां क्षेपकाः					
मं	बु	बृ	शु	श	रा		मं	बु	बृ	शु	श	रा
३१	९	५	३७	२	५६		४	२७	२९	२६	९	१९
५४	७	३	३१	२	४६		४७	४७	५४	४३	१८	४
१	३३	३१	५८	८	२७		४०	५८	५२	१८	०	६
३६	०	०	४८	२४	५४		५५	१२	२८	२४	४३	१०

२. यसपछि आउने कोष्ठक ५ क पत्रमै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपं १ द्वयं २ नेत्रगुणा ३२ ज्ञबीजं स्वं नाडिकाद्यब्दगणाच्छरागैः ७५ ॥
भक्तात् पलाद्याप्तयुतं तदर्धमस्वं गुरौ तच्छ्रुति ४ भागहीनम् ॥ ६ ॥
शुक्रार्कसून्वोरधनं धनं च राहौ च तद्वेद ४ लवो स्वमुक्तम् ॥
गताः समा वर्षगुणैर्विनिघ्नाः क्षेपैर्युताश्चोपरि षष्टि ६० तष्टाः ॥ ७ ॥
संस्कृत्य बीजैः स्युरिमे कुजादिखेटध्रुवा आदिमिताङ्घटयाम् ॥
स्पष्टा नभोगाः खलु सप्तसप्त ७७ स्वहस्सु वर्षे सकले भवन्ति ॥ ८ ॥
स्पष्टाजसंक्रान्तिसमानकालास्ततोऽवशेषाङ्कहतान्तरेभ्यः ॥
षष्टचा ६० हृताप्तांशकला विलिप्ता सुसंस्कृतास्ते स्फुटतां प्रयान्ति ॥ ९ ॥
अधःस्थिता खेचरभुक्तिरुक्ताव[६ क पत्र]शेषनिघ्नं तदधोऽन्तरं यत् ॥
व्योमर्तु ६० भक्ताप्तसुसंस्कृतोऽयं रविः स्वभुक्तिस्तदधःस्थ एव ॥ १० ॥
घटयाद्यगुस्तर्क ६ गुणो लवादीराश्यादिकोंऽशा गगनाग्नि ३० भक्ताः ॥
ऊनीकृतः सोऽवधिराहुणा स्यात् स राशिषट्कः खलु केतुरेव ॥ ११ ॥
मार्गास्तवक्रोदयवासराः पलैर्निजान्तरघ्नैः खरसै ६० र्विभाजितैः ॥
लब्धैर्विहीना बुधकाव्ययोर्युताः स्पष्टा भवन्त्यार्किसुरेज्यभूभुवाम् ॥ १२ ॥
नक्षत्रपत्रे भपदाधिकोने ग्रहस्य लिप्ता विहृताः स्वगत्या ॥
लब्धैर्गतैष्यैर्दिवसैरुडूनां चारः खगे वक्रिणि वैपरीत्यात् ॥ १३ ॥
रामेण यत्नादिह रामदासप्रीत्यै कृते रामविनोदनाम्नि ॥
[६ ख पत्र] जल्लालदीन्द्राकबरस्य शाकान्नभोगसिद्धिः परिपूर्तिमागात् ॥ १४ ॥ ॥

इतिश्रीरामदासदेवकारिते दैवज्ञानन्तभट्टात्मजरामचन्द्रविरचिते रामविनोदाख्ये पञ्चाङ्गग्रहानयनाधिकारः समाप्तः ॥ ॥ ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माणिग्लाधिपति शिवसिंहको एउटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ७२७ (वि.सं. १६६३) फाल्गुनकृष्णत्रयोदशी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ । यस ताडपत्रको फ्याक्सिमिलि तल ५८ पृष्ठमा छ ।

यस ताडपत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा खड्ग छ । खड्गको ठीक माथि श्री लेखिएको छ । खड्गको माथिल्लो भागको दायाँबायाँ दुवैतिर श्री लेखिएको छ । श्रीभन्दा तल दायाँबायाँ दुवैतिर सिंह छन् । खड्गको ठीक तल पद्म छ ।

माणिग्लाधिपति शिवसिंहले विष्णुछेंविहार (भिन्छेवहाल)[1]का देव भन्नेलाई येरटोलको २ रोपनी १ जवा आधा अर्थात् २ रोपनी ६

१. यस बहालको विषयमा जान कर लाक २०४१/४२:८२-८५, हेमराज शाक्य २०५५ र हेराकाजी वज्राचार्य २०५७:४९-५३ हेर्नू ।

ने.सं. ५५० (वि.सं. १४८६) मार्गकृष्णअष्टमीको (रञ्जना वज्राचार्य २०५२:१२-१३, हेमराज शाक्य २०५५:११, हेराकाजी वज्राचार्य २०५७:५१), ने.सं. ५७१ (वि.सं.१५०७) फाल्गुनकृष्णदशमीको (महेशराज पन्त २०५७:२९ मा ४० सङ्ख्या), ने.सं. ६२८ (वि.सं. १५६५) ज्येष्ठशुक्लचतुर्थीको (बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२:१३१-१३३ मा १८ सङ्ख्या), ने.सं. ६८७ (वि.सं. १६२४) आषाढशुक्लषष्ठीको (शङ्करमान राजवंशी २०४०:८३-८४ मा ७ क्रमसंख्या), ने.सं. ६९६ (वि.सं. १६३३) ज्येष्ठशुक्लद्वितीयाको (उही २०४४:४९ मा ३ क्रमसंख्या), ने.सं. ७०० (वि.सं. १६३७) ज्येष्ठकृष्णद्वितीयाको (सिद्धिरत्न शाक्यभिक्षु २०५४:७२-७३), ने.सं. ७१७ (वि.सं. १६५४) चैत्रपूर्णिमाको (शङ्करमान राजवंशी २०४४:४९-५० मा ४ क्रमसंख्या), ने.सं. ७२६ (वि.सं. १६६३) चैत्रकृष्णदशमीको (उही:५०-५१ मा ५ क्रमसंख्या) लिखतपत्रमा, ने.सं. ७३९ (वि.सं. १६७६) वैशाखकृष्णएकादशीउप्रान्त द्वादशीको (डिल्लीरमण रेग्मी २०२३:५५-५६ मा ३३ सङ्ख्या, धनवज्र वज्राचार्य २०५६:५७-५९ मा २७ सङ्ख्या),① ने.सं. ७४१ (वि.सं. १६७८) श्रावणपूर्णिमाको (हेमराज शाक्य २०५५:२६), ने.सं. ७५८ (वि.सं. १६९४) माघशुक्लद्वादशीको (उही) ताम्रपत्रमा, ने.सं. ७६२ (वि.सं. १६९९) ज्येष्ठकृष्णचतुर्थीको (शङ्करमान राजवंशी २०४०:८९-९० मा १४ क्रमसंख्या), ने.सं. ७६२ (वि.सं. १६९९) श्रावणशुक्लपञ्चमीको (महेशराज पन्त २०५५:३५-३६ मा ४६ सङ्ख्या), ने.सं. ७६७ (वि.सं. १७०३) माघशुक्लषष्ठीको (शङ्करमान राजवंशी २०४०:९१-९२ मा १६ क्रमसंख्या) को लिखतपत्रमा, ने.सं. ७६८ (वि.सं. १७०४) पौषशुक्लदशमीको घण्टाको अभिलेखमा (हेमराज शाक्य २०५५:६३), ने.सं. ७७१ (वि.सं. १७०७/८)को अभिलेखमा (उही:६३), ने.सं. ७७८ (वि.सं. १७१४) चैत्रशुक्लप्रतिपदाको (शङ्करमान राजवंशी २०४०:९६ मा २२ क्रमसंख्या), ने.सं. ७८३ (वि.सं. १७२०) ज्येष्ठकृष्णनवमीको (उही २०४४:६०-६१ मा १७ क्रमसंख्या) को लिखतपत्रमा, ने.सं. ७९१ (वि.सं. १७२८) वैशाखशुक्लद्वितीयाको शिलापत्रमा (हेमराज शाक्य २०५५:२७), ने.सं. ७९१ (वि.सं.

① विशुणिछेंबाहार पाटनमा छ भन्ने कुरा अभिलेखहरूको आधारमा सिद्ध गर्ने प्रसङ्गमा त्यस बहालको सन्दर्भ आएका अभिलेखको सूची दिँदा यस अभिलेखलाई एकपल्ट डिल्लीरमण रेग्मीको र अर्कोपल्ट धनवज्र वज्राचार्यको सन्दर्भ दिन म पुगेकोले (महेशराज पन्त २०६२:५१ मा १५ सङ्ख्याको टिप्पणी) उही अभिलेखलाई त्यस वेला भ्रमवश भिन्नाभिन्नै सम्झन पुगेको रहेछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आना (**बाजु मेकजवाधिक ॥ द्वयोरोपनिकं रोवो नशि २ जवछि १ बाजु X**) खेत बेची गरिदिएको लिखतपत्र यो हो। कतिमा खेत बेचिएको हो, त्यो यस पत्रमा खुलाइएको छैन।

त्यसताका आजभोलि जस्तो, जोसुकैको नाउँको अगाडि राजकीय लेखमा **श्री** नजोडी जात वा अरू कुनै कारणले प्रतिष्ठित मानिसको नाउँसँगै पदवी जस्तो भएको **श्री** आउने भएकोले राजाले लेखिदिएको राजीनामापत्रमा नाउँको अगाडि **श्री** र पछाडि **जु** जोडिएका ती ग्राहक प्रतिष्ठित मान्छे हुनुपर्छ। यस पत्रमा युवराज हरिहरसिंह साक्षी बसेका छन्।

बेचिएको खेतको चारकिल्ला खुलाउँदा पश्चिमपट्टिको साँधमा **वंकुरया थकुरपिनिश** अर्थात् **वंकुरका ठाकुरहरूको** खेत र उत्तरपट्टिको साँधमा **वंकुरि थकुरपिश** अर्थात् **वंकुरि ठाकुरहरूको** खेत दिएकोले वंकुर वा वंकुरि थकुर को हुन् भनी स्पष्ट पार्नुपरेको छ। पाटनमा शासन गर्ने, **सप्तकुटुम्बज** अर्थात् **सात खलकका** महापात्रहरूमध्ये ज्येष्ठविहारकाहरूमा एक थरी त्यही विहारमा वायव्य र अर्को थरी ईशान कोणपट्टि बस्न थालेकाले होला, कालान्तरमा ती २ थरी क्रमशः नेवारीमा वायव्य बुझाउने **यंकुलि** र ईशान बुझाउने शब्द **वंकुलि** नाउँले प्रख्यात भएकाले[२] ईशानपट्टिका महापात्रहरूलाई **वंकुर** वा **वंकुरि थकुर** शब्दले बुझाएको देखिन्छ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ॥ सम्वत् ७२७ फारगुनकृष्ण ॥ त्रयोदश्याया तिथौ श्रीललितब्रुमाया ९ श्रीमानिग्लाधिपति श्रीश्रीजयशिवसिंहदेव प्रभु ठाकुरशन ॱ प्रसादाथे नान्नेण सोकियं सोभुज्यमानिकं ॱ स्थानसे पुर्वदिसे श्रीविष्णुछेंबाहार ॱ यता छे श्रीदेवजुश नान्ना सकासात् ॥ येरतोर क्षेत्रनामप्रदेशे ॥ वंकुरया थकुरपिनिश**

१७२८) श्रावणकृष्णअष्टमीको (शङ्करमान राजवंशी २०४४:६४-६५ मा २१ क्रमसंख्या) लिखतपत्रमा, ने.सं. ८०० आश्विनशुक्लत्रयोदशी (वि.सं. १७३७) को शिलापत्रमा (हेमराज शाक्य २०५५:२७), ने.सं. ८०६ (वि.सं. १७४३) चैत्रकृष्णद्वितीयाको (शङ्करमान राजवंशी २०४०:१०५ मा ३४ क्रमसंख्या), ने.सं. ८११ (वि.सं. १७४७) फाल्गुनकृष्णचतुर्थीको (उहीः१०९ मा ३९ क्रमसंख्या), ने.सं. ८१२ (वि.सं. १७४९) आश्विनशुक्लसप्तमीको (महेशराज पन्त २०५०:५९-६० मा १६५ सङ्ख्या), ने.सं. ८१८ (वि.सं. १७५५) नष्टज्येष्ठकृष्णद्वादशीको (उहीः२०६१:१-२ मा १२० सङ्ख्या) को लिखतपत्रमा, ने.सं. ८२९ (वि.सं. १७६६) ज्येष्ठकृष्णअष्टमीको अभिलेखमा (हेमराज शाक्य २०५५:२८), ने.सं. ८३२ (वि.सं. १७६८) माघशुक्लप्रतिपदाको (शङ्करमान राजवंशी २०४२:१८-१९ मा ६२ क्रमसंख्या) लिखतपत्रमा, ने.सं. ८३६ (वि.सं. १७७३) आश्विनपूर्णिमाको (हेमराज शाक्य २०५५:२८), ने.सं. ८५१ (वि.सं. १७८७) माघशुक्लद्वादशीको शिलापत्रमा (उहीः२९), ने.सं. ८५२ (वि.सं. १७८८) कार्तिकअमावास्याको (शङ्करमान राजवंशी २०४२:६१-६२ मा १०८ क्रमसंख्या), ने.सं. ८५८ (वि.सं. १७९५) भाद्रशुक्लचतुर्थीको (उही २०४४:११३-११४ मा ७४ क्रमसंख्या), ने.सं. ८७० (वि.सं. १८०७) भाद्रपूर्णिमाको (उहीः११९-१२० मा ८० क्रमसंख्या) लिखतपत्रमा, ने.सं. ८७४ (वि.सं. १८११) वैशाखशुक्लतृतीयाको शिलापत्रमा (हेमराज शाक्य २०५५:२९), ने.सं. ८८० (वि.सं. १८१६/१७) को घण्टाको अभिलेखमा (उहीः३०), ने.सं. ९५८ (वि.सं. १८९५) वैशाखशुक्लतृतीयाको पित्तलमा कुँदिएको अभिलेखमा (उहीः३०), ने.सं. ९६८ (वि.सं. १९०४) फाल्गुनकृष्णचतुर्दशीको (उहीः३०), ने.सं. ९८१ (वि.सं. १९१७) चैत्रपूर्णिमाको शिलापत्रमा (उहीः३१), ने.सं. ९८३ (वि.सं. १९२०) भाद्रशुक्लद्वादशीको ताम्रपत्रमा (उहीः३१-३२), ने.सं. ९९४ (वि.सं. १९३०) पौषपूर्णिमाको (उहीः३२) र ने.सं. १००४ (वि.सं. १९४१) आषाढशुक्लअष्टमीको शिलापत्रमा (उहीः३२) यस बहालको सन्दर्भ आएको मैले भेट्टाएको छु।

२. महेशराज पन्त छापिन बाँकी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोया क्षेत्रशीमाया पश्चिमत् । वंकुरि थकुरपिश जागुठिया क्षेत्रशीमाया९ उत्तरत ॥ धरशीमाया पुव्वत् ॥ थथंमगुडि चैत्रकार भि-

२. मकेश पुनश क्षेत्रशीमाया दक्षिनत् ॥ एत्तेषा मधे ॥ बाजु मेकजवाधिक ॥ द्वयोरोपनिकः ज क्षेत्र रोवाङ्क रोवो नशि २ जवछि १ बाजु X ता क्षेत्र सक्रषक्र समपरिभोगे जथानग्लकार ‸ प्रवृत्तमान ‸ संचाराधेन जथ्वंचित्मुलेमादाय क्रिविक्रीस्वादिनेन ‸ त्तेनानिवृर्त्ततकं न्यायन क्रेन विक्रीयंतं भवति९ जदि स्यात् देविकराजिक विना संकत्व्यावादकाले ‸ तदा धार्ण्णक९ श्रीश्रीठकुरशन शुधंकं प्रसन जुयमारो ९ अत्र प्रत्राथे साक्षि श्रीश्रीजयहरिहरसिंहदेव प्रभु ठाकु-

३. रश मेक दृष्ट ॥ क्रीप्न सर्व सोधार्ण्ण धुंगो जुरो शुभ ॥

यो लेख लेख्दा काम लिइएका कृतिको

छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२) मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मन्अस्टरिज् अफ् नेपाल्: अ सर्भे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालका विहार – काठमाडौँदूनका बाहा र वहीको निरीक्षण)।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनावाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग।

धनवज्र वज्राचार्य २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *मध्यकालका अभिलेख*।

बेर्न्हार्त कोल्फर र हेमराज शाक्य २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा साङ्क्त औगुस्तिन फाउगेहा विसेन्शाफ्तफेर्लागद्वारा प्रकाशित, बेर्न्हार्त कोल्फर र हेमराज शाक्यको *डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहार, पाटन्* (पाटन रुद्रवर्णमहाविहारका लिखतपत्र)।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार राज्य र ब्राह्मण*।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र*।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र*।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११६ पूर्णाङ्कका १-४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अधिमास।

महेशराज पन्त २०६२[३]

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११९ पूर्णाङ्कका ४५-७० पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लको आफ्नै र उनको पालाका, ताडपत्रमा लेखिएका पत्रको सूची*।

रञ्जना वज्राचार्य २०५२

= ई.सं. १९९५ (वि.सं. २०५२) मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १५ वर्ष ३ अङ्कको अङ्ग्रेजी खण्डका ९-१४ पृष्ठमा छापिएको, रञ्जना वज्राचार्यको *कप्अर् प्लेट् इन्स्क्रिप्शन्ज् यान्ड् पाम् लीफ् म्यानुयुस्क्रिप्ट्स् अफ् द हिरण्यवर्ण महाविहार अफ् पाटन्* (पाटनको हिरण्यवर्णमहाविहारका, ताम्रपत्र र ताडपत्रमा लेखिएका पुस्तक[४])।

महेशराज पन्त छापिन बाँकी

= *यंकुलि र वंकुलि पात्र*।

शङ्करमान राजवंशी २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धि तमसूक ताडपत्र* १ भाग।

शङ्करमान राजवंशी २०४२

= वि.सं. २०४२ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* ३ भाग।

शङ्करमान राजवंशी २०४४

= वि.सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* ४ भाग।

सिद्धिरत्न शाक्यभिक्षु २०५४

= वि.सं. २०५४ मा काठमाडौँबाट श्री ५ को सरकार युवा, खेलकूद तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, *अभिलेख* १५ पूर्णाङ्कका ५६-७५ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी तमसूक ताडपत्र*।

हेमराज शाक्य २०५५

= ने.सं. १११८ (वि.सं. २०५५) मा ललितपुरबाट मयूरवर्णमहाविहारटोलसुधारसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको *मयूरवर्ण महाविहारया संक्षिप्त इतिहास* (मयूरवर्णमहाविहारको संक्षिप्त इतिहास)।

हेराकाजी वज्राचार्य २०५७[५]

= वि.सं. २०५७ मा ललितपुरबाट बौद्धविहारसंघद्वारा प्रकाशित, हेराकाजी वज्राचार्यको *यलया बौद्ध विहार – संक्षिप्त परिचय* (पाटनको बौद्ध विहार – संक्षिप्त परिचय)।

---

३. यसमा सहायक राजेश आचार्य र ज्ञानबहादुर के.सी.।

४. मूलमा पाम्लीफ् म्यानुयुस्क्रिप्ट्स् लेखिएकोले ताडपत्रमा लेखिएका पुस्तक भनी मैले उल्था गरेको हुँ। तर ती पुस्तक नभई लिखतपत्र हुन्। लिखतपत्र बुझाउने शब्द अङ्ग्रेजीमा हुँदा हुँदै पुस्तक बुझाउने शब्दको प्रयोग भएकोले यस लेख लेख्नेको शब्ददारिद्र्य झल्किएको छ।

५. यसमा सहयोगी बाबुराजा वज्राचार्य र प्रज्ञारत्न शाक्य।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७२७ (वि.सं. १६६३) फाल्गुनकृष्णत्रयोदशीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ५५-५६ पृष्ठमा छ ।

छाप

१.
२.
३.



१.
२.



१.
२.



१.
२.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वराज वैद्यसम्बन्धी अर्को एउटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीया

स्तेफान बिल्द्‌हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ वोल्फ्‌गाङ्ग बेर्त्‌शबाट पाएको हुँ । यस ताडपत्रको फ्याक्सिमिलि तल ६२ पृष्ठमा छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा, माटाको गोलो छाप छ। त्यस छापमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ।

पाटनको शातिग्ल (सौगल) चाबहालका विश्वराज वैद्यलाई राजा सिद्धिनरसिंह मल्लले ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको दिन त्यही बहालको, १ खा[1], १७ हात नापो भएको, तरकारीबारी १४ मोहर टङ्कामा वेची गरिदिएको राजीनामापत्र *पूर्णिमा*को अघिल्लो अङ्कमा छपाएको थिएँ।[2] तिनै वैद्यलाई त्यही सौगल चोछेंननीको घर बेची विष्णुसिंह भन्नेले गरिदिएको राजीनामापत्र यो हो।

ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको पत्रमा विश्वराजको नाउँको अगाडि **व्याघ्रचिकित्सक**[3] र **धन्वन्तरि** विशेषण लगाइएकोमा यस पत्रमा भने **धन्वन्तरि** मात्र विशेषण लगाइएको छ र अघिल्लोमा नाउँको पछाडि केही नआएकोमा यसमा **वैद्य भारो** आएको छ।

ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदाको मिति भएको, चाबहालका, काका (**कनेष्टपिता**) भीमसिंह र भाइसमेतका, भतिजा (**भ्रातापुत्र**) विश्वराजको बीचमा भएको, ८५ रोपनीभन्दा बढी खेतबारीको बण्डापत्र पहिल्यै प्रकाशमा आइसकेको छ।[4] त्यस पत्रमा काकाभतिजा दुवैको नाउँको अगाडि **धन्वन्तरि** र पछाडि **वैद्य भारो** जोडिएकोले र यसभन्दा झण्डै सय वर्षअगाडिदेखि सौगल चाबहालमा वैद्यहरूको बसोबास भएको देखिएकोले[5] यी विश्वराज खानदानी वैद्यराज देखिन्छन्।

---

१. खाको परिभाषाको लागि महेशराज पन्त २०४९:६७ मा २ सङ्ख्याको टिप्पणी हेर्नू।

२. उही २०६५:२७१-२७४,२८१ ।

३. **व्याघ्रचिकित्सक**को शब्दार्थ **बाघको वैद्य** हुने भए पनि यस अर्थमा यसको प्रयोग भएको नभई **मानिसहरूमा श्रेष्ठ** भन्नुपर्दा **पुरुषव्याघ्र** भने झैँ **वैद्यहरूमा श्रेष्ठ** भन्ने अर्थमा विशेष्यको परनिपात बाँधिई पूर्वनिपात भई **चिकित्सकव्याघ्र** हुनुपर्नेमा नेवारहरूको संस्कृतलेखाइ प्रायः च्युतसंस्कृतिले दूषित हुने हुनाले यहाँ पनि **व्याघ्रचिकित्सक** हुन गएको हो कि जस्तो लाग्छ (उही:२७१-२७४)। पाटन सौगलटोलका एक थरी नेवार वैद्यहरू व्याघ्रचिकित्सक कहिन्थे, तिनीहरू पशुपन्छीको औषधि गर्थे भन्ने भनाइ नेवारसंस्कृतिसम्बन्धी नेवारी मासिक *नेपाल संस्कृति*का सम्पादक छत्रबहादुर कायस्थको छ (वि.सं. २०६६।१।५।७ मा भएको कुराकानी)।

४. उही २०५०:१५ मा ८९ सङ्ख्या ।

५. उही: छापिन बाँकी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वराज वैद्यले किनेको यो घर उनको पुरानो घरको पूर्वोत्तरपट्टि र बिक्री गर्ने विष्णुसिंहको जग्गाभन्दा दक्षिणपट्टि पर्ने भनी चारकिल्ला खुलाउँदा यहाँ लेखिएकोले एउटा छिमेकीले अर्को छिमेकीलाई घर बेचेको देखिन्छ। परालले छाएको, एउटा ढोका भएको, आँगन (**रिबि**) र पाताल जग्गासहितको, २ खा र १ जवा[६] नापो भएको त्यो घर कतिमा किनबेच भएको हो, त्यो खुलाइएको छैन। यस लेनदेनमा बेच्नेका सौताने भाइ (**मातृवेधीक भ्रार्त्ते**) साक्षी राखिएका छन्।

यस घरको चारकिल्ला खुलाउँदा बेचिएको घर जीवनसिंह[७]को आँगन (**रिबि**) भन्दा पश्चिमपट्टिको भनी यहाँ लेखिएको छ। **बेचिएको यस घरको पुर्जा जीवनसिंह भारोसँग गाँसिएर रहेकोले लिएको छैन, पछि चाहियो भने जीवनसिंह भारोले देखाउनुपर्छ (थ्व छेया तलपति जिवनसिंह भारोयाके ॱ छपोन चोंङश मकाया ॱ पश्चात् मालङाश ॱ जिवनसिंह भारोन केनेमाल जुरो)** भनेर पनि यहाँ लेखिएको छ। २ भिन्नाभिन्नै घरका धनीको स्वामित्वको प्रमाणीकरण एउटै पुर्जाबाट हुने यताबाट देखिएकोले र ती २ घरको साँध जोडिएको पनि यताबाट बुझिएकोले दाजुभाइहरू छुट्टिएर मात्र त्यो घर २ घर भएको हो र घर बेच्ने विष्णुसिंह र सँधियार जीवनसिंह एकै वंशका अंशियार हुन् भन्ने देखिन्छ।

मूलपाठ

१. ॐ श्रैयोऽस्तु ॥ सम्वत ७५१ श्रावणकृष्ण ॥ तृतीयान्तिथौ ॥ श्रीललितब्रुमायां श्रीमाणिग्लके पूर्वस्थ ॥ श्रीशातिग्ल लंखवोलं कोथ्व चाबाहाल धन्वन्तरि विश्वराज वैद्य भारोस नाम्ना शकाशात् ॥ स येव सातिग्ल चोछें यौकुलि छें विष्णुसिंह भारोया नाम्नेन शुक्रीयं स्वभुर्ज्यमाणिकं ॥ स येव चोछेंननि येता छेंया रिबि येता पातारभुनों छेनों नामप्रदेशे ॥ जिवनसिंह भावोया रिबिशि-

२. मायां पच्छिमत ॥ ग्राहकश गृहेन पूव्वोर्त्तलतः ॥ धार्ण्णकश भुमेन दक्षिनतश्च ॥ एतत्मध्य चोछेंननि येता छेंया रिबि येता पातालभुवो ॱ छेंवो न दांङ ने खा ङजो द्वारछि १ जवछि १ ता गृह प्लारसंछान ॱ यथादेशकालप्रवेर्त्तमानसञ्चारार्घेन यथ्वच्चितमूल्यमादाय क्रयविक्रयस्वाधिनावतुकं न्यायेन क्रीन विक्रीयेतम्भवति यद्यस्या देवीकराजिक विणा सङ्कतव्यावादकारे त-

३. दा धार्ण्णकेन परिशोधनीयं ॱ अत्र पत्राथे साक्षिः धार्ण्णकस मातृवेधीक भ्रार्त्ते नारायनसिंह भारोस दृष्ट ॥ ॥ भाषा थ्व छेया तलपति जिवनसिंह भारोयाके ॱ छपोन चोंङश मकाया ॱ पश्चात् मालङाश ॱ जिवनसिंह भारोन केनेमाल जुरो ॥ कडाचित थ्वते भुया तलपति श्रीश्रीराजकुरादि गे रुलशवंनं अकर्ण्ण जुरो ॥ थ्व भुया क्रीपन सर्व्व सोधन पाचकं धुंग्व जुरो शुभं ॥

(पछाडि)

छेंया क्रीपत्र

---

६. ४ जवा=१ खा (उही २०४९:६७ मा २ सङ्ख्याको टिप्पणी)।

७. जीवनसिंहको नाउँ यस लिखतपत्रमा ३ पटक आएकोमा पहिलोपटक नाउँपछाडि **भावो** र अरू २ पटक **भारो** आएकोले भ्रमवश **भावो** हुन गएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको

छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ६७-७० पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र (वि.सं. १६८०, १६८७, १६९६)* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्र*।

महेशराज पन्त छापिन बाँकी

= *पाटन सौगल चाबहालका वैद्य*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ६० पृष्ठमा छ ।

छाप

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीनिवास मल्लको एउटा लिखतपत्र

- महेशराज पन्त

ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्या

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यस ताडपत्रको फ्याक्सिमिलि तल ६५ पृष्ठमा छ।

यस ताडपत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा खड्ग छ। तल्लो भाग छोडेर अन्यत्र खड्ग पूरै नजोडिएको मालाको आकारको थोप्लाले घेरिएको छ। खड्गको ठीक माथि कलश छ। कलशको दायाँबायाँ दुवैतिर चन्द्र छन्। चन्द्रभन्दा तल दायाँबायाँ दुवैतिर **श्री** लेखिएको छ। **श्री**भन्दा तल दायाँबायाँ दुवैतिर मकर छन्। मकरभन्दा तल थोप्ला छन्। खड्गको ठीक तल सिंह छ। तल्लो भाग छोडेर अन्यत्र सिंह पूरै नजोडिएको मालाको आकारको थोप्लाले घेरिएको छ।

राजा श्रीनिवास मल्लले चाबहालमा बस्ने, विश्वनाथ वैद्यलाई धूनिल[1] भन्ने ठाउँतलको ३ रोपनी ३ जवा अर्थात् पौने ४ रोपनी खेत (क्षेत्र) ३७५ मोहर टङ्कामा बेची गरिदिएको राजीनामापत्र हो। यस लिखतपत्रमा उनका छोरा युवराज योगनरेन्द्र मल्ल साक्षी राखिएका छन्।

श्रीनिवास मल्लका बाबु सिद्धिनरसिंह मल्लले यही चाबहालमा बस्ने वैद्य विश्वराजलाई यसभन्दा ५१ वर्षअघि जग्गा बेची गरिदिएको लिखतपत्र प्रकाशमा आइसकेको छ।[2] त्यस लिखतपत्रमा जग्गा किन्नेको नाउँको अगाडि **व्याघ्रचिकित्सक** र **धन्वन्तरि** विशेषण लाए जस्तै यस लिखतपत्रमा जग्गा किन्नेको नाउँको अगाडि **धन्वन्तरि** र **व्याघ्रचिकित्सक** विशेषण लाइएको छ। बाबुसँग जग्गा किन्ने विश्वराज र छोरासँग जग्गा किन्ने विश्वनाथको वतन र पदवी उही भएकोले विश्वराज र विश्वनाथ उही खानदानका वैद्य देखिन्छन्।

मूलपाठ

१. **१ स्वस्ति॥ श्रीमानीगलाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुलसन ॱ लंखवु-लं कोथो चाबाहारगृहनिवासीग्राह ॱ धन्वन्तरिव्याघ्रचिकित्सकविश्वनाथवैद्यनाम्ने प्रसादीकृतं ॱ क्यंब**

---

१. **क्यंब धूनिलंकोनामप्रदेशे** भनी जग्गा बेचिएको ठाउँको नाउँ यहाँ दिइएको छ। **क्यंब** आजभोलि नेवारीमा बारी बुझाउने केबको पूर्वरूप भएकोले र **कोले** नेवारीमा **तल** बुझाउने भएकोले ठाउँको नाउँ **धूनिलं** मात्र हो भनी ठानी मैले माथि ठाउँको नाउँमा **धूनिलं** मात्र लेखेको हुँ। यही लिखतपत्रमा तल **क्यंब** शब्द नदोहऱ्याई त्यसको ठाउँमा **क्षेत्र** लेखिएकोले र **क्षेत्र**ले यस्ता लिखतपत्रमा जग्गा नबुझाई **खेत** नै बुझाउने भएकोले **क्यंब** पनि नाउँकै अङ्ग हो कि जस्तो लाग्छ।

२. वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंहका ४ वटा लिखतपत्र*। त्यस पूर्णाङ्कका २७१-२७४ पृष्ठ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धूनिलंकोनामप्रदेशे ऺ श्रीश्रीराजया क्षेत्रात्पश्चिमत ऺ उत्तरत ऺ मार्ग्गेण पूर्व्वत ऺ मार्ग्गवो ऺ श्रीश्रीराजया क्षेत्र-

२. वो द्वयो शिमाया दक्षिणतश्च ऺ एतन्मध्ये तत्क्षेत्र त्रयजवाधिकत्रयरोपनिकं रोवाङ्क रोव स्वं ३ जव स्वं ३ तत्क्षेत्र यथानगरकालप्रवर्त्तमानेन सुवर्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका सोशल ह्लयङा ३७५ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो ऺ अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्रीजयजोगनरे-

३. न्द्र मल्लदेव थाकुलस ऺ लिखित दैवज्ञ जगत्मोहन ऺ सम्वत् ७९८ चैत्रकृष्ण ऺ अमावाश्यान्तिथौ ऺ भर्ण्ण सुद्धकं दुंते धुंङ जुरो ॥ शुभ ॥

(पछाडि)

विश्वनाथ वैद्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेसं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि ६३-६४ पृष्ठमा छ।

छाप

१.
२.
३.



१.
२.
३.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफूको विषयमा

- महेशराज पन्त

कुरा अहिलेको होइन, ५५ वर्षअगाडिको हो । यस घटनासँग गाँसिएका ६ जनामध्ये ५ जना त बिती पनि सके । त्यसताका नरहरिनाथ (वि.सं. १९७१-२०५९) *संस्कृत-सन्देश*नाउँको, संस्कृतभाषाको मासिक पत्रिका चलाउँथे । त्यस पत्रिकामा खास गरी नेपालका लेखोट पुस्तकहरूको विवरण तथा नेपालको इतिहासका आकर जस्तै शिलापत्र, तामापत्र र चिठीपत्र आदि छापिन्थे । त्यस पत्रिकामा नयराज पन्त (वि.सं. १९७०-२०५९) ले एकलै वा बाबुराम आचार्य (वि.सं. १९४४-२०२९) सँग मिलेर लेखेका तथा नयराज पन्तका शिष्यप्रशिष्यहरूले तयार गरेका, नेपालको इतिहासका आकरसम्बन्धी लेख प्रशस्त आउँथे र त्यस पत्रिकाको दोस्रो वा अन्तिम वर्षमा त नयराज पन्तका, त्यसै वेला नामुद भइसकेका, २ जना चेला— धनवज्र वज्राचार्य (१९८८-२०५१) र ज्ञानमणि नेपाल (वि.सं. १९८९)— पनि सम्पादकहरूमध्ये थिए । त्यसताका नयराज पन्त र नरहरिनाथमा बाक्लो सम्बन्ध भएकोले वि.सं. २०११ वैशाख महीनाको कुनै दिन नरहरिनाथ एउटा ठ्यासफू लिई नयराज पन्तको पाठशालामा आई यो ठ्यासफू ठिमीका चन्द्रमान जोशीको हो, सकभर चाँडो सारी फिर्ता दिनुपर्छ भनी त्यो ठ्यासफू छोडेर गए । अनि नयराज पन्तका, माथि नाउँ काढिएका २ जना र अरू थप २ जना चेला— रामजी तेवारी (वि.सं. १९७३-२०४०) र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)— मिली त्यो ठ्यासफू सारेपछि सकल फिर्ता गयो ।[1]

ने.सं. ७९८ (वि.सं. १७३४) देखि ने.सं. ८२६ (वि.सं १७६२) सम्मका, खास गरी काठमाडौँ राज्यका घटना टिपिएको र घटना भएको दिनको पूरै तिथिमिति दिइएको त्यस ठ्यासफूबाट अरू आकरबाट थाहा नभएका वा त्यति छर्लङ्ग हुन नसकेका, तात्कालिक नेपालका केही घटनामा पनि प्रकाश पर्न गएकोले र त्यहाँ टिपिएका घटनाका तिथिमितिको गणना पनि मिलेकोले वि.सं. २०११ मङ्सीर[2]यताका, नयराज पन्तका शिष्यप्रशिष्यका नाउँमा छापिएका र खुद उनका लेखमा त्यसको उपयोग प्रचुर मात्रामा हुँदै आयो । यस्ता घटना टिपिएका अरू अरू ठ्यासफू पनि बिस्तारै प्रकाशमा आउन थाले र शिलापत्र, तामापत्र, पुष्पिका, चिठीपत्र र टक जस्तै ठ्यासफू पनि नेपालको इतिहासका अपरिहार्य आकरमा गनिन थाल्यो । हुँदा हुँदा ठ्यासफूमा नलेखी छुट्टाछुट्टै कागतमा ठ्यासफूमा टिपिने परामै घटना टिपिएका कागत पनि ठ्यासफू नै कहलाउन थाले ।[3]

---

१. यस विषयमा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११:११ मा सबभन्दा पहिले लेखिएको हो ।

२. यस ठ्यासफूको उपयोग सबभन्दा पहिले धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ मा गरिएको हो ।

३. डिल्लीरमण रेग्मीले ***ठ्यासफू डी*** भन्ने नाउँ राखेको टिपोट ठ्यासफूमा लेखिएको नभई छुट्टाछुट्टै कागतमा लेखिएका हुन् (डिल्लीरमण रेग्मी २०२३:१७-१८) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चन्द्रमान जोशीकहाँबाट आएको यस ठ्यासफूको *ठ्यासफू ए* र यस्ता अरू ८ थरी टिपोटका क्रमशः *ठ्यासफू बी, ठ्यासफू सी, ठ्यासफू डी, ठ्यासफू ई, ठ्यासफू एफ्, ठ्यासफू जी, ठ्यासफू एच्* र *ठ्यासफू आई* नाउँ राखी वि.सं. २०२३ मा डिल्लीरमण रेग्मी (वि.सं. १९७०-२०५८) ले आफ्नो नेपालको मध्यकालको इतिहासमा गाभे ।[४] नेपालको इतिहासका आकर पढ्न, सम्पादन उल्था र व्याख्या गर्न सक्ने ल्याकत नहुँदा नहुँदै पनि यसमा लागेका उनले शिलापत्रतामापत्रहरू जस्तै ती टिपोट पनि शुद्ध उतार्न नसकेकाले उनको पाठबाट त्यति फाइदा उठाउन सक्ने अवस्था थिएन । त्यसैले डिल्लीरमण रेग्मीले त्यो ठ्यासफू छपाइसकेपछि पनि त्यसको भर नपरी वि.सं. २०११ मा सारिएको त्यही प्रतिलिपिबाट संशोधन-मण्डलका सदस्यहरूले काम चलाउँदै आएका थिए ।

वि.सं. २०२७ मा धनवज्र वज्राचार्यले संशोधन-मण्डल नछोडेसम्म संशोधन-मण्डलको अड्डा उनकै घरमा रहेकोले संशोधन-मण्डलको जे जति सङ्ग्रह थियो, त्यो पनि त्यहीँ नै थियो । त्यसपछि संशोधन-मण्डलको अड्डा नयराज पन्तको घरमा सरेकोले संशोधन-मण्डलको सङ्ग्रहका, धनवज्र वज्राचार्यले फर्काए जति पुस्तक, शिलापत्रतामापत्रका छापा आदि त्यहाँ आए पनि ठ्यासफू सारिएको, बाक्लो जिल्द भएको, लामो मोटो, त्यो कापी संशोधन-मण्डलको सङ्ग्रहमा नभेटिएकोले उनले नबुझाएका केही पुस्तक र टकहरू जस्तै त्यो पनि त्यहीँ छुट्यो कि जस्तो मलाई लाग्छ ।

पछिल्लो मल्लकालको इतिहासको परिशीलन गर्ने प्रसङ्गमा त्यस ठ्यासफूको जरूरत परेको वेलामा डिल्लीरमण रेग्मीको भ्रष्ट पाठबाट काम चलाउनुपर्दा संशोधन-मण्डलको सङ्ग्रहमा रहेको शुद्ध उतारमा बानी परिसकेको मलाई अप्ठ्यारो पर्‍यो तापनि त्यस ठ्यासफूको मूल वा शुद्ध उतारमा आफ्नो पहुँच नभएकोले त्यही भ्रष्ट पाठ आफ्नो बुद्धिविवेकले भ्याएसम्म संशोधन गरी काम चलाउने गर्थें ।

वि.सं. २०४० मा सौभाग्यवश मूल ठ्यासफू नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा माइक्रोफिल्मको लागि आउँदा म त्यहीँ काम गर्थें र मैले आफ्नो लागि त्यस ठ्यासफूको फोटो बनाएर राखें । अनि त्यस ठ्यासफूको पाठ ऐश्वर्यधर शर्मालाई उतार्न लगाएँ र त्यही फोटोसँग भिडाई पाठनिर्णय गरें । मूलको फोटो आफूसँग भएको, आजभोलिको नेवारीभन्दा त्यति धेरै फरक नभएको, त्यस ठ्यासफूबाटै

---

४. यी ९ थरी टिपोटमध्ये ३ थरी अर्थात् *ठ्यासफू सी, डी* र *आई* क्रमशः नरहरिनाथ (२०१३), शङ्करमान राजवंशी (२०२०) र गौतमवज्र वज्राचार्य (२०२३) ले अघिबाटै छपाइसकेका थिए । डिल्लीरमण रेग्मीले *ठ्यासफू सी*मा पूर्वसूरिको नाउँ लिए पनि बाँकी २ थरी पनि अघिबाटै छापिइसकेको कुरा नलेखी जालझेल गरेका छन् (यस विषयमा शङ्करमान राजवंशी २०२३:२२-२४ र *हाम्रो वक्तव्य* २०२४:९८ हेर्नू) । पुस्तकाकारमा *ठ्यासफू डी* प्रकाशमा आउनुभन्दा अगावै नयराज पन्त (२०२०:४४-४५) ले आफ्नो लेखमा यसको उपयोग गरि सकेका थिए । डिल्लीरमण रेग्मीले छपाउनुभन्दा अगावै वि.सं. २०२२ को प्रारम्भमा संशोधन-मण्डलका सदस्यहरूले सकलबाट *ठ्यासफू एच्* पूरै सारिसकेको (शङ्करमान राजवंशी २०२३:१९) र वि.सं. २०२२ को श्रावणदेखि नै संशोधन-मण्डलबाट प्रकाशित कृतिहरूमा यसको उपयोग भइसकेको थियो (भोलानाथ पौडेल २०२२:३७, शङ्करमान राजवंशी २०२२:३८,४१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारीको अभ्यास गर्ने मनसायले काशीनाथ तमोट र ऐश्वर्यधर शर्मासँग मिली त्यस ठ्यासफूलाई वर्तमान नेवारीमा ढाल्ने कोशिश पनि मैले गर्न थालेको थिएँ। धेरै दिनसम्म भने त्यो काम चल्न सकेन।

त्यस वेलादेखि त्यस ठ्यासफूको काम पर्दा त्यही पाठ र फोटोबाट काम चलाउँदै आइरहेको छु। २५ वर्षअघि थालेको त्यही मिहिनेत साझा गर्ने उद्देश्यले फेरि पटक पटक रुजू गरी पाठ सच्याएको छु। त्यही पाठ छिटै प्रकाश गर्दैछु।

५५ वर्षको अन्तरालमा यस ठ्यासफूको प्रचुर उपयोग भइसक्यो तापनि यसमा कोट्टयाउनुपर्ने कुरा अझै बाँकी छन् भन्ने कुराको उदाहरणको रूपमा एउटा घटना अघि सार्छु।

कुरा के भने गोकर्णथलीका सिंखडाहरूका कुनै पुर्खाले राजा भास्कर मल्लबाट पाएको जग्गाको विषयमा खिचोला पर्दा श्री ५ सर्कारतर्फ गुठीलगतजाँचअड्डाले वि.सं. १९७४ वैशाख ३० गते गरेको फैसला[५]मा लेखिएअनुसार त्यस जग्गाका हकदारहरूले हालेका बिन्तिपत्र र दिएका थरीथरीका बयानमध्ये एक जना हकदारले हालेको बिन्तिपत्रमा पाटने राजाको चाकरी गऱ्यो भनी हाम्रा पुर्खा शशिगोवर्धनलाई राजा भास्कर मल्लले हात्तीले कुल्चाई ढोकाढलमा मारे; ती मृतकको वायु जागी ती राजालाई दुःख दिन थाल्यो; त्यसपछि रानीपोखरीको डीलमा सेतो हात्तीको स्थापना गरी चाँगु महाङ्कालको ५५ रोपनी खेत, डाँडाकटेरी र शिवपुरी तथा गोकर्णइलाकाका भूमथली राईटार र गलमती भन्ने ३ भोटे गाउँ ताम्रपत्र गरी शशिगोवर्धनकी ब्राह्मणी तुलसाको नाउँमा वायुगुठीको लागि भनी ताम्रपत्र गरी दिए भनी लेखिएको छ त अर्का हकदारले दिएको बयानमा गोवर्धन र तुलसा वायु भएका हुन्; तिनीहरूलाई हात्तीले कुल्चाई मारेको हो भन्ने हामीले सुनेका हौँ; हाम्रा पुर्खा रामेश्वर शशिगोवर्धनलाई चाँगु महाङ्कालमा ५५ रोपनी खेत राजाले ताम्रपत्र गरी दिएका हुन् भन्ने कुरा छ।[६]

राजा भास्कर मल्लले हात्तीले कुल्चाएर मारिएकाको नाउँ शशिगोवर्धन र राजाबाट जग्गा पाउनेको नाउँ तिनै शशिगोवर्धनकी ब्राह्मणी तुलसा भएको कुरा एक जना हकदारले हालेको बिन्तिपत्रमा लेखिएकोमा अर्का हकदारले दिएको बयानअनुसार भने गोवर्धन र तुलसा दुवैलाई हात्तीले कुल्चाई मारेको र जग्गा पाउने रामेश्वर शशिगोवर्धन देखिन्छन्। बिन्तिपत्रअनुसार शशिगोवर्धन मात्र मारिएकोमा बयानअनुसार लोग्नेस्वास्नी दुवै जना मारिएको मात्र नभई जग्गा पाउनेको नाउँ पनि फरक पर्न गएको छ। खुलाएर भन्दा बिन्तिपत्रअनुसार मृतककी ब्राह्मणीले जग्गा पाएकोमा बिन्तिपत्रमा मृतकको नाउँ भनी दिइएको जस्तै नाउँ भएका र थप अर्को नाउँ भएकाले बयानअनुसार जग्गा पाएको देखिन्छ। साँचै भन्ने हो भने बयानमा भएका ती दुवै नाउँ एकै मान्छेका २ नाउँ हुन् कि ती २ जना भिन्नाभिन्नै हुन्, त्यो स्पष्ट छैन। एक जना हकदारले दिएको बयानमा रामेश्वर शशिगोवर्धनलाई चाँगु महाङ्कालमा ५५ रोपनी खेत राजाले ताम्रपत्र गरी दिएका हुन् भन्ने भएकोमा राजा भास्कर मल्लले ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्ण-

---

५. महेशराज पन्त २०६४:१३७-१५२।

६. उही:१२७-१२८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सप्तमीको दिन गरिदिएको ताम्रपत्रअनुसार [हाल काभ्रेपलाञ्चोक जिल्लामा पर्ने] मण्डनका ब्राह्मण रामेश्वर जोशीसँग उनको मण्डनको खेत लिएर [काठमाडौँ] महाङ्कालको ५५ रोपनी खेत उनलाई सट्टाभर्ना दिएका हुन् ।[७] जुन जग्गाको लागि वि.सं. १९७४ मा फैसला गरियो, त्यससँग सम्बद्ध सो ताम्रपत्रबाट जग्गा कहाँको हो र कति हो भन्नेबाहेक माथि चर्चा गरिएको बिन्तिपत्रमा लेखिएको अरू कुनै पनि कुरा नआउने यताबाट स्पष्ट हुन्छ । जग्गा पाउनेको रामेश्वर भन्ने नाउँ, जग्गा भएको ठाउँको नाउँ र जग्गाको नापो छोडेर सो ताम्रपत्रबाट माथि चर्चा गरिएको बयानमा भएको अरू कुरा नआउने पनि यसै गरी स्पष्ट हुन्छ ।

वि.सं. १९७४ को त्यो फैसला परार आफूले छपाएको केही समयपछि अर्कै कामको लागि यस ठ्यासफूको पारायण गर्दा तलको अंशमा मेरो आँखा पर्न गयो –

१ सं ८१८ आषाढशुक्लः ॥ त्रयोदशी ‚ आदित्यवार ‚ थ्वकुन्हु ‚ भयमारेया गोवर्द्धन ‚ शिवनारायन ‚ नवक्वाठया ‚ शशि उपाध्या ‚ थ्वपनि स्वह्मं गुथक्वाठन पित हयाओ ‚ फान कोखायकाओ ‚ मेश गयकाओ ‚ सास्ति याक ‚ मदुस चाबुकन दायकु ‚ प्रजापनिस्यन दायाव ‚ तुखुचा यितास ‚ गोवर्द्धन ‚ शशि निह्म सिक ‚ सति कुन्हु गोवर्द्धनया करातं भारतोवनापं सिक ‚ मिरह्म जुजु बोङाओ स्यातकर धकाओ ‚ माहा निह्मं स्याक ॥

(यही ठ्यासफूको ९२ पृष्ठबाट)[८]

अर्थात्

ने.सं ८१८ (वि.सं. १७५५) आषाढशुक्लत्रयोदशी यो दिन भैमालका गोवर्धन [र] शिवनारायण, नुवाकोटका शशी उपाध्याय यी तीन जनालाई गुथक्वाठ'बाट बाहिर ल्याई, सुङ्गुरको माला लाउन लाई, राँगो चढाएर

७. यस ताम्रपत्रको फ्याक्सिमिलि महेशराज पन्त २०६४:१५३ मा, मूलपाठ मोहनप्रसाद खनाल २०२८:४४-४५ मा र देवीप्रसाद भण्डारी २०५८:३८-३९ मा तथा यस ताम्रपत्रको, गूठीअड्डाको लागि वीरपुस्तकालयमार्फत त्यस पुस्तकखानाका पण्डित कुलमान गुभाजूले गरेको उल्था महेशराज पन्त २०५३:३१ मा छपिएको छ । नयाँ उल्था देवीप्रसाद भण्डारी २०५८:३९ मा छ ।

८. ठ्यासफूको यस पृष्ठको फ्याक्सिमिलि तल ७६ पृष्ठमा दिइएको छ ।

९. यो किल्ला कहाँ थियो मलाई थाहा छैन । हाल कोपनहग्यागनको राजकीय पुस्तकालय (वार्नर-ज्याकब्सनसङ्ग्रह १३५ सङ्ख्या) मा रहेको ने.सं. ५९९ (वि.सं. १५३५/३६) देखि ने.सं. ८८३ (वि.सं. १८१९/२०) सम्मको घटना टिपिएको, *शान्तिस्वस्तिसफुल*① (कमलप्रकाश मल्ल आदि २०५७ भूमिकाखण्ड:२७) मा ने.सं. ८८३ को एउटा

① यो ठ्यासफू अहिलेसम्म प्रकाशमा आएको मलाई थाहा छैन । यसको प्रतिलिपि पनि मसँग छैन । पाल्पाली राजा मुकुन्द सेनले नेपालदूनमा गरेको हमलाको कुरा पनि यस ठ्यासफूमा भएको कुरा अलेक्सान्दर फन रोस्पातको लेख (२०५७/५८:२०६) बाट मैले थाहा पाएको हुँ । पछि काशीनाथ तमोट (२०६४) ले त्यससम्बन्धी अंशको फ्याक्सिमिलि र पाठ आजभोलिको नेवारीमा आफूले गरेको उल्थासहित छपाए । अलेक्सान्दर फन रोस्पातले यस ठ्यासफूको उपयोग त्यस लेखमा अन्त पनि (उही:२१६ मा ६१ सङ्ख्याको टिप्पणी) गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सास्ती गरे; मरुमा कोर्राले कुटे; प्रजाहरूले कुट्दा टुकुचापारि गोवर्धन [र] शशी दुवै मरे; भोलिपल्ट गोवर्धनकी स्वास्नी पनि लोग्नेहरूसँग मरिन्; कान्छा राजा[10]लाई बोलाई मार्न लगाए भनी २ जना सिपाहीलाई मारे ।

घटनाको सन्दर्भमा **गुतक्वाथ**को चर्चा आएको कुरा कमलप्रकाश मल्ल आदिको कोष (२०५७:गुतक्वाथ) मा छ ।

१०. **मिरह्म जुजु**को अर्थ धनवज्र वज्राचार्य (२०१६:१३) ले **साना राजा** भनी गरेका छन् । यही अर्थको अनुसरण धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:२७८ मा भएको छ । रामजी तेवारी (२०२१ क:४५) ले चाहिँ यसको अर्थ **कान्छा राजा** भनी गरेका छन् ।

हान्स योर्‌गेन्सेनको कोष (१९९२) मा **मेलह्म**[②] चढेको छ र त्यसको अर्थ उनले **दि अद्अर् वन्** अर्थात् **अर्कोचाहिँ** भनेर गरेका छन् । कमलप्रकाश मल्ल आदिको कोषमा २०५७ **मा मिरम्ह,**[③] **मेरम्ह, मेलम्ह, मेलम्हं, मेलम्हा** र **मेलौम्हं** चढेका छन् र त्यहाँ दोस्रो र तेस्रोलाई छैटौंको रूपभेद, पाँचौंलाई चौथोको भेद भनिएको छ । **मिरम्हको थर्ड् एल्डर् ब्रद्अर्** अर्थात् **साहिँलो दाजु, मेलम्हंको सेक्अन्ड्-बर्न् वन्** अर्थात् **माहिलो** र **मेलौम्हंको यङ्गर् वन्** अर्थात् **कान्छो** भनी अर्थ गरिएको छ ।

नेवारीमा अर्थ दिइएका, *अमरकोष*का लेखोट पुस्तकबाट *अमरकोष*को

जघन्यजे स्युः कनिष्ठयवीयोऽवरजानुजाः (२।६।४३)

(जघन्यज अर्थात् पछि जन्मेको भन्ने अर्थमा कनिष्ठ, यवीयस्, अवरज र अनुज ।)

को अर्थ *ए१* मा – **जर्मन मेलवु**, *ए२* मा – **मैलौह्मं**, *ए२वी, ए५* र *ए७* मा – **मेलह्मं** र *ए३* मा – **जम्मन मिलो** छ ।

स्वल्पेऽपि क्षुल्लकस्त्रिषु (३।३।१०)

(कान्छो र चुत्थो भन्ने अर्थमा क्षुल्लक हुन्छ ।)

को अघिल्लो अर्थमा *ए२* मा – **म्यलौह्मं**, *ए२ वी*मा – **मेलह्मं** र *ए५* मा – **मेलौह्मं** छ ।

कनिष्ठोऽतियुवाल्पयोः (३।३।४१)

(सबभन्दा कान्छो र अतिसानो भन्ने अर्थमा कनिष्ठ हुन्छ ।)

को अघिल्लो अर्थमा *ए१* मा – **मेलवु**, *ए२* र *ए५* मा – **द्वाकोसछि मेलौ**, *ए२* बीमा – **दक्वसछि मेलह्मं**, *ए३* मा – **मीलु**, *ए३ ए* मा – **मेलो** र *ए४* मा – **म्येलो** छ ।

कनीयांस्तु युवाल्पयोः (३।३।२३५)

(धेरै कान्छो र अतिथोरै भन्ने अर्थमा कनीयान् हुन्छ ।)

को अघिल्लो अर्थमा *ए१* मा – **जर्मन मेलवु** र *ए७* मा – **जन्मन मेलह्मं** छ ।

---

② नव्य भारतीय आर्यभाषामा लेखिएका कुरा रोमन लिपिमा उतार्दा युक्तस्वरव्यञ्जनमा उच्चारण नहुने, अन्त्यको अ हटाई अन्त्यको वर्ण हलन्त पार्ने चलन पश्चिमाहरूले चलाएका छन् । नेवारीमा कुनै कुनै शब्द र विभक्तिहरूको अन्त्यको अको उच्चारण हुन्छ भन्ने कुरा नेवारीका ख्यातनामा कोषकार र वैयाकरण, डेन्मार्कका हान्स योर्‌गेन्सेन (१९९७:§ ७ . ११)ले निर्क्योल्न सके पनि नेवारी बोलेको सुन्न नपाएका उनले आफूले तयार गरेका नेवारी कोष (उही १९८४/८५ र १९९२) र व्याकरण (उही १९९७)मा धेरैजसो अकारान्त नेवारी शब्द र धातुहरूलाई हाँसोउठ्दो ढङ्गले हलन्त पारिदिएका छन् । **मेल** शब्दमा **ह्म**प्रत्यय जोडिई बनेको **मेलह्म**को लको खुट्टा यसैले उनले काटेका हुन् ।

③ लेखोट पुस्तकहरूमा जोडेमोडेको अक्षरमा अगाडि आउने हलाई पछाडि राख्ने चलन आजभोलि चलेकोले यो शब्द र यसका रूपभेदमा कमलप्रकाश मल्ल आदि (२०५७) ले म्ह लेखेका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १९७४ को माथि चर्चा गरिएको फैसलामा गाभिएका, एक जना हकदारले हालेको **बिन्तिपत्र** र अर्को हकदारले दिएको बयानमा परेका केही कुरा ठ्यासफूको यस अंशबाट सच्चिन र स्पष्ट हुन गएको विषयमा अब खुलाएर लेख्नुपरेको छ ।

सबभन्दा पहिले त बयानमा भए जस्तो यो घटना भास्कर मल्लको पालामा घटेको नभई उनका बाबु भूपालेन्द्र मल्लकै पालामा घटेको हो[११] र त्यस वेला भास्कर मल्ल त २० महीना पनि नपुगेका दुधे बालक थिए[१२] । अर्को कुरा मारिएका मान्छे गोकर्णथलीका नभई १ जना भैमालका र १ जना नुवाकोटका हुन् । मारिनेको नाउँ **बिन्तिपत्रमा शशिगोवर्धन** र **बयानमा गोवर्धन** भएकोमा **गोवर्धन** र **शशी उपाध्याय** २ भिन्नाभिन्नै ठाउँका २ भिन्नाभिन्नै मानिस हुन् भन्ने ठ्यासफूबाट स्पष्ट भएको छ । यसरी **शशी** र **गोवर्धन** २ भिन्नाभिन्नै मानिसलाई बिन्तिपत्रमा एउटै मानिस ठानेको र **गोवर्धन**की स्वास्नीलाई **शशिगोवर्धन**की स्वास्नी ठानेको पनि यतासम्मका कुराबाट स्पष्ट भएको छ । बिन्तिपत्रमा लोग्ने मात्र मरेको, स्वास्नीको नाउँमा राजाले वायुगूठीको लागि जग्गा दिएको र बयानमा भने लोग्नेस्वास्नी दुवै जनालाई मारेको कुरा भएकोमा लोग्नेस्वास्नी दुवै जना मरेको ठ्यासफूमा स्पष्टै लेखिएको छ । बयानमा लोग्नेस्वास्नी दुवैलाई हात्तीले कुल्चाएर मारेको भन्ने भएकोमा लोग्ने कुट्दा कुट्दा मरेको र त्यति स्पष्ट नभए पनि स्वास्नीचाहिँ विरहले मरेको कुरा ठ्यासफूबाट आउँछ ।

मेल र **मिल** वा यसका रूपभेद तथा यिनमा **ह्म** प्रत्यय जोडेर बनेका शब्दबाट नेवारीमा **भाइ**, **कान्छो** र **सानो** भन्ने अर्थ आउँछ भन्ने कुरा यतावाट स्पष्ट भएको छ । यस कारण हान्स योर्ग्‌न्सेन (१९९२) ले **मेल्ह्मको** अर्थ **अर्कोचाहिँ** र कमलप्रकाश मल्ल आदि (२०५७) ले **मिरम्हको** अर्थ **साहिँलो दाजु** र **मेलम्हंको** अर्थ **माहिलो** भनी गरेको प्रामाणिक देखिँदैन ।

११. यस घटनाको साढे १६ महीना नाघेपछि ने.सं. ८२० (वि.सं. १७५७) कार्तिकअमावास्याको दिन राजा भूपालेन्द्र मल्ल परदेशमा परलोक भए । यो खबर २ महीना नाघेपछि मात्र पाई माघशुक्लपञ्चमीको दिन उनको चिनासँगै रानीहरूलाई सती पठाइएकोले (यही ठ्यासफूको ९५ पृष्ठ र *ठ्यासफू बी*को ७ पृष्ठ)[④] उनको काजक्रिया धेरै ढीलो भएको देखिन्छ । काजक्रिया सिद्धिइसकेपछि मात्र नयाँ राजा गद्दी चढ्ने चलन भएकोले[⑤] भैमाले र नुवाकोटेहरू मारिएको १९ महीना बितेपछि मात्र भास्कर मल्ल राजा भएको यताबाट स्पष्ट हुन्छ ।

१२. भास्कर मल्लको जन्म ने.सं. ८१७ (वि.सं. १७५३) कार्तिककृष्णप्रतिपदाउप्रान्त द्वितीयाको दिन भएको हो (यही ठ्यासफूको ८८ पृष्ठ र डिल्लीरमण रेग्मी २०२३ क:१११) । रामजी तेवारी, देवीप्रसाद भण्डारी,

---

④ लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्य २०१२:५-६; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९: २२५-२२७ तथा डिल्लीरमण रेग्मी २०२३:१५७ पनि हेर्नू ।

⑤ काठमाडौँका राजा नृपेन्द्र मल्ल परलोक भएको १४ दिनमा उनका भाइ पार्थिवेन्द्र मल्ल र पार्थिवेन्द्र मल्ल परलोक भएको १३ दिनमा उनका छोरा भूपालेन्द्र मल्ल गद्दीमा राखिएको (यही ठ्यासफूका २५,६२,६४ पृष्ठ) कुरालाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।
धनवज्र वज्राचार्य २०१४:१२-२० पनि हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाटने राजाको चाकरी गऱ्यो भनी मारेको भनी बिन्तिपत्रमा लेखिएकोमा किल्लामा बसिरहेका ३ जनालाई त्यहाँबाट बाहिर ल्याई तिनीहरूको जीउमा सुङ्गुरको पाठो झुण्डाई तिनीहरूलाई राँगो चढाएर शहर घुमाई जात पतित गरेर मात्र नपुगी तिनीहरूलाई कोर्राले हानेको र हूल उठी कुट्दै जाँदा २ जना— भैमालका गोवर्धन र नुवाकोटका शशी उपाध्याय—चाहिँ मरेको भन्ने ठ्यासफूबाट बुझिन्छ। किल्लाबाट बाहिर ल्याइएका भनी यिनीहरूको विषयमा ठ्यासफूमा लेखिएकोले यिनीहरू त्यहीँ थुनिएको हुनुपर्छ। भोलिपल्ट गोवर्धनकी स्वास्नी पनि लोग्नेहरूसँग मरिन् भनी ठ्यासफूमा लेखिएकोले गोवर्धन र शशीलाई कुटी कुटी मारेको भोलिपल्ट गोवर्धनकी स्वास्नी विरहले गर्दा मरेको देखिन्छ। **मिरह्म जुजु** अर्थात् कान्छा राजालाई डाकी मार्न लगाए भनी २ जना सिपाहीलाई मारे भनी यहाँ लेखिएको र यो विषय अलि अस्पष्ट भएकोले यस विषयमा अलि खुलाएर लेख्नुपरेको छ।

काठमाडौँका राजा प्रताप मल्लका कान्छा छोरा[१३] महीपतेन्द्र मल्ल[१४] र भक्तपुरका राजा जगत्प्रकाश मल्लका कान्छा छोरा[१५] उग्र मल्ल यी २ जनालाई **मिरह्म जुजु** अर्थात् **कान्छा राजा** भनी यस ठ्यासफूमा कहीँ कहीँ लेखिएको छ। महीपतेन्द्र मल्ललाई खालि **मिरह्म जुजु**ले मात्र चिनाइएको छ[१६] त उग्र मल्ललाई चिनाउन **मिरह्म जुजु**को अगाडि **खप्वया** अर्थात् **भक्तपुरका** भन्ने पनि विशेषण जोडिएको छ[१७]। यहाँ **मिरह्म जुजु**को अगाडि कुनै विशेषण नलागेकोले यी **मिरह्म जुजु** महीपतेन्द्र मल्ल नै हुन् भन्ने कुरामा शङ्का छैन।

भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:४७) पनि हेर्नू)।

१३. रामजी तेवारी २०२१:१६-१७।

१४. शुद्ध नाउँ **महीपतीन्द्र** भए पनि अलेक्सान्दर फन रोस्पात (२०५७/५८:२१७ मा ६५ सङ्ख्याको टिप्पणी) ले भने जस्तो टकमा सुद्धा **महीपतेन्द्र** छ। संस्कृतज्ञ गौतमवज्र वज्राचार्य (२०२४:३८०-३८२) ले नाउँ सच्याई **महीपतीन्द्र** लेखेका छन्।

१५. रामजी तेवारी २०२१:१६।

१६. यही ठ्यासफूका ५६, ५८, ६०, ६६ पृष्ठ। ५६ पृष्ठमा **मिरह्म** होइन कि **मेरह्म** छ। दुवै एउटै शब्दका उच्चारणभेद मात्र हुन्।

१७. यस ठ्यासफूमा **खप्वया मिरह्म जुजु**को कुरा २ पटक आएको छ। **भक्तपुरका कान्छा राजा ने.सं. ८१८ (वि.सं. १७५४) आश्विनकृष्णत्रयोदशी शुक्रवार यो दिन श्री ३ पशुपतिको पूजा गर्ने वेलामा ठूलो शब्द आयो, [केही] देखिएन, थाहा भएन। भक्तपुरका कान्छा राजा भागेर आए, बुकोमा बसे** (९२ पृष्ठबाट उल्था) भनी पहिलोपटक **र ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लएकादशी मङ्गलवारको दिन पाटन र भक्तपुर मिले, काठमाडौँ एक्लो भए पनि ठिमी जित्न गयो। श्रीश्रीभूपालेन्द्र मल्ल राजा [र] भक्तपुरका कान्छा राजा गएर रातभर बसे, झिसमिसेमै भक्तपुरेहरूले [ठिमी] फिर्ता लिए** (९५ पृष्ठबाट उल्था) भनी दोस्रोपटक तिनको कुरा आएको छ। यस वेला भक्तपुरको गद्दीमा राजा भूपतीन्द्र मल्ल हुनाले झ्वाट्ट हेर्दा उनका भाइलाइ **खप्वया मिरह्म जुजु** भनेको हो कि भन्ने देखिए पनि उनको भाइ भएको कुरा कतैबाट थाहा नभएकोले[⑥] र **भक्तपुरका, काठमाडौँमा शरण आई**

---

⑥ **यहाँ कान्तिपुरमा भागेर आई ठिमीमा हमला गर्न पुग्ने मिरह्म जुजु उग्र मल्ल नै हुन् वा भूपतीन्द्र मल्लका भाइ हुन् अहिले निश्चय गर्न सकिएन** भनी रामजी तेवारी (२०२१ क:४५) ले लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो घटना घट्नुभन्दा झण्डै ११ वर्षअगाडि महीपतेन्द्र मल्ललाई मराउने,[१८] चौतारा लक्ष्मीनारायण जोशी महीपतेन्द्र मल्ललाई मारेको ३ वर्षपछि ने.सं. ८१० (वि.सं. १७४७) भाद्रशुक्लपञ्चमीको दिन आफैँ मारिएकाले[१९] र उनकी मतियार, राजमाता ऋद्धिलक्ष्मीलाई पनि लक्ष्मीनारायण जोशी मारिएको ७ वर्ष नाघेपछि ने.सं. ८१७ (वि.सं. १७५४) आश्विनकृष्णअष्टमीको दिन आफ्नै छोरा राजा भूपालेन्द्र मल्लले बाहिरपाटो लगाएकाले[२०] महीपतेन्द्र मल्ल मारिएदेखि ती २ जना सिपाही मारिएसम्मको यस ११ वर्षको अवधिमा वाग्वतीविष्णुमतीमा धेरै नै पानी बगिसकेको थियो। मारिनुभन्दा २५ महीनाअगाडिदेखि नै राज्यले दण्डनीय ठहऱ्याइएका महीपतेन्द्र मल्लको पक्षका मानिसको हातमा राज्यसत्ता आएपछि मुद्दा उल्टाई ती २ जना सिपाहीहरूलाई मारेको यताबाट देखिन गएको छ।

दाज्यू पार्थिवेन्द्र मल्लकै पालामा थुनामा परिसकेका महीपतेन्द्र मल्ल ने.सं. ८०६ (वि.सं.१७४२) मार्गशुक्लपञ्चमीको दिन बन्धनबाट फुत्की भागेर पाटनमा शरण पर्न गए।[२१] पार्थिवेन्द्र मल्लले आफ्ना भगुवा भाइ महीपतेन्द्र मल्ललाई सुम्पन पाटनका राजा श्रीनिवास मल्लसँग आग्रह गरे पनि उनले हतपती सुम्पेनन्। आफूकहाँ महीपतेन्द्र मल्ल शरण पर्न आएको ६ महीना बितिसकेपछि ने.सं. ८०६ (वि.सं. १७४३) ज्येष्ठकृष्णद्वादशीको दिन तीनै शहरका राजाहरूले काठमाडौँ र पाटनको सिमाना टेकुदोभानमा भेटी महीपतेन्द्र मल्ललाई सुम्पन त सुम्पने, तर उनको जीवरक्षा काठमाडौँमा हुनुपर्ने विषयमा धर्म भाके। धर्म भाकेको भोलिपल्ट कान्तिपुरे भारदारहरू महीपतेन्द्र मल्ललाई लिन पाटन पुगे। काठमाडौँमा महीपतेन्द्र मल्लको जीवरक्षा हुने कुरामा शरण्य श्रीनिवास मल्ल र शरणागत महीपतेन्द्र मल्ल दुवैलाई शङ्का भएकोले शरणागतलाई सुम्पने काम भएन। अनि कान्तिपुरे भारादारहरूले हूल उठाई महीपतेन्द्र मल्ललाई जबरदस्ती काठमाडौँ ल्याउन खोज्दा पाटने प्रजाहरू उठी कान्तिपुरेहरूलाई मारमुङ्ग्री गरी

बसेका उग्र मल्ल कान्छा राजा ने.सं. ८२९ (वि.सं. १७६५) पौषशुक्लनवमीउप्रान्त दशमी शुक्रवार (पौष ११ गते)[⑦] **यो दिन साँझ देउपाटनमा श्री ३ पशुपतिक्षेत्रमा परलोक भए** भनी एउटा ठ्यासफू (गौतमवज्र वज्राचार्य २०२३:३१ बाट उल्था) मा लेखिएकोले भक्तपुरका, ने.सं. ७९३ (वि.सं. १७२९) मा परलोक भएका,[⑧] राजा जगत्प्रकाश मल्लका कान्छा छोरा; ने.सं. ८२९ (वि.सं. १७६५) मा परलोक हुने,[⑨] राजा जितामित्र मल्लका भाइ; राजा भूपतीन्द्र मल्लका काका उग्र मल्ललाई **खप्वया मिरह्म जुजु** शब्दले बुझाएकोमा शङ्का छैन।

१८. यही ठ्यासफूको ६६ पृष्ठ। धनवज्र वज्राचार्य २०१६:१०-१३ पनि हेर्नू।
१९. यही ठ्यासफूको ७९ पृष्ठ। धनवज्र वज्राचार्य २०१६:१७-१८ पनि हेर्नू।
२०. यही ठ्यासफूको ९१ पृष्ठ। रामजी तेवारी २०२१ क:४४-४५ पनि हेर्नू।
२१. यही ठ्यासफूको ५७ पृष्ठ। रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:३२ पनि हेर्नू।

---

⑦ *हाम्रो वक्तव्य* २०२४:३४२।
⑧ भोलानाथ पौडेल २०२१:२०, २०२२:३७; योगेश राज २०५६:७।
⑨ *हाम्रो वक्तव्य* २०२४ क:३४२।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धपाइदिए । यसपछि पाटन एकलै पऱ्यो भनी यही ठ्यासफूमा यस प्रसङ्गमा लेखिएको छ ।[२२] महीपतेन्द्र मल्ललाई काठमाडौं फर्काउनु भक्तपुरको पनि अभीष्ट भएको सङ्केत यताबाट पाइन्छ भनी भनिरहनु नपर्ला ।

धर्म भाकेको साढे ८ महीनापछि ने.सं. ८०७ (वि.सं. १७४३) माघशुक्लएकादशीको दिन श्रीनिवास मल्ल परलोक भए ।[२३] यसपछि आफ्नो पाटनबसाइ त्यति सजिलो नभएकोले होला, ने.सं. ८०७ (वि.सं. १७४४) नष्टाषाढपूर्णिमाको दिन महीपतेन्द्र मल्ल पाटनबाट भागी बेपत्ता भए ।[२४] पछि पशुपतिका पुजारी र ाघवानन्द स्वामीको आश्रयमा पशुपतिमा लुकेर बसिरहेका महीपतेन्द्र मल्ल ने.सं. ८०७ (वि.सं. १७४४) भाद्रशुक्लएकादशीको दिन मारिए ।

भैमाले गोवर्धन र नुवाकोटे शशी उपाध्यायलाई कुटी कुटी मारेको र २ जना सिपाहीलाई मारेको अढाइ महीनापछि **खप्वया मिरह्म जुजु** अर्थात् भक्तपुरका कान्छा राजा उग्र मल्ल काठमाडौँमा शरण पर्न आएका तथा पाटन र भक्तपुर काठमाडौँको विरोधमा मिल्दा भक्तपुरका कान्छा राजा शरण पर्न आएको साढे ३ महीनापछि भक्तपुरको राज्य ठिमीमा काठमाडौँका राजा भूपालेन्द्र मल्ल र भक्तपुरका कान्छा राजाले आक्रमण गरेको प्रमाण पाइएकोले[२५] र पाटने राजाको चाकरी गऱ्यो भनी हाम्रा पुर्खालाई काठमाडौँका राजाले मारे भनी माथि चर्चा गरिएको बिन्तिपत्रमा लेखिएकोले भैमाले र नुवाकोटे बाहुनहरूले[२६] काठमाडौँलाई हानि हुने गरी पाटनलाई फाइदा हुने कुनै काम गरेकाले होला, यिनीहरूलाई ठूलै सजाय दिएको हुनुपर्छ ।

---

२२. यही ठ्यासफूको ६० पृष्ठ । धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:१८८-१९० ।

२३. श्रीनिवास मल्ल परलोक भएको मिति तात्कालिक टिपोटहरूमा ने.सं. ८०७ माघशुक्लएकादशी छ । उनकी एउटी रानीले यस मितिभन्दा १ वर्षअगाडि र अर्की रानीले ७ महीनाअगाडि नै परलोकवासी पतिको मोक्षको लागि धर्मकार्य गरेको प्रमाण पाइएको छ (महेशराज पन्त २०६५:३१५ मा ३ सङ्ख्याको टिप्पणी) । टिपोटहरूमा दिइएको मितिमा यसरी शङ्का उठ्न गए पनि टिपोटहरूमै भएको मितिलाई मानी यहाँ काम चलाइएको छ ।

२४. शङ्करमान राजवंशी २०२०:१९ । डिल्लीरमण रेग्मी २०२३:१४० पनि हेर्नू ।

२५. माथि १७ सङ्ख्याको टिप्पणी हेर्नू ।

२६. भैमालेहरूको नाउँको अगाडि उनीहरूको जात बुझाउने कुनै पद ठ्यासफूमा नजोडिए पनि यिनीहरूलाई सोझै ज्यानसजाय नदिई नुवाकोटे ब्राह्मण शशी उपाध्यायलाई जस्तै सुङ्गुरको पाठो झुण्ड्याई जात पतित गरेकोले यिनीहरू पनि बाहुनै हुन् भनी तर्क गर्न सकिन्छ । अर्को कुरा हरेकको नाउँको पछाडि जातिवाचक पद नजोडी सबभन्दा पुछारमा नाउँ लिइएका, नुवाकोटे शशीको पछाडि आएको **उपाध्या**ले तीनै जनाको जात बुझाएको हो भन्ने तर्क पनि गर्न नसकिने होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महीपतेन्द्र मल्ललाई मार्ने काममा २ जना सिपाहीले मदत पुऱ्याए भनी तिनीहरूलाई मारेको कुरा ठ्यासफूमा जति स्पष्टसँग लेखिएको छ, ती भैमाले र नुवाकोटे बाहुनहरूको हकमा चाहिँ त्यहाँको लेखाइबाट के अपराधमा तिनीहरूले सजाय पाएका हुन् भन्ने कुरा खुल्दैन ।[२७]

माथि हामीले चर्चा गरेको, भास्कर मल्लले ब्राह्मण रामेश्वर जोशीलाई गरिदिएको ताम्रपत्र भैमाले र नुवाकोटे बाहुनहरूलाई मराएको १६ वर्ष नाघेपछिको हो । तिनै रामेश्वर जोशीका सन्तानहरूले त्यस जग्गामा आफ्नो हकदावी गर्ने प्रसङ्गमा ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको दिन भास्कर मल्लसँग जग्गा सट्टापट्टा गर्ने रामेश्वर जोशी र त्यसभन्दा १६ वर्षअघि नै कुटी कुटी मारिएका, भैमालका गोवर्धन र नुवाकोटका शशी उपाध्यायलाई शशिगोवर्धन वा रामेश्वर ठानेकोले जुन सम्पत्तिको आफूले भोग गरिरहेको छ, त्यस सम्पत्तिमा मेरो अधिकार कसरी भयो भन्ने कुरासमेत खयाल नराख्नेहरूले आफ्नो सम्पत्ति जोगाउन अज्ञानवश अनुश्रुति र वास्तव कुराको कसरी घोलमेल गर्छन् भन्ने कुराको नमूना यसमा पाइएको छ ।

माथि चर्चा गरिएको बिन्तिपत्र र बयान दुवैमा वायुदेवताको गूठीको कुरा आएकोले भैमाले र नुवाकोटे वाहुनहरूलाई काठमाडौं राज्यले पुठ दिएर मराए पनि त्यस बेलाका धर्मभीरु शासकहरूले ब्रह्महत्याको पाप पखाल्न वायुदेवताको गूठी राख्नु धेरै सम्भव छ तापनि माथि चर्चा गरिएको, ने.सं. ८३५ को ताम्रपत्रअनुसारको जग्गाको भने वायुदेवताको गूठीसँग कति पनि सम्वन्ध छैन ।

---

२७. ठ्यासफूको यस अंशको उल्था डिल्लीरमण रेग्मी (२०२३:१४१) ले पनि गरेका छन् । उनको र मेरो उल्था एकाध ठाउँमा बाभ्छ । भ्हीनामसीना कुरा नगरे पनि मूलको **मिरह्म जुजु बोङाओ स्यातकर धकाओ ` माहा निह्मं स्याकको** अर्थ अल् दिस् वज् डन् अन् दि अलेजेशन् द्याट् *मिरह्म जुजु* वज् किल्ड्, टू वर्डर्ज् वेर् किल्ड् अर्थात् **यो सबै मिरह्म जुजुलाई मारेको बात लाई गरिएको थियो,** २ जना पहरेदार मारिए भनी उनले गरेका छन् । शब्द-शब्दको अर्थ गर्ने हो भने मैले माथि लेखेकै अर्थ आउँछ, बाहुनहरूलाई कुन दोषमा सजाय गरेको हो भन्ने कुरा खुल्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



यही ठ्यासफूको ९२ पृष्ठको फ्याक्सिमिलि
यस लेखसँग सम्बद्ध अंशको पाठ माथि ६९ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका कृतिको
छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका[२०]

अमरकोष

= *अमरसिंह*मा हेर्नू।

अमरसिंह *अमरकोष*

= वि.सं. २०२६ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र शर्मा गौतमको *अमरकोशः विद्वद्वरामरसिंह-विरचितः* (विद्वान्हरूमा श्रेष्ठ अमरसिंहले बनाएको *अमरकोश*)।

अलेक्सान्दर फन रोस्पात २०५७/५८

= ई.सं. २००१ (वि.सं. २०५७/५८) मा वीस्बादेनबाट फ्रन्त्स श्ताइनरद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च सेन्टरको पत्रिका) १२ अङ्कका १९५-२३५ पृष्ठमा छापिएको, अलेक्सान्दर फन रोस्पातको *अ हिस्टरइकल् ओभर्भ्यू अफ् द रेनोभेशन् अफ् स्वयम्भूचैत्य याट् काठ्मान्डू* (काठमाडौँको स्वयम्भूचैत्यको जीर्णोद्धारको संक्षिप्त वर्णन)।

ए१

= ने.सं. ५०१ (वि.सं. १४३८) भाद्रशुक्लद्वादशीको मिति भएको, नेवारी अर्थसहितको, ताडपत्रमा लेखिएको *अमरकोष*।[२१]
ने.सं. ११०३ (वि.सं. २०३९) मा काठमाडौँबाट पासामुनाद्वारा प्रकाशित, काशीनाथ तमोटको *पुत्रपौत्रादिबोधिनी (अमरकोशया नेपालभाषा टीका, ने.सं. ५०१)* (*पुत्रपौत्रादिबोधिनी* (*अमरकोश*को नेवारी टीका, वि.सं. १४३८))।

ए२

ने.सं. ५०६ (वि.सं. १४४३) चैत्रकृष्णत्रयोदशीको मिति भएको, माणिक्यको नेवारी अर्थसहितको, ताडपत्रमा लेखिएको *अमरकोष*।[२२]

ए२बी

नेपाल भाषा डिक्शन्अरि कमिट्इले ने.सं. ७२० को मानेको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष*।

ए३

ने.सं. ५५० (वि.सं. १४८६) फाल्गुनकृष्णचतुर्दशीको मिति भएको, कह्नदेवको नेवारी अर्थसहितको, ताडपत्रमा लेखिएको *अमरकोष*।[२३]

ए३ए

ने.सं. ६३७ (वि.सं. १५७४) श्रावणशुक्लचतुर्थीको दिन सारिसिद्ध्याइएको, नेवारी अर्थसहितको *अमरकोष*।[२४]

ए४

ने.सं. ५९१ (वि.सं. १५२७) कार्तिकशुक्लत्रयोदशीको घटनाको टिपोट सँगै भएको, नेवारी अर्थसहितको, ताडपत्रमा लेखिएको *अमरकोष*।[२५]

---

२०. **रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका** भनी माथि लेखिए पनि यसको अपवाद नभएको होइन। अज्ञातकर्तृक ग्रन्थको नाउं वर्णक्रमअनुसार यहां राखिएको छ। प्राचीन शैलीका ग्रन्थ यस तालिकामा रचयिताको नाउंअनुसार राखिंदा राखिंदै पनि ग्रन्थनाम-अनुसार पनि यहां राखिएका छन्। प्राचीन संस्कृत ग्रन्थका, यहां नाउं लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:§७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण गरिएको छ।

२१. यस पुस्तकको विषयमा थप कुरा उही २०६३:२-३ मा ४ सङ्ख्याको टिप्पणीमा छ।

२२. यस पुस्तकको विषयमा थप कुरा उही:३-४ मा ५ सङ्ख्याको टिप्पणीमा छ।

२३. यस पुस्तकको विषयमा थप कुरा उही:४-५ मा ७ सङ्ख्याको टिप्पणीमा छ।

२४. यस पुस्तकको विषयमा थप कुरा उही:५-६ मा ८ सङ्ख्याको टिप्पणीमा छ।

२५. यस पुस्तकको विषयमा थप कुरा उही २०६३ क:२४ मा २०० सङ्ख्याको टिप्पणी * * उपटिप्पणीमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ए५

नेःसं. ६६२ (वि.सं. १५९९) आश्विनशुक्लतृतीयाको दिन सारिसिद्धचाइएको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष*।[२६]

ए७

नेःसं. ८०३ (वि.सं. १७४०) ज्येष्ठकृष्णपञ्चमीको दिन सारिसिद्धचाइएको कर्मकाण्डको पुस्तिका पनि सँगै भएको, नेवारी अर्थसहितको, कागतमा लेखिएको *अमरकोष*।[२७]

कमलप्रकाश मल्ल आदि २०५७[२८]

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसा पासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तयार भएको *अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज्*[२९] (लेखोट पुस्तकहरूरूपी आकरबाट[शब्द]सङ्कलन गरिएको, पुरानो नेवारीको कोष)।

काशीनाथ तमोट २०६४

= वि.सं. २०६४ जेठ २४ गते बिहीबारको दिन काठमाडौँबाट प्रदीपमान श्रेष्ठद्वारा प्रकाशित *देशय्मरु भ्याः* ६२६ पूर्णाङ्कका ३ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *सूर्य मल्लं मुकुन्दसेनयात बुकेत कुमारीसमेतयाके वल फ्वंगु अभिलेख* (सूर्य मल्लले मुकुन्द सेनलाई हराउन कुमारीसमेतसँग वल मागेको अभिलेख)।

गौतमवज्र वज्राचार्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कका २२-३९ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको अप्रकाशित *ठ्यासफु (ऐतिहासिक घटनावलि)*।

गौतमवज्र वज्राचार्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ३७२-३८२ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ठ्यासफुको ऐतिहासिक व्याख्या* ।

ठ्यासफू ए

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका १-४६ पृष्ठमा छापिएको *ठ्यासफू* ।

ठ्यासफू बी

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका ४६-५३ पृष्ठमा छापिएको *ठ्यासफू बी*।

ठ्यासफू सी

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका ५३-५६ पृष्ठमा छापिएको *ठ्यासफू सी*। नरहरिनाथ २०१३ मा यो ठ्यासफू सबभन्दा पहिले छापिएको हो।

---

२६. यस पुस्तकको विषयमा थप कुरा उही २०६३:६-७ मा १० सङ्ख्याको टिप्पणीमा छ ।

२७. यस पुस्तकको विषयमा थप कुरा उही:७ मा १२ सङ्ख्याको टिप्पणीमा छ ।

२८. यस कोषमा परेका शब्दको सङ्कलन काशीनाथ तमोट आदि ९ जनाले र यस कोषको सम्पादन कमलप्रकाश मल्लको प्रधानसम्पादकत्वमा तेजरत्न कंसकार आदि ६ जनाले गरेका हुन् भन्ने कुरा यही कोषमा लेखिएको छ ।

२९. **म्यान्युस्क्रिप्ट् सोर्स्इज् अर्थात् लेखोट पुस्तकहरूरूपी आकर** भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल आदि २०५७:भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठचासफू डी

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका ५६-८७ पृष्ठमा छापिएको *ठचासफू डी* । शङ्करमान राजवंशी २०२० मा यो टिपोट सबभन्दा पहिले छापिएको हो।

ठचासफू ई

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका ८७-९९ पृष्ठमा छापिएको *ठचासफू ई*।

ठचासफू एफ्

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका ९९-१०७ पृष्ठमा छापिएको *ठचासफू एफ्*।

ठचासफू जी

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका १०७-११० पृष्ठमा छापिएको *ठचासफू जी*।

ठचासफू एच्

= डिल्लीरमण रेग्मी २०२३ कः २ खण्डका १११-१३५ पृष्ठमा छापिएको *ठचासफू एच्*।

ठचासफू आई

= डिल्लीरमण रेग्मी २०२३ खः३२८-३५९ पृष्ठमा छापिएको *ठचासफू आई*। गौतमवज्र वज्राचार्य २०२३ मा यो ठचासफू सबभन्दा पहिले छापिएको हो।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्तावाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) २ भाग।

डिल्लीरमण रेग्मी २०२३ क

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्तावाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* ३ भाग।

डिल्लीरमण रेग्मी २०२३ ख

= ई.सं. १९६६ (वि.सं. २०२३) मा काठमाडौँवाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* ४ भाग।

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र*।

धनवज्र वज्राचार्य २०१४

= वि.सं. २०१४।२।१२ मा काठमाडौँवाट धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनैको

इतिहास-संशोधन

[८ संख्या]

[४० क्रमागत संख्या]

विक्रमको अठाह्रौं शताब्दीको पूर्वार्धको

कान्तिपुरको इतिहासको एक झलक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौतारा (प्रधान मन्त्री) चिकुटीको विषयमा
एक नयाँ खोज
[आत्म-संशोधन]

धनवज्र वज्राचार्य २०१६

= वि.सं. २०१६।१२।१५ मा काठमाडौँबाट धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनैको

इतिहास-संशोधन
(५० क्रमागत संख्या)
प्राध्यापक तोत्रराज पाँडे तथा श्री पं. नयराज पन्तविरचित
नेपालको संक्षिप्त इतिहासमा परेको अशुद्धिको
संशोधन
चौतारा [प्रधान मन्त्री] लक्ष्मीनारायणको विषयमा नयाँ प्रकाश
लक्ष्मीनारायणले चिकुटिलाई 'आज काजी भोलि पाजी' पारे
पछि आफू पनि त्यस्तै भए

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११

= वि.सं २०११।८।६।१ मा काठमाडौँबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूकै

इतिहास-संशोधन
[४ सङ्ख्या]
प्रो. तोत्रराज पाण्डेय एम्. ए. तथा पं. नयराज पन्त
ज्योतिषाचार्य विरचित नेपालको संक्षिप्त
इतिहासमा रहेका अशुद्धिहरू

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

नयराज पन्त २०२०

= वि.सं. २०२० आश्विन १ गते मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, नयराज पन्तको

विद्या-रक्षा
(१५ संख्या)
भदौमा सोह्रश्राद्ध गरी कार्तिकमा दसैं

---

३०. यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुपरेको कारण

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहास-प्रकाशक-सङ्घद्वारा प्रकाशित *इतिहासप्रकाश* २ अङ्क ३ भागका ५६७-५७० पृष्ठमा छापिएको, नरहरिनाथको *नेपालभक्तपुरनरेशपुरोहितवंशधर धनेश्वरराजोपायध्याय*[१०] *का दैनन्दिनी स्मृतिपुस्तिकामा प्राप्त तिथिमिति*।

भोलानाथ पौडेल २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका २०-२५ पृष्ठमा छापिएको, भोलानाथ पौडेलको *जितामित्र मल्ल* ।

भोलानाथ पौडेल २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका २९-३७ पृष्ठमा छापिएको, भोलानाथ पौडेलको *जगत्प्रकाश मल्ल* ।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२६ पूर्णाङ्कका १२५-१५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रसम्बन्धी वि.सं. १९७४ वैशाख ३० गतेको फैसला*।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका ३१४-३१९ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र मल्लको एउटा र उनकी आमाको एउटा गरी २ वटा लिखतपत्र*।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन* ।

योगेश राज २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ४ वर्ष ५ अङ्कका ३-८ पृष्ठमा छापिएको, योगेश राजको *अहिलेसम्म प्रकाशमा नआएको एउटा ऐतिहासिक घटनावलि*।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका १३-१९ पृष्ठमा छापिएको, रामजी तेवारीको *चौतारा देवीदास अथवा चिकुटि*।

रामजी तेवारी २०२१ क

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका ३७-४६ पृष्ठमा छापिएको, रामजी तेवारीको *भूपालेन्द्र मल्ल*।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्‌द्वारा प्रकाशित *ऐतिहासिक पत्रसंग्रह* २ भाग।

लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्य २०१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

= वि.सं. २०१२ माघपूर्णिमाको दिन काठमाडौँबाट लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन

[२१ संख्या]

पुरातत्त्वका झलमलाउँदा रत्नहरू हराउँदैछन्

अन्धकार बढ्दैछ

बालचन्द्र अन्धकारमा।

शङ्करमान राजवंशी २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार (पुरातत्त्वविभाग) वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *(वि.सं. १७२३ देखि १७४८ तकको) ऐतिहासिक घटनावली*।

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका ३७-४४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *योगनरेन्द्र मल्लका उत्तराधिकारी*।

शङ्करमान राजवंशी २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १७-२४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि पनि चोर्नुभयो* ।

हान्स योर्‌गेन्सेन १९८४/८५

= ई.सं. १९२८ (वि.सं. १९८४/८५) मा लुन्दबाट ई.जे. ब्रिलद्वारा प्रकाशित *आक्ता ओरिअन्तालिआ* (प्राच्यविद्यासम्बन्धी विवरण) ६ भागका २६-९२ पृष्ठमा छापिएको, हान्स योर्‌गेन्सेनको *वेर्सूख् आइनेस् वोर्तेरबूखेस् देर् नेवारी-स्प्राखे* (नेवारी भाषाको कोषको उपक्रम)।

हान्स योर्‌गेन्सेन १९९२

= ई.सं. १९३६ (वि.सं. १९९२) मा कोपन्हेगनबाट लेविन औ मुन्स्क्गोद्वारा प्रकाशित, हान्स योर्‌गेन्सेनको *अ डिक्शन्अरि अफ् द क्ल्यास्इक्ल् नेवारी* (पुरानो नेवारीको कोष)।

हान्स योर्‌गेन्सेन १९९७

= ई.सं. १९४१ (वि.सं. १९९७) मा कोपन्हेगनबाट एनर मुन्स्क्गोद्वारा प्रकाशित, हान्स योर्‌गेन्सेनको *अ ग्रचाम्अर् अफ् द क्ल्यास्इक्ल् नेवारी* (पुरानो नेवारीको व्याकरण)।

हाम्रो वक्तव्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १३ पूर्णाङ्कका ९१-९८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

हाम्रो वक्तव्य २०२४ क

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १५ पूर्णाङ्कका ३३३-३४४ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगन मुसुंबहाल बाह्वर्षे इनारनेर रहेको वि.सं. १८०८ को ज्योतिःप्रकाश मल्लका पालाको अभिलेख

– रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी

[यो लेख साफी रूपमा देवीप्रसाद भण्डारीको हस्ताक्षरमा छ। यो लेख भएको कापी लक्ष्मीपति-नयराज-सङ्ग्रहमा छ। वि.सं. २०१५ मा यस शिलापत्रको रबिङ लिने, पाठ पढ्ने र यसको तिथिमितिको गणना गर्ने काम भएको थियो भन्ने कुरा यही लेखबाट बुझिन्छ। वि.सं. २०२३ मा डिल्लीरमण रेग्मीले यस शिलापत्रको पाठ[1] छपाएका छन् तापनि उनले छपाएका अरू अरू पाठ जस्तै त्यो पाठ पनि त्यति भरपर्दो छैन। राष्ट्रिय अभिलेखालयमा रहेको रबिङको आधारमा पछि वि.सं. २०२७ मा यस शिलापत्रको अंश राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची* (१६३ पृष्ठ)मा छापियो। त्यस शिलापत्रको वि.सं. २०१५ मा लिइएको रबिङ र त्यसै वेला गरिएको गणनासहित त्यो पाठ यहाँ प्रकाश गरिएको छ। रबिङसँग दाँजी कहीँ कहीँ पाठमा संशोधन गरिएको छ।]

१. ॐ श्रातु सम्वत् ८७२ फाल्गुणमास्य कृष्णपच्छे द्वीतियातिथौ हस्तनक्षतरे ॱ
२. गंधजोगे जथाकर्ण्णमुहतले ॱ बृहस्पतिवालसले ॱ कुम्भरासिगथे सवित
३. रि कंर्ण्णरासिगथे चन्दमसि ॱ मैतिबोधिसत्व जिर्ण्णउधार याङा वंदे श्री
४. आदिनाथं ॱ प्रवरगुणणिधि ॱ ज्ञानदं शोभवंतं ॱ नानारश्मीकृतश्च ॱ
५. तिदशदशदिदेवा तितीस ॱ कोति ॱ विभवगण ॱ सभा धर्म्मचक्रपवत्त
६. नानाव्याधिच्छ्य कुर्य्यात् ॱ सत्वसकलगणा मुक्षमार्गो भव त्तं ॱ स्वस्ति महा
७. राजाधिराजराजेन्द्रश्रीश्रीजयप्रकासमरदेवअत्मज श्रीश्रीजोतिप्र
८. कासमलदेवप्रभुठाकुस्य विजराज्ये ॱ दानपति मणिसंगमहा ॱ
९. विहारावस्थित ॱ वज्राचार्ज धर्म्मदेओ ॱ धनमुनिदेओ ॱ जयलछिमि
१०. – गु त्रिछेया धसि भारो गुथिजन ॱ हरिसंखर भारो ॱ महजन मि ॱ
११. -- रां ॱ परिरां ॱ तओधिक ॱ ज्ञादेओ ॱ त्वारसमुचयन जिर्ण्णउ –
१२. ----- सिनजिर च ॱ पुर्व्व कुसलमुरदायक कुरस –
१३. ---------- ओर स ॱ ङाओ र सात्वार – गुसच ॱ जु –
१४. ------------ जता ---------

वि.सं. २०१५ आषाढ १३ गते शुक्रवारका दिनमा श्रीरामजी तेवारीको प्रेरणाले तीनै जना (रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशीहरू) गई यो अभिलेख ल्याएका हुन्।

---

१. ई.सं. १९६६ (वि.सं. २०२३) मा काठमाडौँबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ४ भागका ३०३-३०४ पृष्ठ = १४६ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८७२ (वि.सं. १८०८ शाके १६७३) फाल्गुनकृष्णद्वितीया तिथि, हस्तनक्षत्र, गण्डयोग, बृहस्पतिवारका दिनको पञ्चाङ्गगणना

गतमास = ११	वर्ष	तिथि	वार	चन्द्रकेन्द्र	रविकेन्द्र	नक्षत्र
गततिथि = १७	१८००	२५	३। ५।१४	५। ८.५	११।२८.४	२२।३००.९
	८	२८	२।३३।३४	०। १०.१	११।२९.५	२५।१२९.८
११x३०+१७	१८०८	२३	५।३८।४८	५।१८.६	११।२७.९	२०।४३०.७
=३३०+१७ = ३४७	०	२४	४। ११२७	६।१०.४	९।१४.५	२१।६३४.९
	१८०८	१७	२।४०।१५	११।२९.०	९।१२.४	१५।२६५.६
३४७-१७ = ३३०		३३०	२।५०।११	९।१४.०	१०।२०.२	२४। ९.६
		३४७	५।३०।२६	९।१३.०	८। २.६	१२।२७५.२

२९३.८ चन्द्रमन्दफ.ऋ.		८। २।३६।० र.के.	५।३०।२६ मध्यमवारा.
१X.६ = .६।११५.४+.६		१५६।० मं.फ.	-१४।५५ ति. पराख्य
=११६.० रविमन्दफ.ध.		८। ४।३२।०	५।१५।३१ मन्दस्पष्ट
७७५ चं. ग.	२९३.८ चं.फ.ऋ.	२।१८। ०।० सू.उ.	+०।१५ त्रिफल.
६० र. ग.	११६.० र.फ.ध.	१०।२२।३२।०	५।१५।४६ स्पष्टवार
७१५ गत्यन्तर	१७७.८x६०	२०।२९।० अयनांश	द्वितीयासमाप्तिकाल
८३५ गतियो.	७१५)१०६६८(१४.९२	११।१३। १।० सायनसूर्य	१०।२२।३२। ०
१८०८	७१५ १४।५५.२	५.७ च.फ.ऋ.	- ।३५ चर
-१३५	३५१८	x ६.२ पलभा	१०।२२।३१।२५ स्पष्टसूर्य
१६७३ शाके	२८६० तिथिपराख्य	११४	
-४४४	६५८०	३४२	
६०)१२२९(२०	६४३५ ऋण	३५.३४ च.र.ऋ.	
१२००	१४५०	१८. २ भुजफ.ऋ.	
२९	१४३०	५३.५४ फ.द्व.ऋ.	
	२०	११९ देशान्तर ध	
२०२९ अयनांश		०।१५.४८	
		०।१५ त्रिफलसंस्कार घटचादि धन	

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नक्षत्रगणना

१२।२७५.२ नक्षत्रध्रुव

८००

२७५.२ भुक्तकला ऋण

५२४.८ भोग्यकला धन

-२९३.८ चन्द्रमन्दफल ऋ.

२३१.०X६०

७७५)१३८६०(१७.८८

७७५ १७५२.८

६११० १७५३

५४२५

६८५०

६२०० नक्षत्रपराख्य धन

६५००

६२००

५।३०।२६ मध्यमवारादि

+१७।५३ नक्षत्रपराख्य

५।४८।१९ मन्दस्पष्टवारादि

+.।१५ त्रिफलसंस्कार

५।४८।३४ स्पष्टवारादि

हस्तनक्षत्रसमाप्तिकाल

योगगणना

नक्षत्रधु. १२।२७५.२X२

२४।५५०.४

तिथि १९२००.

१७X७२० १९७५०.४ नक्षत्रकला

= ५०४० -१२२४० तिथिकला

७२० ८००)७५१०.४(९।३१०.४ योगध्रुव

१२२४० ७२००

३१०.४

५।३०।२६ मध्यमवारादि

+५।४४ योगपराख्य ध.

५।३६।१० मन्दस्पष्टवारादि

+ ०।१५ त्रिफलसंस्कार

५।३६।२५ स्पष्टवारादि

गण्डयोगसमाप्तिकाल

८००

३१०.४

४८९.६ योगकलादि धन

-११६. रविमन्दफल धन

३७३.६

+२९३.८ चन्द्रमन्दफल ऋण

७९.८X६०

४७८८

८३५)४७८८(५.७३

४१७५

६१३० ५।४३.८

५८४५ ५।४४

२८५०

२५०४ योगपराख्य धन

३४५

विक्रमसंवत् १८०८ शाके १६७३ ने.सं. ८७२ फाल्गुनकृष्णपक्ष

तिथि	वार	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला	सूर्य
२	बृ.	१५ ४६	हस्त	४८ ३४	गण्ड	३६ २५	१०।२२।३१।२५

२०१५ आषाढ १३।१४ गते शुक्र, शनैश्चरवार दिनभर वसी यो गणना गरेको हो। गणना गर्नेहरू – रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(*पूर्णिमा* १२५ पूर्णाङ्कको ४७ पृष्ठपछि)

लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची

– महेशराज पन्त

३८. वि.सं. १८५१

७.५ अङ्गुल लम्बा, ६ अङ्गुल चौडा नेपाली पाको कागजमा दुवैतिर कालो र रातो मसीले लेखेको । पत्र पत्र सिएको । जम्मा १६ पत्र । पहिलो पत्रमा भने केही पनि नलेखेको । ठाउँठाउँमा कीराले खाएको । श्रावणशुक्लभन्दा पछाडिका पत्रका छेउछेउका अक्षर कीराले खाएर नष्ट भएको ।

चैत्रशुक्लपक्ष भएको पत्रको फ्याक्सिमिलि


श्रीशाके १७१६ श्रीसम्वत १८५१

ज्येष्ठकृष्णापक्ष भएको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३९. वि.सं. १८५१

६.७ अङ्गुल लम्बा, ५.७ अङ्गुल चौडा नेपाली पाको कागजमा हरिताल लाई दुवैतिर कालो र रातो मसीले लेखेको । पत्रको नापो एकनास नभएको । पत्र पत्र सिएको । जम्मा १४ पत्र ।



चैत्रशुक्ल र वैशाखकृष्ण पक्ष भएका पत्रको पयाक्सिमिल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४०. वि.सं. १८५२[1]

७.६ अङ्गुल लम्बा, ६.९ अङ्गुल चौडा नेपाली पाको कागजमा दुवैतिर कालो र रातो मसीले लेखेको। पत्र पत्र सिएको। जम्मा १२ पत्र। ठाउँठाउँमा कीराले खाएको। ज्येष्ठकृष्णभन्दा अगाडिको पत्र हराएर गएको।

अधिकभाद्रशुक्लपक्ष भएको पत्रको फ्याक्सिमिलि



१. यो खण्डित पात्रो पल्टाउँदा वि.सं. १८५२ को पात्रो यो हो भन्ने कुरा खुल्दैन। अघिबाट यस पात्रोमा देवीप्रसाद भण्डारीको हस्ताक्षरमा वि.सं. १७६३ लेखी पछि त्यो केरी फेरि वि.सं. १८५२ लेखिएको छ। नयराज पन्त (वि.सं. १९७०-२०५९)को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अधिकभाद्रकृष्णपक्ष भएको पत्रको फ्याक्सिमिलि



निर्देशनमा रामजी तेवारी (वि.सं. १९७३-२०४०), देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६) र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)ले गणना गर्दा यो पात्रो वि.सं. १८५२ को हो भनी ठहर गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४१. वि.सं. १८५३

७.७ अङ्गुल लम्बा, ७.१ अङ्गुल चौडा नेपाली पाको कागजमा हरिताल लाई दुवैतिर कालो र रातो मसीले लेखेको । पत्र पत्र सिएको । जम्मा १४ पत्र । ठाउँठाउँमा कीराले खाएको ।

उठानको पत्रको फ्याक्सिमिलि



CC-0. Nepal Sanskrit Academy, Kathmandu

उनन्तीसौँ वर्षको आम्दानीखर्चको विवरण

आम्दानी	५४८१३।७२
साझाप्रकाशनमार्फत *पूर्णिमा* बिक्री हुँदा	१४१७।५०
संशोधन-मण्डलमार्फत बिक्री हुँदा	
*अभिलेख-संग्रह*बाट	२००।-
*इतिहास-संशोधन*बाट	३५०।-
*इतिहास-संशोधनहरूको अभिन्दनग्रन्थ*बाट	५।-
*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या*बाट	१५।-
*नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य*बाट	५।-
*पूर्णिमा*बाट	९७०६।-
*श्री ३ महाराज पद्मशमशेरको कुरा*बाट	१२।-
दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	२००।-
मुद्दती खाताको ब्याज	१०९४२।१३
बचत खाताको ब्याज	६६५।१३
पोहोरको बाँकी (*पूर्णिमा*को १२४ पूर्णाङ्कको ७८ पृष्ठमा प्रकाशित)	३१२९५।९६
खर्च	६०९१६।-
पूर्णिमा ११३ पूर्णाङ्कमा	१३२५२।-
पूर्णिमा ११४ पूर्णाङ्कमा	१३२१९।-
पूर्णिमा ११५ पूर्णाङ्कमा	१३२१९।-
पूर्णिमा ११६ पूर्णाङ्कमा	१३२७५।-
सहायकलाई हरेक महीना रु. २४००।- को दरले ३ महीनाको	७२००।-
*पूर्णिमा*का नभएका अङ्कको फोटोकपी – बिक्रीको लागि	१६५।-
अरू	५८६।-
नपुग (दिनेशराज पन्तसँग सापटी)	६१०२।२८

मुद्दतीमा रु. ७८२०००।- (*पूर्णिमा* १२४ पूर्णाङ्कको ७८ पृष्ठमा प्रकाशित)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीसौँ वर्षको आम्दानीखर्चको विवरण

आम्दानी	२२९०९१।३३
श्री ५को सरकार शिक्षा तथा खेलकूदमन्त्रालयबाट २ वर्ष अर्थात् आ. व. २०६१/६२ र २०६२/६३ मा आएको (श्री ५को सरकार मन्त्रिपरिषत्सचिवालयको २०५७।७।२४ को निर्णयअनुसार संशोधन-मण्डललाई बर्सेनि रु. १ लाख दिइरहेकोमा आ.व. २०६१/६२ मा शिक्षा तथा खेलकूदमन्त्रालयबाट रु. ५० हजार मात्र आएकोले रु. ५० हजार आउन बाँकी)	१५००००।-
मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले २ पटक गरी पाएको अर्थसहायता	२०००।-
संशोधन-मण्डलमार्फत बिक्री हुँदा	
अभिलेख-संग्रहबाट	२००।-
इतिहास-संशोधनबाट	३५०।-
इतिहास-संशोधनहरूको अभिन्दनग्रन्थबाट	३।७५
कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्याबाट	९०।-
नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यबाट	७०।२५
पञ्चाङ्ग-संशोधनबाट	१२०।-
पूर्णिमाबाट	२९४२९।२५
रत्नदीपबाट	४।३७
विद्या-रक्षाबाट	२५०।-
वृत्तशतकबाट	५।२५
व्याकरण-संशोधनबाट	१७५।-
श्री ३ महाराज पद्मशमशेरको कुराबाट	१४७।-
सावधान-पत्रबाट	१००।-
दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	८५०।-
मुद्दती खाताको ब्याज	४४६२६।४३
बचत खाताको ब्याज	६७०।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खर्च ११३६०८।२०

पूर्णिमा ११७ पूर्णाङ्कमा	१३३०७।-
पूर्णिमा ११८ पूर्णाङ्कमा	१४१८८।-
पूर्णिमा ११९ पूर्णाङ्कमा	१४७५२।-
पूर्णिमा १२० पूर्णाङ्कमा	१४३७१।-
सहायकलाई हरेक महीना रु. २४००।- को दरले १३ महीनाको	३१२००।-
सहायकलाई हरेक महीना रु. २७००।- को दरले ५ महीनाको	१३५००।-
*अभिलेख-संग्रह, इतिहास-संशोधन, पञ्चाङ्ग-संशोधन, पूर्णिमा, विद्या-रक्षा, व्याकरण-संशोधन*का नभएका अङ्कको फोटोकपी – बिक्रीको लागि	७७१५।-
संशोधन-मण्डलको संग्रहमा रहेका अभिलेखहरूका छापाको संरक्षणको लागि कागत आदि	१५३८।२०
अरू	३०३७।-
बाँकी	११५४८३।१३
दिनेशराज पन्तसँग पोहर लिएको सापट तिरेको	६१०२।२८
बाँकी	१०९३८०।८५

मुद्दतीमा रु. ७८२०००।- (*पूर्णिमा*को यही पूर्णाङ्कको ९२ पृष्ठमा छापिएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६६ वैशाख

यस अङ्कको मूल्य रु. १२५।-

मुद्रक

लुष प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – lusha@wlink.com.np